अभिलेख
ABHILEKHA

२८



राष्ट्रिय अभिलेखालय

२०६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष २८ २०६७ पूर्णाङ्क २८

प्रधान सम्पादक
भीमप्रसाद नेपाल

सम्पादक
प्रकाश दर्नाल
जगन्नाथ उपाध्याय
सुभद्रा भट्टराइ

अभिलेख मानवले शदियौंदेखि सांस्कृतिक कार्यकलाप र राज्यसञ्चालनका सन्दर्भमा उत्पादन भएको लिपिवद्ध ज्ञानराशि हो । यसले तत्कालीन समाजको ऐतिहासिक, सांस्कृतिक र मानवीय सभ्यता एवं शासनव्यवस्थामाथि प्रकाश पार्छ। विगतको अभिलेखात्मक अनुभव वर्तमानमा शासनसञ्चालनका लागि जति आवश्यक पर्छ त्यति नै इतिहास र संस्कृतिको जानकारी गर्नका लागि पनि आधिकारिक स्रोत हुन्छ। यसले भोलिका राज्यसञ्चालक र अनुसन्धानकर्ताहरूलाई सूचना र प्रमाणको काम पनि गर्छ । हाम्रा अग्रजहरूका ज्ञान, सीप र अनुभवले परिपूर्ण धर्म, संस्कृति, रीतिरिवाज, स्वास्थ, शिक्षा आदि विषयमा आधारित र राज्यसञ्चालनसँग सम्वन्धित सन्धि–सम्झौता, परराष्ट्र सम्वन्ध, आर्थिक, भूमि र न्यायव्यवस्था सम्पादनका सन्दर्भमा सिर्जना भएका अभिलेखको संरक्षण गरी आज अध्ययनकर्ताहरूको अधिलेखसम्मको पहुँच सुनिश्चित गर्नु र भविष्यका सन्ततिहरूका लागि जस्ताको तस्तै हस्तान्तरण गर्नु हाम्रो कर्तव्य र दायित्व हो। अभिलेख संरक्षणका पोका पारेर सुरक्षित भण्डारण गर्ने परम्परागत तरिकाका अतिरिक्त विद्युतीय साधनका माध्यमबाट माइक्रोफिल्म गरेर एवं डिजिटलफोटो खिचेर पनि सूक्ष्म रूपमा अभिलेखलाई व्यवस्थित र संरक्षण गरी राख्न र आवश्यकता अनुसार अध्ययन अवलोकन गर्न एवं प्रतिलिपि बनाउन सकिन्छ। सीमित स्रोत र साधनले भ्याएसम्म सजग र सचेतता पूर्वक अभिलेखालय संरक्षण तथा सेवा/सूचनाप्रवाह गर्ने कार्यहरूमा निरन्तर रूपमा क्रियाशील रहँदै आएको छ। अभिलेखको उद्देश्य र भावना अनुरूप विगतका अङ्कहरूमा जस्तै अभिलेखालयमा संग्रहित सामाग्री र अनुसन्धानमूलक लेख रचनालाई समावेश गरी अभिलेखको यो २८ औं अङ्क प्रकाशन गरिएको छ। यसबाट इतिहास, संस्कृति र अभिलेखविज्ञानका अनुसन्धाताहरूलाई उपयोगी सामग्री प्राप्तहुने र यस विषयमा रूचिराख्ने अन्य अध्ययनकर्ताहरूलाई पनि यस सम्वन्धी जानकारी लिन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्रकाशनका लागि आफ्ना लेख–रचना दिइ सहयोग गर्नुहुने विज्ञ महानुभावहरू तथा यस कार्यमा सहयोग पुयाउने कार्यालयका सहकर्मी मित्रह प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु। अन्त्यमा यसलाई अझ गुणस्तरीय, जानकारीमूलक र व्यवहारोपयोगी बनाउन शुभेच्छुक वर्गबाट पाउने रचनात्मक सुझावको अपेक्षा गर्दछु।

भीमप्रसाद नेपाल

मितिः २०६७ आश्विन

प्रमुख

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक	:	राष्ट्रिय अभिलेखालय
		फोन न : ४२६४३५३
प्रकाशन मिति	:	२०६७ साल आश्विन
प्रकाशक प्रति	:	५००
मुल्य रू	:	२५/-
मुद्रक	:	कोशी पिन्टिङ प्रेस, बबरमहल, काठमाण्डौ
फोन न	:	४२२५६९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

राष्ट्रिय अभिलेखालयबाट वि.सं. २०४० देखि वार्षिक रुपमा निरन्तर प्रकाशन हुँदै आएको अभिलेख पत्रिकाको नेपाली अनुसन्धानको क्षेत्रमा विशेष महत्त्व छ । यसमा प्रकाशित अनुसन्धानमूलक लेख रचनाहरूले हाम्रो इतिहास र संस्कृतिका अदृष्य पाटाहरूलाई सदैव उजागर गर्ने प्रयत्न गरेका छन् । अनुसन्धानमूलक मौलिक लेखहरू प्रकाशन हुने भएकाले पाठकहरूले पुराना प्रतिहरू पनि माग गर्ने गरेको अनुभव हामीसँग छ । विभिन्न विद्वान्हरूका महत्त्वपूर्ण खोजमूलक लेख रचना प्रकाशित भएको आठ अंकको सान्दर्भिकता आज पनि उत्तिकै छ । अभिलेख पत्रिका अंक २८ को माग व्यापक भएको तर यस प्रकाशनका सम्पूर्ण प्रतिहरू समाप्त भएको हुँदा पाठक वर्गको आवश्यकतालाई मध्यनजर गरी यसलाई पुनर्मुद्रण गरी पाठक समक्ष ल्याएका छौं । आशा छ, यसको पुनः प्रकाशनले अनुसन्धान क्षेत्रमा लाग्ने समस्त खोजकर्ताहरूको ज्ञानको क्षितिजलाई अझ फराकिलो बनाउने छ ।

अन्त्यमा, यस पुनः प्रकाशन कार्यमा सहयोग गर्नुहुने समस्त व्यक्तिहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठसंख्या

पूर्वी नेपालका केही महत्वपूर्ण अभिलेखहरू

- डा. सोमप्रसाद खतिवडा..........

पेटिया खर्च: कर्मचारी परिवारको भरणपोषण सन्दर्भ

- डा. भवेश्वर पंगेनी.... ....

राष्ट्रिय अभिलेखालयमा संग्रहित पद्मसंभवका जीवनी ग्रन्थहरू

- पुण्यप्रसाद पराजुली........

कुमारीचोकका रेकर्डहरू: एक विश्लेषण

- सुभद्रा भट्टराई..................

लिच्छवि लिपिको ताडपत्रग्रन्थ योगयाज्ञवल्क्य : एक चर्चा

- जगन्नाथ उपाध्याय..

आधाआधा ब्यहोरा लेखी राखिएका वटु चिधंबाहाल र इटुंबाहालका शिलापत्रहरू

- सिद्धिरत्न शाक्यभिक्षु.

SWARBICA EXECUTIVE COMMITTEE MEETING
AND WORKSHOP ON ELECTRONIC RECORD MANAGEMENT, 2010

- Bhim prasad Nepal

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

आर्थिक वर्ष २०६६/६७ को वार्षिक गतिविधि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वी नेपालका केही महत्वपूर्ण अभिलेखहरू

-डा. सोमप्रसाद खतिवडा*

परिचय

अभिलेखहरू त्यस्ता स्थानमा ज्यादा पाइन्छन्, जहाँको इतिहास लामो हुन्छ र तात्कालिक संस्कृति सम्पन्न रहेको पाइन्छ। नेपालको काठमाडौं उपत्यकामा पुराना अभिलेखहरू प्रशस्त मात्रामा पाइनुको प्रमुख कारण पनि यही नै हो । यसको मतलव नेपालको काठमाडौं उपत्यकामात्र लामो इतिहास बोकेको स्थान भने होइन । नेपालका उपत्यका बाहिर पनि त्यस्ता कैयौं स्थानहरू छन्, जहाँ प्रागऐतिहासिक कालदेखि नै मानवको बसोवास भएको थियो । तर उपत्यका बाहिर भने उपत्यकाको सरह एकै स्थानमा लामो समयसम्म निरन्तर रूपमा बस्ति बसिरहन सकेन । यसले गर्दा उपत्यकाको बाहिर उपत्यकाको तुलनामा अभिलेखहरू कम मात्रामा पाइने गरेका हुन् ।

पूर्वी नेपालको कोशी प्रदेशमा प्रागैतिहाशिक कालदेखि नै मानव बसोवास भएका प्रमाणहरू पाइएका छन् ।[1] त्यसपछि पनि प्राचीन कालदेखि नै यस प्रदेशमा शासन व्यवस्थाको सुरुवात भएकाले यहाँ निरन्तर रूपमा मानवको बसोवास रहिरह्यो । तत्कालको राजनैतिक क्षेत्र र सीमाना भने अहिलेको भन्दा पृथक थियो । वर्तमानको कोशी प्रदेशमा कहिले मिथिलातिर का विदेहहरूले त कहिले बंगालतिरका विभिन्न वंशका शासकहरूले शासन गरे । तसर्थ, तत्काल मिथिला, बंग, मत्स्य आदि देशको अधीनमा परेको कोशी प्रदेशमा एकै स्थानमा मानवको बसोवास निरन्तर रूपमा रहिरहन सकेन। कतै वस्ति विस्तार हुने र यो प्रदेश पुन अर्काको अधीनमा परेको खण्डमा उक्त वस्ति विलोप भएर जाने क्रम निरन्तर रूपमा चलेर गयो । यस्तो अवस्थामा एकै ठाउँमा लामो समयसम्म वस्ति बद्ने र मानव संस्कृतिको विकास हुने अवस्था आएको पाइँदैन । यसरी कुनै ठाउँमा अभिलेखहरू पनि प्रचुर मात्रामा पाउन नसकिएको हो।

पूर्वी नेपालको कोकामुख वराहक्षेत्र इशापूर्व कालदेखि नै पवित्र तीर्थका रूपमा परिचित र प्रख्यात थियो । तसर्थ त्यस भेगमा प्रशस्त मात्रामा अभिलेखहरू पाइनुपर्ने हो । तर बाढी, पहिरो र भूकम्पका कारण उक्त स्थान बेलाबेलामा ध्वस्त हुने र त्यसको पुनर्निर्माण पनि हुने गरेकाले उक्त स्थानमा ज्यादा पुराना अभिलेखहरू पाउन सकिएको छैन । उक्त स्थानमा पाइएको पहिलो अभिलेख रणबहादुर शाहको पालाको वि.सं. १८४३ सालको अभिलेख हो ।[2] उक्त अभिलेखमा काठमाडौं उपत्यकाका कालिगढबाट वराहक्षेत्रको मन्दिर निर्माण गराएको चर्चा छ। तर वराहक्षेत्रका बारेमा चर्चा गर्ने यो पहिलो अभिलेख भने होइन। यसभन्दा धेरै अगाडिका वराहक्षेत्रका बारेमा चर्चा गर्ने दुईवटा ताम्रपत्र अभिलेखहरू पाइएका छन् । वि.सं. ५३३ तिरको ऋभुपालनामक व्यक्तिको र वि.सं. ६०० तिरको अमृतदेवनामक व्यक्तिका यी ताम्रपत्र अभिलेखहरू बंगालको दामोदरपुर क्षेत्रमा पाइएका थिए । यिनीहरूमध्ये एकमा हिमालयतिरका कोकामुखस्वामी र श्वेतवराह स्वामीलाई[3] र अर्कोमा जंगलमा रहेका तिनै स्वामीहरूलाई गुठी राखिदिएको

---

*सहप्राध्यापक, संस्कृति स्नातकोत्तर क्याम्पस, विराटनगर।

१ सोमप्रसाद खतिवडा, वराहक्षेत्रको सांस्कृतिक सम्पदा, (चतरा: राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान, २०६६), पृ. ४२८ ।

२. धनवज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ (सं.), शाहकालका अभिलेख, (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३७), पृ. ६६३-६५ ।

३. D.C. Sircar, **Select Inscriptions Bearing on Indian History and Civilization vol.1**, -(Calcutta: University of Calcutta, 1965, P.336-339.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चर्चा गरिएको पाइन्छ ।[४] यिनीहरूमध्ये प्रथमले कोकाकोशी संगमको वराहक्षेत्र र दोस्रोले ऋभुपालद्वारा दिनाजपुर क्षेत्रमा स्थापना गरेका स्वामीहरूको संकेत गरेका छन् ।[५] यसरी वराहक्षेत्रका बारेमा भने प्राचीन कालदेखि नै अभिलेखहरू राख्न लागिएको देखिन्छ।

पूर्वी नेपालमा प्राप्त अत्यधिकजसो अभिलेखहरू प्रकाशित भइसकेका छन् । तर यस भेगको सूक्ष्म अध्ययन गरेको खण्डमा अझ पनि केही छोटा प्रकृतिका तर निकै महत्वपूर्ण अभिलेखहरू पाउन सकिने देखिन्छ। तलका हरफहरूमा यस भेगमा प्राप्त भएका तर हालसम्म प्रकाशमा आएका र केही प्रकाशमा नआएका अभिलेखहरूको चर्चा गरिएको छ।

अभिलेखहरू

१) दामोदरपुर ताम्रपत्र अभिलेखः

कोकाकोशी संगमको वराहक्षेत्रका बारेमा चर्चा गरिएको सबैभन्दा पुरानो अभिलेख बंगालका शासक बुधगुप्त (इ. सं ४७६-९४) को समयको ऋभुपाल नामक एकजना व्यापारीले राखेको ताम्रपत्र अभिलेख हो । हाल बंगलादेशको दिनाजपुर जिल्ला अन्तर्गत पर्ने दामोदरपुरमा पाइएको उक्त अभिलेखको व्याख्याविश्लेषण आर. जी. बसाक र डी. सी. सरकारले गरेको देखिन्छ। संस्कृत भाषा र पछिल्लो कालको ब्राह्मी लिपिमा यो अभिलेख लेखिएको छ।

ऋभुपालको ताम्रपत्र अभिलेख नै वराक्षेत्रका बारेमा चर्चा गर्ने हालसम्म प्राप्त सबैभन्दा पुरानो अभिलेख्य सामाग्री हो । यस अघिका मान्न सकिने वराहक्षेत्रका बारेमा चर्चा गर्ने अन्य अभिलेखहरू हालसम्म पाउन सकिएका छैनन्। महाभारत कालदेखि नै प्रख्यात यस तीर्थका बारेमा नेपालभित्र भने यति पुरानाअभिलेखहरूकतैपनिप्राप्तछैनन्। यसकोमतलव वराहक्षेत्रमा अभिलेख नै राखिएका थिएनन् भन्नेचाहिं हुँदैन। यहाँराखिएकाअभिलेखहरूपहिरोरकालकमले गर्दा नासिएका र हाल प्राप्त हुन नसकेका हुन् ।

वराहक्षेत्रसम्बन्धी विवरण उल्लेख गरिएको दामोदरपुर ताम्रपत्र अभिलेखमा ऋभूपालनामक व्यापारीले हिमवत्शिखरका कोकामुखस्वामी र श्वेतवराहस्वामीलाई जमिन गुठी राखिदिएको चर्चा छ ।[६] तर उक्त गुठीको जमिन नेपालको वराहक्षेत्रभन्दा निकै टाढा दामोदरपुर क्षेत्रमा पर्ने भएबाट सालिन्दा त्यसको आम्दानी यस स्थानसम्म ल्याउन संभव थिएन । तसर्थ ऋभुपालले कोटिवर्ष विषयतिर नै यहाँका स्वामीको प्रतिरूप स्थापना गरी उक्त गुठीको आम्दानी त्यतै दिन थालेको विवरण उक्त अभिलेखमा परेको देखिन्छ

वराहक्षेत्रमा हाल माथि उल्लेख गरिए सरहका अलग्गै कोकामुखस्वामी र श्वेतवराहस्वामीको अस्तित्व रहेको पाइँदैन । त्यहाँको मुख्य मन्दिरभित्र सामान्य शिलाफलकमा खोपिएको वराहविष्णुको स्वरूपमा मात्र पूजाआजा हुने गरेको छ । तसर्थ प्राचीन अभिलेखहरूमा वर्णित कोकामुखस्वामी र श्वेतवराहस्वामी कुनकुन देवता दिए भन्ने कुरा खोजकै विषय बनेको छ। उक्त अभिलेखका आधारमा तत्काल वराहक्षेत्रमा यी दुई देवताका प्रख्यात २ वटा अलगअलग मूर्ति र मन्दिरहरूसमेत रहेका थिए । कालान्तरमा बेलाबेलामा आएका भूकम्प र पहिरोका कारण यी दुवै मन्दिरहरू भत्किए र मूर्तिहरू हराए या नासिए र वराहविष्णुको नयाँ स्वरूपको मूर्ति निर्माण गरी वराहक्षेत्रमा राखिएको हो । साथै वराहक्षेत्रको गुरुवराहको मन्दिरभित्र रहेको विशालकाय वराहविष्णुको मूर्ति र लक्ष्मी मन्दिरभित्रको त्यस्तै स्वरूपको तर सानो मूर्तिलाई तत्काल ऋभुपालले चर्चा गरेका दुईवटा स्वामीका मूर्ति हुन् भन्ने कुरा मानिएको छ।[७] यसैगरी तत्काल वराहक्षेत्रका स्वामीका प्रतिरूप बंगालतिर निर्माण गरी गुठीको आम्दानी त्यतै

४. Ibid, P. 347-350
५. D.C. Sircar, **Studies in the Geography of Ancient and Medieval India 2nd ed.** (New Delhi: Motilal Bairashi Das, 1971), P. 271.
६. Sircar, op. cit no. 3.
७. खतिवडा, प र्ववत् नं. पृ.११९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन लागिएकाले भारतीय शैलीका मर्तिहरू नेपालमा बनाउने मात्र नभएर नेपालमा प्रचलित कलाशैली पनि भारततिर नक्कल गर्ने चलन रहेको समेत बुझ्न सकिन्छ।[८]

२) दामोदरपुर ताम्रपत्र अभिलेख (२)

पूर्वी भारतको दामोदरपुर क्षेत्रमा नै पाइएको अर्को एक ताम्रपत्र अभिलेखमा पनि कोकामुखस्वामी र श्वेतवराहस्वामीका लागि गुठी जमिन राखिदिएको देखिन्छ।[९] अमृतदेव नामक अयोध्यातिरका व्यापारीले जमिन गुठी राखी लेखाएको उक्त अभिलेखमा गुठी राखिएका देवतालाई जङ्गलमा रहेका स्वामी भनिएको छ।[१०] तत्काल यता कोकाकोशी संगमका स्वामीहरूलाई हिमालय शिखरका स्वामी भन्ने गरिएको पाइने हुनाले अमृतदेवले चर्चा गरेका जंगलमा रहेका स्वामी भने ऋभुपालद्वारा दामोदरपुर क्षेत्रमा स्थापित स्वामी नै थिए भन्ने बुझ्न सकिन्छ। दामोदरपुर क्षेत्रको दोस्रो या अमृतदेवको पालाको अभिलेख वि.सं. ६०० तिरको मानिएको छ।

वराहक्षेत्रका बारेमा लेखिएका माथि वर्णन गरिएका दुईवटा बाहेक अन्य प्राचीन कालका मान्न सकिने अभिलेखहरू हालसम्म पाइएका छैनन् । मध्यकालताकाका अभिलेखहरूसमेत यस क्षेत्रमा हालसम्म पाउन नसकिएकाले मध्यकालतिरको वराहक्षेत्रको स्थिति थाहा पाउन साहित्यिक स्रोतहरूको सहयोग लिनुपर्ने हुन्छ। प्राचीनकालका यस्ता अभिलेखहरू वराहक्षेत्रमा नै चाहिं पाउन नसकिएका हुनाले यसलाई प्राकृतिक प्रकोपको कारण मान्न सकिन्छ।

वास्तवमा कोकामुख वराहक्षेत्र कोकाकोशी संगमस्थलमा एउटा सानो ढिस्कामाथि अवस्थित छ। बेलाबेलामा यस स्थानलाई बाढी र पहिरोजस्तो प्राकृतिक प्रकोपले ठूलो क्षति पुऱ्याउने गरेको पाइन्छ। मूल मन्दिरदेखि माथितिरको पर्वत फुटेर आउने पहिरोले विगतमा वराहक्षेत्रमा रहेका मन्दिर, मूर्ति, अभिलेख र अन्य कलावस्तुहरू विनाश गर्ने क्रम निरन्तर चलिरह्यो । तसर्थ उक्त स्थानमा ज्यादा पुराना अभिलेख, मूर्ति, मन्दिर र अन्य कलावस्तुहरू पाउन नसकिएका हुन् । पहिरोमा भेटिएका प्राचीन कालतिरका मानिने वराहविष्णुका दुईवटा मूर्तिहरूले पनि यही कुराको संकेत गरेका छन् ।

३) वि.सं. १८४३ को रणवहादुर शाहको अभिलेख

वराहक्षेत्रमा नै पाइएको हालसम्मको सबैभन्दा पुरानो अभिलेख रणबहादुर शाहको पालाको वि.सं. १८४३ को शिलालेख हो । वराहक्षेत्रको पाटीमा रहेको उक्त शिलालेखमा वराहक्षेत्रको मन्दिर निर्माण गरिएको चर्चा छ । अभिलेखमा चर्चा गरिएअनुसार त्यहाँ शिव भारतीले वराहविष्णुको राम्रो मन्दिर बनाएका थिए । उनले त्यहाँ पुराण समेत लगाएको विवरण यस अभिलेखमा दिइएको छ । तत्काल नेपालका (काठमाडौं उपत्यकाका) कालिगढलगेर वराहविष्णुको मन्दिर बनाइएको विवरण यस अभिलेखमा परेको छ। तर रणबहादुर शाहका पालामा निर्माण गरिएको भनिएको उक्त मन्दिर पनि कालान्तरमा विनाश भएर गयो। वर्तमानको मन्दिरको स्वरूप भने वि.सं. १९९१ सालमा जुद्धशम्शेरका पालामा मात्र बनेको हो। उक्त मन्दिर संभवत वि.सं. १८९० सालको भूकम्पले भत्किएर गएको तथा त्यसलाई स्थानीय मानिसहरू र पूर्वी पहाडमा समेत चन्दा उठाएर त्यसको पुनर्निर्माण गराइएकोमा पछि पुन १९९० सालको भुकम्पले त्यसलाई पनि भत्काइदिएकाले त्यहाँ जुद्धशम्शेरले फेरी पनि सस्तोमा गुम्बजशैलीको मन्दिर निर्माण गर्न लगाएका हुन्।

रणबहादुर शाहका पालाको माथि वर्णित अभिलेखका आधारमा तत्काल वराह र औलियाको व्यवस्था गर्नका लागि शिव भारतीलाई यी दुवै मठहरू जिम्मा दिइएको थियो । यी दुवै मठका लागि निकै

८. P.Pal, **Vainava iconology in Nepal,** (Calcutta: The Asiatic Society, 1985), P. 4.
९. Sircar, **op. cit. no. 3,** p. 346-350
१०. Ibid

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बढी जमिन गुठीका रूपमा रहेको हुनाले त्यहाँका महन्त धनी र शक्तिशाली पनि हुने गर्दथे । उनीहरूको सम्पर्क सिधै राजामहाराजासँग हुने गर्दथ्यो । तसर्थ उनीहरूको सान पनि निकै बढेको हुन्थ्यो । शिव भारती पनि तत्काल राजा रणबहादुर शाहको कृपापात्र भएकाले उनको शक्ति पनि निकै बढेको देखिन्छ । यसै क्रममा उनले वराहविष्णुकोभव्यरसुन्दरमन्दिरबनाउनलगाएकाहुन्।

४) वि. सं. १८६९ का गीर्वाणयुद्ध विक्रम शाहका ताम्रपत्रहरु

वराहक्षेत्रका बारेमा चर्चा गर्ने अन्य अभिलेखहरूमा गीर्वाणयुद्धविक्रम शाहका पालाका तीनवटा ताम्रपत्र अभिलेखहरू पनि पाइएका छन् । तिनीहरू तीनवटै अभिलेख वराहक्षेत्रको गुठी जमिनसँग सम्बन्धित रहेका देखिन्छन् । तिनीहरूमध्ये प्रथम ताम्रपत्र अभिलेखमा वराह र औलियाको नाममा मकवानी राजाहरूले दिएको पहाड र महोत्तरीका गुठी जमिन महन्त बहादुर भारतीका नाममा थामिदिएको देखिन्छ । त्यस्तै अर्को ताम्रपत्र अभिलेखमा भने वि.सं. १८३४ सालमा शिव भारतीका नाममा वराह र औलियको पूजाका लागि दिएको (सप्तरीको) गुठी जग्गा बहादुर भारतीका नाममा थामिदिएको विवरण छ।

माथि वर्णन गरिएको वराहक्षेत्रसम्बन्धी तेस्रो ताम्रपत्र अभिलेखमा भने मोरङको रानीमा रहेको वराह र औलियको नामको गुठी जमिन बहादुर भारतीलाई थमौति गरिदिएको विवरण उल्लेख गरिएको पाइन्छ । उक्त जमिन वि.सं. १८३७ सालमा महन्त शिव भारतीका नाममा दिएको देखिन्छ भने पछि त्यसको गुठी बहादुर भारतीलाई थमौति गरिदिएको देखिन्छ ।

५) वि.सं. १९९१ को जुद्धशम्शेरको अभिलेख

वराहक्षेत्रमा वि.सं. १९९१ सालको एउटा अभिलेख पाइएको छ, जुन अभिलेख राणाप्रधानमन्त्री जुद्धशम्शेरले राख्न लगाएका हुन् । वि.सं. १९९० सालको भुकम्पका कारण यहाँका सवै मन्दिर र पाटीपौवाहरू ध्वस्त भएकाले जुद्धशम्शेरले तिनीहरूको जीर्णोद्धार गरी यो अभिलेख राख्न लगाएका हुन् । वर्तमानको वराहक्षेत्रको मन्दिरको स्वरूप पनि जुद्धशम्शेरद्वारा निर्मित स्वरूप नै हो । उक्त साल जुद्धशम्शेरले वराहक्षेत्रको मूल मन्दिरका साथै अन्य पार्श्व मन्दिरहरू र धर्मशाला पनि जीर्णोद्धार गराएका थिए भने मन्दिरदेखि कोशीसम्म आवतजावत गर्ने सिंढीहरू समेत उनै ले स्थापना गराएको देखिन्छ ।[११] यता वि.सं. १९९० सालभन्दा ठीक एक सयवर्ष पहिले अर्थात् वि.सं. १८९० सालमा पनि महाभूकम्पका कारण वराहक्षेत्रको मन्दिर भत्किएको र वि.सं. १८९१ सालतिर पूर्वी नेपालका गाउँघरमा चन्दा उठाएर मन्दिर जीर्णोद्धार गरेको विवरण पाइन्छ ।[१२] तर त्यससम्बन्धी अभिलेख भने हालसम्म पाउन सकिएको छैन ।

६) वराहक्षेत्रका घन्टी अभिलेखहरुः

सामान्यतया घन्टीका अभिलेखहरू धार्मिक प्रयोजनबाट राखिएका हुन्छन् । पुण्य प्राप्तिका मनसायले मन्दिरमा घन्टी चढाउने तथा तिनमा अभिलेख समेत राख्ने चलन पुरानो हो । वराहक्षेत्रमा पनि त्यस्तै प्रकृतिका घन्टी अभिलेखहरू प्रशस्तै मात्रामा राखिएका थिए । तर त्यहाँका धेरै पुराना घन्टी तथा घन्टीका अभिलेखहरू भने हाल हराएर र नाशिएर गएका छन् । त्यहाँका घन्टी अभिलेखमा हालसम्म प्राप्त सबैभन्दा पुरानो जंगबहादुरकी माहिली रानीले वि.सं. १९३३ मा चढाएको घन्टीको अभिलेख हो । त्यसपछि वि.सं. १९४० मा जंगबहादुका छोरा पद्मजंगले, १९४९ सालमा नरराज शम्शेर राणाले, वि.सं. १९७४ सालमा जितबहादुरखत्रीले, वि.सं.१९७९ सालमाडम्बरशम्शेर राणाले र १९९८ सालमा मुक्तिनाथ पाध्येले गढाएका घन्टी अभिलेखहरू पाइएका थिए । यस अधिका प्राय

११. शैकरमान राजवंशी (सं.) पुरातत्व पत्र संग्रह तेस्रो भाग, (काठमाडौँ पुरातत्व विभाग, २०२०), पृ. ३०-३८ ।
१२. ज्ञानमणि नेपाल, नेपाल निरुक्त (काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ. ३२० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सवै र यहाँ नामोल्लेख गरिएका पनि अत्यधिकजसो घन्टी अभिलेखहरू हाल हराएका छन्।

७. चतराको मनमुकुन्देश्वर शिवलिंग अभिलेखः

पूर्वी नेपालको चतरामा प्रख्यात तथा पुरानो औलियामठ अवस्थित छ। सुरुमा कोशीटप्पूमा रहेको यसै मठबाट वराहक्षेत्रको समेत पूजाआजाको व्यवस्था मिलाउने गरिन्थ्यो । हालसम्म पनि वराहक्षेत्रको मन्दिर चतरामठकै मातहतमा रहेको छ। नेपाल एकीकरण पछिका थुप्रै ताम्रपत्र अभिलेखहरूमा सुरुमा मकवानी सेन राजाहरूले औलिया र वराहका लागि राखिदिएको गुठी शाह राजाहरूले थमौति गरिदिएको देखिन्छ । कोशीको बाढीको प्रकोपका कारण कोशीटप्पूबाट वि.सं. १८२३ सालमा औलियामठ चतरामा सारियो ।[१३] त्यसपछि त्यहाँका देवीदेवताका मूर्तिहरू पनि चतरामा नै सारिएका थिए । यसै क्रममा मुकुन्द सेन तृतीय (वि.सं. १८१८) ले स्थापना गराएको मनमुकुन्देश्वर महादेवको शिवलिंग पनि चतरामा सारिएको थियो । मनमुकुन्देश्वर शिवलिंगको रक्षाका लागि त्यहाँका महन्तले एउटा धातुको जलहरी चढाएर त्यसमा एउटा छोटो अभिलेख अंकित गराएका छन्। उक्तअभिलेख निम्नानुसारको छ।

स्व स्ती श्री सं म्ब त १८६९ सा ल मि ति मा घ १ ब दी २ रो ज श्री औ लि आ ज्यू को ज ल ह री म ह न्त ले च ढा आ शु भ म्म त

यस अभिलेखमा जलहरी महन्तले चढाएको भनिए पनि ती महन्तको नाम भने अंकित गरिएको देखिँदैन । तर त्यसै सालका गीर्वाणयुद्ध विक्रम शाहले गुठी थमौति गरिदिएका तीनवटा ताम्रपत्र अभिलेख पाइएका छन् । औलिया मठ र वराहका नामको गुठी ती अभिलेखहरूमा बहादुर भारतीलाई थमौति गरिदिएको देखिन्छ ।[१४] यसबाट उक्त कवच बहादुर भारतीले नै चढाएको बुझिन्छ।

वास्तवमा वि.सं. १८६९ सालतिर औलिया र वराहको महन्त्याइँ पाएका बहादुर भारती निकै शक्तिशाली थिए । यी दुवै स्थानका लागि छुट्याइएको गुठीको सम्पूर्ण जमिन उनको जिम्मा दिइएको थियो । उनी चतरामा बसेर वराहक्षेत्रको समेत व्यवस्था मिलाउने गर्दथे । तर माथि वर्णन गरिए बाहेकका मठ, मन्दिर उनले बनाएका अभिलेखहरू पाइएका छैनन्। वि.सं. १९०६ सालतिर भने बहादुर भारतीको पतन भएको संकेत पाइन्छ ।

८. चतराको हनुमानको मूर्ति अभिलेखः

चतराको औलियामठमा शिवगणेशहनुमान मन्दिर बाहिर द्वारमा नै हनुमानको एउटा जीर्ण मूर्ति राखिएको छ । उक्त मूर्ति कसले स्थापना गरेको हो भन्ने स्पष्ट छैन । तर त्यहाँ एउटा छोटो अभिलेख रहेको छ, जसले उक्त मूर्ति वि.सं. १८७६ सालतिर स्थापना गरिएको बझिन्छ । त्यसमा अंकित अभिलेख निम्नानुसारको छ ।

.... सम्वत १८७६ वैशाख शुक्ल .. १ श्री दि......

माथिको छोटो अभिलेखबाट उक्त मूर्ति कसले वनाएको हो भन्ने स्पष्ट नभए पनि तत्कालका महन्त बहादुर भारतीले बनाउन लगाएको हुनसक्ने चाहिं स्पष्ट छ। कोशीको फुस्रो प्रस्तरबाट बनाइएको उक्त मूर्ति निकै जीर्ण पनि छ । यसमा पनि यस मठमा आउने भक्तजनहरूले चढाउने गरिएको पानी र अन्य सामाग्रीका कारण यो मूर्ति दिनहुँजसो अझ जीर्ण हुँदैगैरहेको देखिन्छ । उक्त मठको शोभाका रूपमा उक्त मूर्ति स्थापना गरिएको हुन सक्ने देखिन्छ। यसै गरी औलिया मठ चतरामा सार्दा पुरानो निशान टप्पूमा रहेको हनुमानको मूर्ति यस स्थानमा ल्याउन नसकिएको वा त्यहाँको पुरानो मूर्ति हराएको हुनाले पनि त्यसलाई यस स्थानमा स्थापना गरिएको हुनसक्ने देखिन्छ ।

---

१३. खतिवडा, प र्ववत. नं. १, पृ. २७९.

१४. राजवंशी प र्ववत् नं. १०, पृ. ३०– ३८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. धनपालगढीको ताम्रपत्र अभिलेखः

मोरङको कसेनी स्थित धनपालगढी ऐतिहासिक एवम् पुरातात्विक दृष्टिले निकै महत्वपूर्ण छ । उक्त स्थानका बारेमा हालसम्म भएको खोजअनुसार वि. सं. १५८० तिर धनपालगढीलाई किल्ला बनाएर धनपाल नामक एकजना स्थानीय थारु रजौटाले यस स्थानमा शासन गरेका थिए।[१५] मोरङको आसपासका अन्य राज्यहरू आन्तरिक कलहमा फँसेका र कुनै पनि शक्तिशाली राज्यको प्रभाव यस स्थानमा नरहेको अवस्थामा यिनले यस भेगमा स्थानीय शासन गरेको मानिएको छ।[१६]

धनपालगढीको हालसम्म राम्रोसँग उत्खनन् हुन नसकेको अवस्थामा यहाँ पुराना अभिलेखहरू पनि पाउन सकिएका छैनन् । करिव ३५ विगाहा क्षेत्रफलमा फैलिएको यस गढीको चारैतिर १२ फिट चौडा सुरक्षा पर्खालले घेरिएको किल्ला रहेको देखिन्छ । किल्लाका अवशेषहरू गढीको चारैतिर सतहमा नै राम्रोसँग देख्न सकिन्छ। पुराना अन्य अभिलेखहरू नपाइएको त्यस स्थानमा एउटा पछिल्लोकालको ताम्रपत्र अभिलेख भने पाइएको छ। त्यसको विवरण तलका हरफहरूमा दिइएको छ ।

स्वस्ति श्री शाके १८४३ श्री सम्वत १९७८ साल फागुन महिनामा धनपाल र राजा प्रिति गरी भोजपुर पैयाँपानी बस्न्या दान बाहादुर कार्की क्षेत्रीले हात्ति हौडा सहित गरी गढाञँ

माथि वर्णित अभिलेखमा एकजना भक्तले धनपाललाई हात्तिहौडा चढाएको विवरण स्पष्टसँग लेखिएको छ । सामान्यतया धनपाल हात्तिमा चढेका हुन्थे भन्ने मान्यतामा यी दाताले धनपाललाई हात्ति र हौडा पनि साथमा चढाएको मानिन्छ । तर हाल उनले चढाएको मानिने हात्ति र हौडा भने हाल पाउन सकिएको छैन।

राजा धनपालथानमा प्रारम्भमा एउटा पित्तलको विशालकाय मूर्ति रहेको कुरा स्थानीय मानिसहरू बताउने गर्दछन् । उक्त मूर्ति हात्तिमाथि चढेको आकर्षक पनि थियो । पछि उक्त मूर्ति हराएर गयो । त्यसपछि संभवत त्यहाँ पुन वि.सं. १९७८ सालमा पित्तलको उक्त मूर्ति चढाएको हुनुपर्दछ। धनपालगढीको उक्त अभिलेख नजिकको पोखरीमा पाइएको हुनाले मूर्ति चोर्ने मानिसहरूले उक्त ताम्रपत्र अभिलेख भने त्यसै स्थानमा फालिदिएको हुन सक्तछ । तर दानबहादुर कार्कीले चढाएको भनिएको उक्त मूर्ति पनि हाल हराएकाले त्यहाँ सामान्य प्रकारको हात्तिमा चढेको धनपालको मूर्ति राखेर स्थानीय मानिसहरूले पूजाआजा गर्ने गरेका छन् । सिमेन्ट र बालुवाबाट बनाइएको उक्त मूर्ति पनि निकै जीर्ण छ । तसर्थ हाल आएर पुन स्थानीय मानिसहरू त्यस स्थानमा अर्को धनपालको मूर्ति स्थापना गर्ने योजनामा रहेको बुझिएको छ ।

१०. रङ्गेलीको कालीमन्दिरको घन्टी अभिलेखः

रङ्गेली मोरङको सदरमुकाम विराटनगरदेखि करीब २५ किलोमिटर पूर्वमा पर्दछ । उक्त स्थान ईशाको चौधौंपन्ध्रौं शताब्दिदेखि नै एउटा सानो गाउँका रूपमा विकास भएको थियो। मध्यकालिक मोरङको राजधानी विजयपुर सार्नुभन्दा अगाडिदेखि नै यस स्थानमा वस्तिको विस्तार भएको हुन सक्तछ। यसै गरी नेपाल एकीकरणको केही समयपछि यस भेगको स्थानीय प्रशासन हेर्नका लागि मोरङको सदरमुकाम रङ्गेली सारिएको थियो। पछि गएर भारतको बृटिस इन्डिया कम्पनीले रेलसेवा फारविसगञ्जसम्म विस्तार गरेपछि भने मोरङको सदरमुकाम रङ्गेलीबाट विराटनगर सारिएको हो। वि.सं. १९७१ सालमा मात्र विराटनगरलाई मोरङको सदरमुकाम बनाइएको हो।

रङ्गेलीमा हालसम्ममा जम्मा ८५ वटा मठमन्दिरहरू रहेका छन्। संभवत पूर्वको सबैभन्दा मठमन्दिरहरू रहेको गाउँ यही नै हो। तसर्थ रङ्गेलीका बासिन्दाहरू यसलाई मन्दिरैमन्दिरको गाउँ भन्न

---

१५. सोमप्रसाद खतिवडा र डीला संग्रौला, धनपालगढीको परातात्विक अध्ययन (अ.प्र लघुअनुसन्धान), काठमाडौँः पूरातत्व विभाग, २०६७), पृ. ४०।

१६ उही।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रुचाउँछन् । पुरानो सदरमुकाम तथा मध्यकालको प्रारम्भतिरको मोरङको राजधानीका रूपमा यस स्थानमा यतिका धेरै मठमन्दिरहरू स्थापना भएका हुन् । यिनीहरूमा सबैभन्दा महत्वपूर्ण भने यहाँको कालीमन्दिर हो ।

रङ्गेली को कालीमन्दिर प्रारम्भमा कसले र कहिले स्थापना गर्यो भन्ने कुरा स्पष्ट छैन । वि.सं. १८६३ सालतिर उक्त मन्दिर बनिसकेको र वि.सं. १८७५ मा जीर्णोद्धार भएको देखिन्छ । तसर्थ पनि उक्त मन्दिर मोरङको सदरमुकाम रङ्गेलीमा हुँदा नै स्थापना भएको कुरा भने स्पष्ट छ। सामान्य घरको रूपमा रहेको यहाँको कालीमन्दिर कलाका दृष्टिले त्यति महत्वपूर्ण नभए पनि यहाँको कालिको मूर्ति भने निकै पुरानो र आकर्षक तथा कलाकारिताले भरपुर छ। यसै मन्दिरको गोदाममा एउटा फुटेको घन्टिअभिलेख पाइएको छ। उक्त घन्टीमा निम्नानुसारको अभिलेख रहेको देखिन्छ

स्वस्ती श्री सम्वत् १९९५ साल माघशुक्ल १५ रोज शुभ दिनम् श्री महाकाली प्रिति गरी सिधुली गुराँसे बस्न्या सुब्बा कालिदास उपाध्याय, सुब्बा नारायण प्रसाद (खरेल) (पुण्य) प्रसाद उपाध्याय, गोरखा बस्न्या मुखिया गणेश कुमारले चढाएको घण्ट हो । शुभ ।

माथि प्रस्तुत अभिलेखमा उक्त घन्टी वि.सं. १९९५ सालमा विभिन्न स्थानमा बस्ने कर्मचारीले चढाएको वर्णन छ। त्यस समयमा मोरङ भेगमा जागिर का शिलशिलामा विराटनगर आएका कर्मचारीहरूले उक्त घन्टी कालीका नाममा चढाएका थिए । तत्काल विराटनगरकी कालीका बदलामा उनीहरूले रङ्गेलीकी कालीलाई घन्टी चढाउनुको मतलव यिनको ख्याती निकै बढीरहेको बुझ्न सकिन्छ ।

वास्तवमा पूर्वी नेपालका विभिन्न भागहरूमा पाइने केही लामा अभिलेखहरू प्रकाशित भइसकेका भए पनि केही छोटाछोटा अभिलेखहरू विभिन्न भागहरूमा छरिएर रहेका छन्। धेरैजसो घन्टीहरू असुरक्षाका कारण हराएर गएकाले तिनीहरूमा रहेका अभिलेख पनि हराएका छन्। भेडियारी, धनपालगढी लगायतका पुरातात्विक स्थलहरूको राम्रोसँग अन्वेषण र उत्खनन् भएको खण्डमा थप अभिलेखहरू पाउन सकिने संभावना पनि प्रशस्तै मात्रामा रहेका छन्।

References

Khatiwada, Som Prasad and Dila Samgraula, **Dhanpalgadhiko Puratatwik Adhyayan** (un.pub. research report), Kathmandu: Puratatwik Bibhag, 2067.

Khatiwada, Som Prasad, **Varahakshetrako Samskritik Sampada**, Chatara: Radhakrishan Bhakti Sadhana Adhyatmik Pratisthan, 2066.

Nepal, Gyanmani, **Nepal Nirukta**, Kathmandu: Royal Nepal Academy, 2040

Pal, P. **Vaisnava Iconology in Nepal**, Calcutta: The Asiatic Society, 1985

Rajvamshi, Shankarman (ed.), **Puratatwa Patra Samgraha 3rd part**, Kathmandu: Puratatwa Bibhag, 2020.

Sircar, D.C. **Studies in the Geography of Anicent and Medieval India 2nd ed.**, New Delhi:Motilal Banarashi Das, 1971.

Sircar, D.C., **Select Inscriptions Bearing on Indian History and Civilization 1st Volume**, Calcutta: University of Calcutta, 1975.

Vajracharya, Dhanavajra and Tek Bahadur Shreshta, **Shah Kalaka Abhilekh**, Kathmandu: Centre for Nepal and Asian Studies, 2037.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट-१

बुधगुप्तको (वि.सं. ५३३-५२) को वराहक्षेत्र सम्वन्धि दिनाजपुरको ताम्रपत्र

अभिलेख

पहिलो पाटो

.......फल्गुन ..दि १० (०)(५) परमदैवत -परम -भट्टारक -महाराजा धिराज श्री बुधगु (प्ते) पृथिवी) (पतौ) (त) त्पाद- परिगृहीतस्य पुण्डवर्द्धन-भुक्त भुपरिक-महाराज-जयदत्तस्य भोगेनानु (वहमा) नके (को) टि (वर्ष्ष)-विषये च तन्नियुक्तकेहामुक्तक शण्डके अधिष्ठानाधिकरणनगरश्रेष्ठिरिभु पा (ल)-सार्त्थवाहवसुमित्र -प्रथमकुलिकवरदत्त-प्रथमकायस्थविप्रपाल-पुरोगे च स (म्य)-वहरति अनेन श्रेष्ठि -रिभुपालेन विज्ञापितं हिमवच्छिखरे कोकामुखस्वामिन : चत्वार-कुल्यवापा : (श्वे) तव-राहस्वमिनो (ऽ) पि सप्त कुल्यवापा : अस्मत्फलाशन्सिनो पुन्याभिवृद्धये डाङ्गा प्रापे पूर्व्वमया अप्रदा अविसृष्टकास्तदहन्तत्क्षेत्र समिप्य-भूमौ तयोराद्य -कोकामुखस्वामी श्वेतवराह -

स्वामिनोर्ना (म) ल्लिङ्कमेकं देवकल - द्वयमेतत्कोष्ठिका -द्वय१च कारयितुमिच्छाम्यर्हथ वास्तुना सह (कुल्य) वापान्यथाक्रम -मर्य्यादया दातुमिति यतः पुस्तपाल -विष्णुदत्त विजय (नन्दि)-स्थानु नन्दिनामवधारणयावधृतमस्त्यनेन हिमवच्छिखरे तयो : कोकामुखस्वामि श्वेतवराह -स्वामि (नोः) अप्रदा-क्षेत्ख-कुल्यवापां एकादश दत्तकास्तदर्थञ्चेह देवकुल -कोष्ठिका -करणेयक्त (मे) त (द्विज्ञा) (पितं) (क्र)·मेण ततक्षेत्र सामीप्य -भूमौ वास्तुदानुमित्यनुवृत्त त्रिदीनारिक्यकु (ल्यवा) प विक्रय (मर्य्या)द

दोश्रो पाटो

यां.... ....

....पु(ष्करि) णी पू(र्व्वेण) रिभु(पा)ल-पु(ष्करिणी ?) (दक्षिणेन) ... .दत्ता : (क) (त) दुत्तरकालं (सं) व्यवहारीभिर्द्देवभ(क्तया) नुमन्तव्या (उक्तं) व्यासेन (क) स्व -दत्तां परदत्ता - (स्वा यो हरेत) वसुन्धराम् (ऽ) स विष्य (यां) क्रिमिर्भ्भूत्वा पि (नृ)भिस्स (ह पचयते) (ऽ) पर्व्व - दत्ता द्विजातिभ्यो (यत्राद्रक्षयु) धिष्ठिर (ऽ) मही (महिमतां) श्रेष्ठदा (नाच्छे यो (ऽ) नुपालनं) (ऽ)

वहुभिर्व्वसु (धाद) त्ता (राजभिश्च) पुनः पुनः (ऽ) (य) स्य (प) स्य यदा भूमि (स्तस्य तस्य) त (दा) फलमिति (ऽ) (प्रकाशितः - दिनेशचन्द्र सरकार (सं.), सेलेक्ट इन्स्क्रिप्सन्स बियरिङ्ग अन् इन्डियन हिष्ट्री एन्ड सिभिलाइजेसन भोल -१, फ्रम द सिक्स्थ सेन्चुरी वि.सी. टु द सिक्स्थ सेन्चुरी ए. डी., कलकत्ताः कलकत्ता युनिभर्सिटी अफ् कलकत्ता, १९६५) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट - २

गुप्तसम्वत २२४ (५४३ ई.) को दामोदरपुरको वराहक्षेत्रसम्बन्धी ताम्रपत्रअभिलेख

छाप

कोटिवर्षाधिष्ठानाधि (करणस्य)

प्रथम पाटो

स(म्व)त२००()२० () ४ भाद्रा- दि ५ परमदैवत -परमभट्टारक -म (हा)राजाधिराज श्री .....

गुप्ते पृथिवीपतौ तत्पाद -परिगृहीते पुण्डवर्द्धन -भुक्तावुपरि (क-महाराज) स्य (महा)

राजपुत्र देवभट्टारकस्य हस्त्यश्व जन भोगेनानुवहमा (न) के को (हिव)र्ष्ष विष(ये) च त न्नि युक्तकेह विषय पति स्वयंभुदेवे अधिष्ठानायिधरण(ञ्च) आयुर्या (न)गर(श्रेष्ठिरिभु) पालसातर्थवाहस्थाणुदत्तप्रथमकुलिकमतिदत्तप्रथमकायस्थस्कन्दपालपुरोमे स) व्य(वह) रति आयोध्यक कुलपुत्रक अमृतदेवेन विज्ञापितमिह विषये समुदयवाह्याप्रहतखिल-(क्षे)त्त्रा णां त्रिदिनारिक्य कुल्यवाप विक्रयो ( ) नुवृत्तः तदर्हथ मत्तो विनारानुपसंगृह्य मन्मातुः (पु) ण्या

भिवृद्धये अत्राख्ये भगवतः श्वेतवराह स्वामिनो देवकुले खण्डफुट्टप्रति(सं) स्का (र) (क)

रणाय वालिचरूसत्रप्रवर्तन गव्य धूप पुष्पप्रापण मधुपर्क्क दीपाद्युप(यो) गा(य) च

अप्रदा -धर्म्मेण ताम्रपट्टीकृत्य क्षेत्र स्तोकन्दातुमिति (ऽ) यतः प्रथम पुस्तपाल नर (न) न्दि गोपदत्त भट(?) नन्दिनामवधार णया युक्त (त)या ध(र्म्माधि) कार(वु)द्धया विज्ञापित ना (त्र) (वि)

षय पतिना कश्चिद्विरोधः केवलं श्री परमभट्टारकपादेन धर्मप(र)(तावाप्ति)(:)

दोश्रो पाटो

इत्यनेनावधारणा क्रमेण एतस्मादमृतदेवात्पञ्चदश-दिनारानुपसंगृह्य एतन्मातु(:)

अनुग्रहेण स्वच्छन्दपाटके (ऽ) (र्द्ध)टी प्रवेश्य लवङ्गसिकायाञ्च वास्तुभिस्सह कुल्यवाप द्वयं साद वनाश्रमके (ऽ) पि वास्तुना सह कुल्यवाप एकः परस्पतिकायां पञ्चकुल्यवापकस्योत्त(रे) णजम्बून (धा): पूर्व्वेण कुल्यवाप एकः पूरण वृन्दिकहरौ पाटकपूर्व्वेण कुल्यवाप एकः इतयेवं खिलक्षेत्त्र स्य वास्तुना सह पञ्च कुल्यवापाः दप्रदा -धर्म्मेण भग (व)ते श्वेतवराहस्वामिने शश्वत्कालभोग्या दत्ताः(ऽ) तदुत्तरकालं सव्यवहारिभिः देवभक्तयानुमन्तव्याः (ऽ) अपि च भूमि (दा)नसम्वद्धाः श्लोका भवन्ति (ऽ)स्व दत्तां पर दत्राम्वा यो हरेत वसुन्धरां (राम्) (ऽ) स विष्ठायां क्रिपिभ्भुत्वापितृभिस्सह पच्यते (ऽऽ) व(ब)हुभिर्व्वसुधा दत्ता यस्य यस्य यदा भूमिस्तस्य तस्यं तदा फलं (लम्) (।।) षष्टिंवर्ष सहस्राणि स्वर्गे मोदिति भूमिद आक्षेप्ता चानुमन्ना च तान्मेव नरके वसेदिति (।।)

(प्रकाशित -सरकार, सेलेक्ट इन्स्क्रिप्सन्स्)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट -३

वराहक्षेत्रको पाटीमा रहेको रणबहादुर शाहको पालाको वि.सं. १८४३ को अभिलेख

श्री ५ मद्रणवहादुर न्नेपालेश्वर (महा) राजाले वराह मंदिर जीर्णोद्धार (गराई) ...वराह मंदिर वनाया ॥

स्वस्ति श्री राजराजः सकल रिपुजयो राज्यनेपाल –पालः)

(पृथ्वीनारायणेशो) (विच) रितवसुधो (योऽभवत्) सार्थनामा ।

पुत्रःप्रतापसिंह पितृसमवलवान् (शौर्यसौन्दर्यशाली)

जातः पौत्रश्च वीरो जगति रणवहादूरसाहेति (नामा) ॥१॥

राजेन्द्रलक्ष्मी जननी च यस्या

तिधर्मशीलार्थि (षु) काम (धेनुः) ।

(पत्या विहीनापि नयप्रवीणा)

(शौर्ये च वीर्ये) किल कालिकासा ॥२॥

रणादिवाहादुरभूपकस्य

पितामहेनार्जितपूर्वदेशे ।

(राज्ञानियुक्तः) खलु धीरवीरो।

य......... ....॥३॥

श्रीवीजैपुराजधानी गुरौ

यत्र तत्र श्री ॥४॥

कोकातो दक्षिणे भागे किटिभिः पत्तचभिः सह ।

वराह (भगवान् साक्षाद् विष्णुरूपो) विराजते ॥५॥

श्रीमन्मुकुन्दः परिव्रवजको (ऽभूद्)

(यो) भारती सिद्ध वराहभक्तः ।

(तस्याश्रमः शान्त शुचिर्हि सप्त)

कोशी समीपे चतरामठे ऽस्ति ॥६॥

श्रीमन्मुकुन्दोद्भववंशसम्भवो

महन्त एषो ऽस्ति ....(महा) मतिः

तस्यै कशिष्यः किल हंस भारती

द्वितीयशिष्यो वलभद्र भारती ॥७॥

श्रीहंस (भारती शिष्यो) महन्तशिवभारती ।

श्री वलभद्रशिष्यस्तु नारायणपतिः (परः) ॥८॥

स्वतिदृढं श्री क्रोडमूर्तेहरे :

प्रासादं शिवभारती व्यरचयन्नारायणप्रोतये ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्न्यब्धि (वसुचन्द्रमः) परिमिते ऽब्दे १८४३ माघ शुक्ले तिथौ
पञ्चम्यां वुधवासरे शशधरे मीनस्थिते चार्पयत् ॥९॥
..... नारायण भारतिनामा यतिवरो
जटाधारी गौरीशिवचरणपूजा ... नकरः ।
सदादानी ध्यानी (यमनियमवित् पाठनिरतः)
फलाहारी सो ऽयं हरिनिलय निर्माणकपरः ॥१०॥
वराहास्यदनिर्माणे .... वम् ।
शिवनारायणम (य) तिः पुराणश्रवणादिकम् ॥११॥
अनेन श्री मद्वराहप्रासादनिर्माणार्थ (कर्मणा भगवान्) नारायणः प्रीयताम् ॥

अथ प्रसंगि श्लोकाः ।

यते राज्ञा धृत : कि ..... शरीरस्य ...
.....व पूजां विधिनियमतोनन्यमनसा ।
सदा प्रातः स्नायी त्रिकुटगिरिदेशादवमतः
स धन्यो .... नेश्वर इति उपाध्यायो द्वि जवरः ॥१॥
दलेतथापाधिः कश्चिचसिधारिपुरः सरः ।
मुदा ....आगत्येश्वरकार्ये ऽच .॥२॥
वराहनारायणवासुदेव .....
कृत ....प्यतियत्नतो
नारायणेना .....तवालये
तत् क्षम्यतां भक्तजनप्रिय प्रभो ॥३॥
जयनाथ कृपासिन्धो (भक्तानां रक्षण) क्षम
नारायण...... ॥४॥
सम्वत् १८४३ ...
नेपालके कारीगढ ॥श्री शाके ॥ १७०८ ॥

(प्रकाशित – वज्राचार्य, शाहकालका अभिलेख)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट -४

श्री ५ गीर्वाणयुद्धविक्रम शाहको समयको वि.सं. १८६९ साल वैशाख ८ गतेको ताम्रपत्र ।

(यो ताम्रपत्र महन्त बहादुर भारतीलाई वराहको पूजाका लागि लिएको गुठीको जमिन थामिदिन गरिदिएको हो) ।

श्री दुर्गा सहाय

श्री ५ बुबाज्यू श्री श्री व्रह

स्वस्ति श्री गिरिराजचकचूडामणिनरनारयणेत्यादिविविधविरूदावली विराजमानमानोन्नत श्री

मन्महाराजधिराज श्री श्री श्री महाराजगीर्वाणयुद्धविक्रमसाहवहादुरसम्सेर जंग देवानाम सदा समरविजयिनाम आगे महन्त वहादुर भारथी के प्रगन्न मोरङ्ग नोनी गावमध्ये मौजे रानी ससीम १ मौजे सिकि आ ही ससीम १ ज्मा मौजे २ सम्वत १८३७ साल श्री १ ज्यूका सेवा पुजाकन सर्वअंक वेतलव विर्ता गरि २ वाट चह्राइ महंत शिव भारतीका नाउमा मोहर गरिवक्सनु भयाको तमापत्र गर्नलाई नाम जांच गर्न जान्या रामचन्द्र पण्डितहरूले जाचि पठाया माफिक होहर ताम्रपत्र गरि गह्राइ वक्स्यौं आफ्ना षातिरज्मासंग येस विर्ताको आजसम्म पाइषर्च विहोरी आयाको जिमी जमा रकम लि श्री ज्यूका सेवा पूजा गरी धर्म सदावर्त चलाइ सेष बांकी रह्याको शिष्योपसीष्य मिली परम सुष भोग्य गर हाम्रो जै मनाइ आसीर्वाद दिन्या गर गादी मुमारष चुमावन गोद्रधोआ लागदा आधीदेषि ढोका मानि आयाको रहेछ आज पनि सवा तहसिलदारले टंट्या तक्रार नगर्नु जुन सालमा यो तिन कलम मध्ये कलम लागी जाला उस सालमा महंत आये आइ ढोका मान्नु वितवारले अध्यालो नचापनु विना तकसीर जवद नगर्नु जो येस वंधेमा रहौन सो यस श्लोकमा भन्याको पातकी होला स्वदत्तां परदत्तांबा योहरेद्वै वसंधराम षष्टिवर्षसहस्राणि विष्ठयां जायते क्रिमि, इति सम्वत १८६९ साल मिति प्रथम वैशाषसुदि ८ रोज १ शुभम

(प्रकाशित –पुरातत्व पत्रसंग्रह तेश्रो भाग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट -५

वि.सं. १८६९ वैशाख ८ गतेको श्री ५ गीर्वाणयुद्धविक्रम शाहको समयको ताम्रपत्र

(मकवानी राजाले वराह र औलियाको नाममा पहाड र महोत्तरीमा दिएको गुठी गीर्वाणयुद्ध विक्रमले बहादुर भारतीलाई थामिदिएको विवरण)।

श्री दुर्गा सहाय

श्री ५ ज्यू ज्यू वाज्याज्यू १ श्री वराहज्यू २ श्री औलीआज्यू

स्वस्तिश्री गिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरूदावलीविराजमानमानोन्न

त श्री मन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज गिर्वाणयुद्धविक्रमसाहवहादुरसम्सेरजङ्गदेवानाम् सदासमर विजयिनामआगे महंत वहादुर भारतीके पहाडमध्ये नामांगाउ १ चंपागाउ १ सिकतल १ वेलु षेत मुरी पचास ५० मभुवाको पिषराक १ घडयारी १ वाजचला १ भौजे हरदीया १ मौजे नैना गाउ १ मकवानीका दानपत्र वमोजिम सम्वत १८३४ सालमा १ वाट २ का प्रिति गरि चह्राइ वहालगरि महोत्तरि विर्ता अघिका नाउमा मोहर गरि वक्सनुभयाको तामापत्र गर्नलाई नापजाच गर्न्यारामचन्द्र पण्डितहरूले जांची पठायाको मौजे आज हामीले पनि २ ज्यूका सेवा पूजा निमित्त मोहर तामापत्र गरि चढाइवकस्यौ आफ्ना षातिरज्मासंगयस विर्ताको आजस्म षाइ चर्चीवेहोरी आयाको जिमी जगा रकम कलम लि २ ज्यूका सेवा पूजागरी धर्म्म सदावर्त चलाई सेष वांकी रह्या

को सिष्योपसिष्य मिलि भोग्य गर हाम्रो जै मनाइ आसिर्वाद दिन्या गार गदी ममारष चुमावतगोडधो वा लागदा अघिदेषी ढोका मानि आयाका रहेछ आज पनि सुव्वा तहसिलदारले छेडा तकारनगर्नु जुन साल मध्ये यो तिन कलममा कलम लागि जाहा उस सालमा महंत आर्येआइ ढोका मान्नु विर्त वारले अध्योलो रैकर जग्गा नचापनु विना तकसीर जवद नगर्नु जो यस वंधेजमा रहौन सो येस श्लेकमा भन्याको पातकी होला स्वदत्तां परदत्तां वा यो हरेद्धै? वसुंधराम षष्टिवर्ष सहस्राणि

विष्ठायां जायते क्रिमि इति सम्वत १८६९ साल मिति प्रथम वैसाष सुदि ८ रोज १ सुभम्

(प्रकाशित : पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट -६

वि.सं. १८६९ को श्री ५ गीर्वाणयुद्धविक्रम शाहको ताम्रपत्रअभिलेख

(यो ताम्रपत्र मकवानी राजाले वराह र औलियाको पूजाका लागि वि.सं. १८३४ सालमा शिव भारतीको नाममा राखिदिएको जमिनसँग सम्बन्धित छ। यो सअरी (सप्तरी ?) जिल्लामा रहेको वथलहीर र वजराही मौजाका वराहक्षेत्रको पूजाका लागि दिएको बिर्ताजमिन बहादुर भारतीलाई थमौति गरिदिएको ताम्रपत्र अभिलेख हो ।)

श्री दुर्गा सहाय

श्री वाराहज्यू श्री औलिआज्यू श्री ५ ज्यूज्यूवरज्याज्यू

स्वस्ति श्री गिरिराजचकचूडामणिनरनारायणेत्यादिविविधविरूदावलीविराजमानमानोन्न त् श्री मन्महार ाजाधिराजश्रीश्रीश्री महाराजगिर्वाणयुद्धविक्रमसाहवहादुरसम्सेर जंगदेवाना मृ. सदासमर विजयिनाम् आगे महंत वहादुर भारथी के जिल्लै सअरी प्रगन्ना जगदुर मध्ये मौजे वथलहिर १ जम्प्रगन्ना म ना मध्ये मौजे वजराही १ ज्या मौजे २ सम्वत १८३४ साल १ वात मकवानीको दानपत्र मापक २ पृप्रिति गरि चहइ महन्त शिव भारथीका नाउँमा मोहर गरिवक्सनु भयाको तामापत्र गर्नलाई नाप जांच गर्न जान्या दिठ्ठा उदै सिं वस्न्यात गणपति पाध्याका तरफका मानसिक अभिमानसिं वस्न्यात मानीक दासका तरफका पेस्कार खगपति दास जवसिन्दा होरिलदासहरूले जाची पठायामाफिक मोहर तामापत्र गरिवक्स्यौं आफ्ना षातिर ज्मासंग येस विर्ताको आजसम्म षाइ चर्ची वेहोरी आयाको जिमी जगा रकम कलम लि २ का सेवापुजा गरी धर्म्म सदावर्त चलाइ सेष वाकी रह्याको लि सिष्योपसिष्य मिलि भोग गर हाम्रो जयमनाइ आसिर्वाद दिन्या गर गादीममारष चुमावन गोडधुआ लागदा अघीदेषी ढोकामानी आयाको रहेछ आजपनि सुन्बा तहसीलदारले टंटा तका नगर्नु जुनसालमा यो तिन कलम मध्ये कलम लागि जाला उस सालमा महंत आये आइ ढोका मान्नु विर्तवारले अर्ध्यालो नचापनु विना तकसीर जवद नगर्नु जोयेस वंधेजमा रहौन सो एस लोकमा भन्याको पातकी होला स्वदत्तां वा जो हरेद्वै व.सुन्धराम षष्टिवर्षसहस्राणि विष्टायां जायते क्रिमि इति सम्वत १८६९ साल मिती दूतिय वैसाष सुदि २ रोज ३ शुभम्

(प्रकाशित : पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट - ७

श्री ५ गिर्वाणयद्धविक्रम शाहदेवको वि.सं .१८६९ को ताम्रपत्रअभिलेख

(बहादुर भारतीको प्रगन्नामा रहेको मोरङ्को रानीमा भएको वराहक्षेत्रको गुठीको जमिन बहादुर भारतीलाई थामिदिएको ताम्रपत्रअभिलेख)

श्री दुर्गा सहाय

श्री ५ वुवाज्यू — श्री व्राह

१ — २

स्वस्ति श्री गिरिराजचकचूडामणिनरनारायणेत्यादिविविधविरूदावली विराजमान मानोन्नत श्री मन्महाराजधिराज श्रीश्रीश्री महाराज (गिर्वाणयुद्धविक्रम –साहवहादुर–सम्सेरजंदेवानाम् स मर विजयिनाम् आगे महन्त वहादुर भारथी के प्रगन्ना मोरंग नोनि गाव मध्ये मौजे रानी ससीम १ मौजे सिकिआही ससीम १ जमा मौजे २ सम्वत १८३७ साल श्री १ ज्यू का सेवा पुजाकन सर्व अंक वेतलव विर्ता गरि २ वाट चह्राइ महंथ शिवभारतीका नाउँमा मोहर गरी वक्सनुभयाको तामापत्रगर्नलाई नाप जाँच गर्न जान्या रामचन्द्र पंडितहरूले जाचि पठाया माफिक मोहर तामापत्रगरि चह्राइवक्स्यौ आफ्ना षातिरज्मासंग येस विर्ताको आजसम्म पाइ चर्ची वेहोरी आयाको जिमी जगा रकम कलम लि श्री ज्यूका सेवा पूजा गरि धर्म सदावर्त चलाइ षेष वांकी रह्याको शिष्योषसी ष्य मिली परम सुष भोग्ये गर हाम्रो जै मनाइ आसीर्वाद दिन्यागर चादी ममारष चुमावन गोडथो आ लागवर्दा देषि ढोका मानि आयाको रहेछ आज पनि सुवा तहसिलदारले टंटा तक्रार नगर्नु

जुन सालमा यो तिन कलम मध्ये कलम लागि जाला उस सालमा महंत आफैं आइ ढोका मान्नु वि र्तवारले अर्ध्यालो न चापनु विना तक्सीर जवद नगर्नु जो येस वंजमा रहौन यो यस श्लोकमा भन्याको पातकी होला स्वदत्तां वा यो हरेद्वै वसुंधराम षष्टिवर्ष सहस्राणि विष्टायां जायते क्रिमि इति सम्वत १८६९ साल मिति प्रथम वैसाष सुदि ८ रोज १ शुभम्।

(प्रकाशित : पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

परिशिष्ट -८

वि.सं. १८९० सालमा वराहक्षेत्रको मन्दिर भूकम्पबाट भत्किएपछि त्यसलाई पुनर्निर्माण गर्नका लागि चन्दारकम लगाउन तयार पारिएको पत्र।

श्री वराह

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रूक्का ...

आगे दूदकोसि वाहादुर कमलापूर्व मेचिसै पश्चिम् येस भीत्रका दरोवस्त मधेस पाहाडका रैति महाजन चारवर्ण छतिस जात प्रति ९० सालका ठूलो भैचालो जादा ...ज्यू का छत्र पंदिल देवालय षद्वल्याइ भत्काइ विगारिदियो अघि पनि देवालय विग्रदा चन्दाले वन्याको हो यो (?) यो पालि पनि चन्दा गरि वक्सनुभया भैचालाले विग्य भत्क्याको देवालय पर्षाल मंदिल् वनाउला भनि महंत विश्नुलाल भार्तिले हाम्रा हजुरमा विति गर्‍या तसर्थ अघिका श्रेस्ता वमोजिम घरहि येक् आनाका दरले महंत मार्फत् येक् साल चन्दा दिन्या गर इति सम्वत् १८९३ साल मीति वैसाष शुदी १० रोज ३ शुभम्।

लालमोहर नकल

(प्रकाशित : ज्ञानमणि नेपाल, नेपाल निरूक्त, पृ. ३२०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट- ९

चतारा मठका महन्तको मृत्यु भएपछि सरकारबाट तायदाती लिन जङ्गबहादुरले आफ्ना भाई कृष्णध्वज कुँवरलाई लेखेको वि.सं. १९०६ को पत्र

श्री मद्राजकुमार कुमारात्मज श्री कर्णेल भाइ कृश्नधोज कुवर राणाजीके यथोचित सं. १९०६ को पत्र उप्रान्त चतरा अस्थानका महंत अनन्त भार्ति र कारवारी सुन्दर मार्ति २ जना पनि मऱ्या भन्या खवर आयो . ताहा तैले औलिया मक्का मानिसहरू पठाई तेस् अस्थानको सुना चादी नगद जिनिस हात्ति घोडा जगा जमीन् सवै तायेदात् गरि सदावर्त र रोजिन्दाका पूजा चलाउन अवन्त भार्तिका मानीस् मार्फत्‌लगाइ ताला खुची वंद गर्नु, त्यो मठमा वाहादुर भार्तिले अरू ताहाका भला मानीस् राषी तायेदात् गऱ्याको रहेछ भन्या यी वाहादुर भार्तिलाई केहि नगरी मठमा पसन नदिनु आफु र आफ्ना मानीस मात्र राषी वाहादुर भार्तिले तायेदात् गऱ्याको रहेछ . भन्या तेस्लाइ नेल ठोकि नउमकन्या गरी राषनु . ति महंत र कारवारी आफ्ना काललै मयाका रह्याका छन् कि कलले मऱ्याका रह्डा छन् . महन्तका मानिससंग सोधमूछ गरी तहकित गरी पत्ता लगाउनु. त्यो पठ धर्मसाला हो . ताहाका धनमा लोभ गरी निसाप पछी लागीनस् भन्या तेरो वेहुर्मत् गाछ . सो वुझी लेष्या वमोनीम तत्पर भै काम गर . इति सं . १९०६ सा. ज्येष्ठ वदी ७ रोज २ शुभम् ... (फट्के) प्राइमीनीष्टर ... दस्षत .. गयो .

(प्रकाशित : ज्ञानमणि नेपाल, नेपालनिरूक्त, पृ. ३२०)

परिशिष्ट -१०

प्राइमिनिस्टरमाहिलामहारानीले वि.सं. १९३३सालमावराहक्षेत्रमाचढाएकोघण्टीमाराखेकोअभिलेख

(यो घण्टी जङ्गबहादुरकी माहिली रानीले चढाएकी हुन्)

श्री शाके १७९८ सम्वत १९३३ साल मिति फागुणसुदि ८ रोज ५ का दिन श्री वराहजी प्रीति गरि श्री प्राइममिनिष्टरनी श्री माहिला रानीवाट चहायाको घंट –शुभम्।

(प्रकाशित :– पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

परिशिष्ट - ११

जङ्गबहादुरका माहिला छोरा पद्मजङ्गले वि.सं. १९४० सालमा वराहक्षेत्रमा चढाएको घन्टीको अभिलेख

श्री ३ महाराज जंगवहादुरका छोरा श्री पश्चिम तर्फका कम्यादिं जनरल पद्मजं वहादुर राणावाट सम्वत १९४० साल चहायाको (घंट) क का .

(प्रकाशित :– पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

परिशिष्ट -१२

श्री ३ वीरशम्शेरले वि.सं. १९४९ सालमा राखेको वराहक्षेत्रको घन्टीको अभिलेख

श्री श्री श्री महाराज वीरसमसेर जंगवहादुर थोलिं पिम्पाको कां वां स्यान प्राइमिनिष्टर ग्राण्ड कम्याण्डर इन चिफ वाट सम्वत १९४९ सालमा श्री श्री श्री वराहक्षेत्रमा प्रीति गरि चहायाको घंटा १॥१॥ कि धार्नि ६७९२॥

(प्रकाशित :– पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट -१३

वि. सं. १९९१ सालमा श्री जुद्धशम्शेर राणाले वराहक्षेत्रको मन्दिर जिर्णोद्धार गराएर राखेको शिलापत्र

स्वस्ति श्री मद्‌तिप्रचण्डभूजदण्डेत्यादि ओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा अति प्रवल गोर्खादक्षिणवाहू पृथुलाङ्गयधश श्री श्री महाराज जुद्धसम्सेर जंगवहादुर राणा जिसि, एल्. आई. ई. यिये तिङ्ग पावतिङ्गशु स्याङ्ग चियाङ्ग अनरेरी लेपटन्यान्ट जेनेरल वृ...मा अनेरेरी कणल अफ् दी गोर्खा राइफल रेजिमेन्ट इण्डियान आर्मी प्राइम्मीनिष्टर एण्ड सुप्रिम कम्याण्डर इन चिफ वाट १९९० साल माघ २ गते ३ का दिन भिषढा भुकम्पमा पाताल श्री भगवान् श्री वराहजीको मन्दिर धर्मशाला कौशिकामा जाने घाटका सिंढी र स्वमन्दिरमा पार्श्ववर्ति मन्दिरहरू समेत तयार गरिवक्सियो श्री सम्वत १९९१ साल भाघ शुक्ल एकाखशी फागुन ३ गते गुरूवार शुभम् ।

(प्रकाशित : पुरातत्व पत्रसङ्ग्रह तेश्रो भाग)

परिशिष्ट -१४

अन्य घन्टीअभिलेखहरु

१. "स्वस्ति श्री साके १२०५ सालमा श्री वाराहजी असथा ...नमा श्री अनन्त भारतीले च धाया, सुभ।"

२। "१९९८ छिन्ताङ वर्‌वाहं वस्ने मुक्तीनाथपाध्ये लालले सेवालयमा सीउरांतुमा चढायाको घण्ट कसै लोभ नगरनू।"

३. "२००४ सालमा हतुवाको बंबहादुर राईले चणयाको घन्त सूभ्म।"

४. "श्री सम्वत् २००५ सालमा पूर्व ४ नं. इलाका हतुवा बोकसीक गाउँ बस्ने सनमांको छोरा वर्नसीं, वषत सीं चामलीं २ भाईले श्री ब्राह्माजीमा घण्ट चढाञ्यूँ। "

५. "श्री सम्वत २००९ साल माघ १ गते सग्रांतीको दीनमा ४ नं. भोजपुर थुलदुम्वा चउकीवारी बस्ने जयवहादुर राईले चरायको ...।"

६. "श्री सम्वत २००६ मा श्री वाराजी भगवालाई निज (भोजपुर ?) खिकामाछा वितलव बस्ने नर वहादुर बाट...।"

७. "श्री वाराहा २०११।८।२।३ पूर्व ४ नं. दिला बस्ने पुष्पवहादुख बस्नेतले चह्राएको।"

८. "श्री सम्वत् २०१६ साल कार्तिक पुर्नेमाको दीन (सुनसरी) पगली नीवासी श्री राम प्रसाद चौधरीनी नीजकी पत्नी र छोरा परि प्रसादले श्री वाराह भगवानलाई चधायाको धन्ती।"

९. "श्री सम्वत १९७९ साल माघ १ गते रोज १ मा श्री मान्यवर कर्णेल दम्वर सम्शेर थापा छेत्री सि. आइ. सि. ई. वि. इ. वाट श्री बह्रा जीपृती गरी चढायाको घंट। सुभम्।"

१०. "सम्वत १९७४ श्री बडाहाकिम लेफ्टेन्ट कर्णेल जित बहादुर खत्री छेत्रीले श्री वराहक्षेत्र प्रीति गरी चढायाका घण्ट। "

११. "श्री कर्णेल नर राज शम्शेर जङ्गबहादुर राणावाट सम्वत् १९४९ सालमा श्री वराहक्षत्रमा श्री वराह प्रीति गरी चढाएको घण्ट। श्री श्री श्री।"

(अप्रकाशित)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पेटिया खर्च:कर्चारी परिवारको भरणपोषण सन्दर्भ

- डा भवेश्वर पगेनी*

परिचय

वर्तमानमा मुलुकका लागि उल्लेख्य योगदान दिने व्यक्तिलाई सरकारले विभिन्न किसिमबाट सम्मान गरेको पाइन्छ। यसैक्रममा विधागत रूपमा पनि यस्ता सम्मान गरिएका हुन्छन्। सम्मानका लागि विभिन्न पदक, सम्मान-पत्र, नगद रकम, पुरस्कार आदिको व्यवस्था गरिएका छन्। सरकारबाट मात्र नभएर विभिन्न संघ संस्थाले समेत उत्कृष्ठ योगदान गर्ने व्यक्तिलाई सम्मान गर्ने प्रचलन आजका दिनमा व्यापक बनेको छ। जहाँसम्म कर्मचारीको सन्दर्भ छ अवकाश प्राप्त सरकारी कर्मचारीलाई पेन्सनको व्यवस्था गरिएको छ भने निजको मृत्यु भएमा केही समयसम्मका लागि श्रीमतीलाई केही रकम पेन्सनका रूपमा दिने व्यवस्था रहेको छ। 'सैनिक द्रव्यकोष' का नामबाट यस कार्यको थालनी वि.सं. १९९१ साल आश्विन १७ गते रोज ४ बाट भएको देखिन्छ।[1]

जहाँसम्म आधुनिक नेपालको थालनीदेखिको सन्दर्भ छ, त्यसबखत वर्तमानमा जस्तै कुनै पुरस्कार, पदक वा सम्मान-पत्र दिने पद्धतिको थालनी नै भएको थिएन। राजा पृथ्वीनारायण शाहले मुलुकका लागि उल्लेख्य योगदान गर्ने व्यक्तिलाई निकै सम्मान गरेको देखिन्छ। उदाहरणका लागि उनले चौदण्डी राज्य विजयका लागि अगाडि बढेका भारदार तथा सैनिकलाई प्रोत्साहित गर्ने सन्दर्भमा रामकृष्ण कुँवर को वीरतालाई प्रसंशा गर्दै ..*तिम्रो बुद्धि र तरबारका जोरले मान्या येस्को मिहिनेतदेषी तिमिलाई केही दिउ भन्या यो आधा राज्य दिया पनि पुग्न्याछैन। सिंवुसको हेरोफेरो र धुलीषेल तिम्रा दरसंतानतकले षानु भनी बक्स्यौं...*" भन्ने कुरा उल्लेख गरी पत्र लेखेका थिए।[2] माझ किराँत विजय गरिसके पछि उनै रामकृष्ण कुँवरको सफलतालाई सम्बोधन गर्दै पृथ्वीनारायण शाहले लेखेको पत्रमा "*...तिमीदेषी बहुतै षुसी भत्रा. नेपाल मार्दाको किरात मार्दाको मिहिनेत अरू सर्दारभन्दा तिमी मुख्य भयौ, तिम्रो मिहिनेतदेषी षुसी भै २२ जोर सिरोपाउ बक्सी पठायाको छ. गैह्र अरू सुवा सर्दारलाई पनी पठायाको छ. नाउको कागत हेरी बाडीदेऊ. बंदुक नाज २५ पठायाको छ. पुगला*...उल्लेख गरेका थिए।[3] यी पत्रहरूबाट त्यसबखत महत्वपूर्ण कार्य गर्नेलाई राज्यले गर्ने सम्मानका बारेमा स्पष्ट हुन्छ।

त्यसो त पृथ्वीनारायण शाहले आफ्ना सिपाही एवम् भारदारलाई खाने बन्दोबस्त राज्यले गरिदिनु पर्ने कुरामा निकै जोड दिएको पाइन्छ। यसै सन्दर्भमा उनको उपदेशमा .....*राजालाई चाहीन्या सिपाहि.हरु को. घर. षेत. मिलाई दिनु र मलू. जल गर्छन् र. डुवौ (दुवै ?) वोटि. भित्र हाल्न. पाउछन् र कविला को निर्फिक्री (निस्फिक्री ?) हुन्छ. ढोका मा भया. पनि. गौडामा भया. पनि. सिपाहि हरु. को छाति वलियो रहन्छ*..उल्लेख हुनुले सिपाही तथा भारदारको भरणपोषण राज्यबाट भएपछिमात्र उनीहरूले उल्लेख्य

---

* इतिहास केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

१ मोहनप्रसाद खनाल (सम्पा.), सैनिक द्रव्यकोष, काठमाडौं, कर्मचारी संचय कोष, वि.सं. २०३५, पृ.१४- ३३।

२. गौतमवज्र वज्राचार्य (सम्पा.) श्री ५ पृथ्वीनारायण शाहको उपदेश, ललितपुरः जगदम्बा प्रकाशन, मिति अनुल्लिखित, पृ. १०९५।

३. ऐजन, पृ. ११६८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योगदान गर्न सक्छन् भन्ने कुरामा राजा विश्वस्त देखिन्छन् ।[४] कर्मचारीलाई घरखेत मिलाउनुको अर्थ उनीहरूलाई 'जागिर' का रूपमा जमिन दिनु थियो ।[५] त्यतिमात्र नभएर उनीहरूको कामसमेतका आधारमा 'विर्ता' दिने प्रचलनको परम्परा बढ्दै गएको पाइन्छ।[६] आफ्नो मृत्युपछि परिवारको बिचल्ली हुन जाने पीडाका कारण भारदार लोभ लालचमा पर्न जानेतर्फ पनि पृथ्वीनारायण शाह सजग देखिन्छन्। त्यसैकारण उनले 'मरवट' लगायत 'माना चामल' 'पेटिया' तथा 'ज्युनी' दिने गर्दथे। मरवट (लडाईंमा मर्ने व्यक्तिका छोराछोरी, स्वास्नी आदिलाई छोरा कमाउन सक्ने नहुन्जेल भरण-पोषणका लागि दिइने जग्गाजमिन वा वृत्ति', मरेपछिको इनाम)[७] भने खासगरी काममा खटिएका भारदार-सिपाहीको मृत्यु भएपछि उनका परिवारलाई दिइने सुविधा थियो । यसै सन्दर्भमा वि.सं. १८९५ साल माघ वदि ३ रोज ४ का दिन देउभक्त खड्कालाई 'मरवट' दिइएको थियो ।[८] उनका बाबु असिधर खड्का तथा भाइ दयाराम खड्का दुवैको राज्यको कामको सिलसिलामा मृत्यु हुन गएको देखिन्छ। बाबु तथा दाजुको मृत्युपछि भाइ देउभक्तलगायतको भरण-पोषणका लागि प्युठान क्षेत्रमा पाखो तथा खेत १/२० 'मरवट' दिइएको थियो। यो जमिन पहिले नै उनीहरूले भोग चलन गर्दै आएको भए पनि त्यसलाई नै वि.सं. १८९५ मा राज्यले मरवटका रूपमा थामिदिएको थियो । देउभक्त खड्कालाई दिइएको यो मरवटको प्रसङ्ग एउटा उदाहरण मात्र हो।

प्रस्तुत लेखमा भारदारका परिवार लगायतलाई 'पेटिया खर्च' दिइने परम्पराका बारेमा सामान्य चर्चा गरिएको छ । यसै सन्दर्भमा यहाँ खासगरी कर्णेल उजीरसिंह थापा, जनरल रणवीरसिंह थापा तथा काजी सिंहवीर पाँडेको परिवारलाई दिइएको 'पेटिया खर्च' सम्बन्धी सामान्य जानकारी दिने प्रयास भएको छ।

पेटिया खर्च

कर्णेल उजीरसिंह थापा

आधुनिक नेपालको इतिहासमा कर्णेल उजीरसिंह थापाको ठूलो योगदान रहेको पाइन्छ । उनी नयनसिंह थापाका छोरा तथा नेपालका प्रथम 'प्राइमिनिष्टर एण्ड कम्याण्डर इन चीफ' माथवर सिंह थापाका दाजु हुन् । सेन राज्य पाल्पालाई नेपालमा मिलाएपछि दोस्रो 'तैनाथवाला' का रूपमा उनी पाल्पा गौंडा प्रशासन सञ्चालनका लागि वि.सं. १८७१ मा त्यहाँ पुगेका थिए।[९] एक दशक लामो कार्यकालमा उनले अङ्ग्रेजसँगको युद्धका क्रममा बुटवल क्षेत्रमा मेजर जनरल सुलिभान उडको फौजसँग लडेका थिए ।[१०] दुई पटकसम्म बुटवल क्षेत्रमा भएको लडाइँमा उजीर सिंहको विजय भएपछि आखिरमा जनरल उड गोरखपुरबाटपछाडिफर्कनबाध्यहुनुपर्यो।यसरीपाल्पा क्षेत्रलाई विजय बनाइसकेपछि राजधानीसुरक्षाका

४. लेखक अनुल्लिखित, श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहदेवको दिव्य उपदेश, रामशाह पथः श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, वि.सं. २०३८, पृ. ३०-३१।
५. महेश सि रेग्मी, द स्टेट एण्ड इकोनोमिक सर्प्लस, वाराणसीः नाथ पब्लिशिङ् हाउस, ई.सं. १९८४, पृ. १९।
६. ऐजन, पृ. १२
७. कृष्णप्रसाद पराजुली (सम्पा.), नेपाली बृहत् शब्दकोश, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०, पृ. १०५१।
८. देउभक्त खड्कालाई प्युठान जिल्लामा खेत तथा पाखो बारी 'मरवट' दिइएको सम्बन्धी वि.सं. १८९५ साल माघ वदि ३ रोज ४ को रूक्का। बिस्तृत जानकारीका लागि यो रूक्का परिशिष्ट नं. १ मा दिइएको छ। यहाँ दिइएका अप्रकाशित सामग्रीहरु लेखकको सङ्कलनमा रहेका छन्।
९. भवेश्वर पंगेनी, नेपालको प्रशासनिक इतिहास (भाग-२): पाल्पा गौंडाप्रशासनका दुई दशक (वि.सं. १८६१-१८८१), काठमाडौंः श्रद्धा स्रष्य प्रकाशन, वि.सं. २०६५, पृ. ४६।
१०। जोन पेम्बल, द इनभेजन अफ नेपाल, अक्स्फोर्ड (लण्डन): क्ल्यारेण्डन प्रेस, ई.सं. १९७१, पृ. २३९।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागि उनी तीन हजार जति सैनिकका साथ काठमाडौँ समेत पुगेका थिए ।[११] अङ्ग्रेजसँगको यो युद्धमा नेपालको पराजय भए तापनि कर्णेल उजीरसिंह एक जनामात्र सेनापति थिए जसले आफ्नो क्षेत्रमा आएको अङ्ग्रेज फौजलाई पराजित गरी लखेट्न सफल भए । उनको पराक्रम तथा सफलता नेपालको इतिहासमा उल्लेख्य मानिन्छ ।

युद्धमा विजय भएपछि उनले पाल्पाको सदरमुकाम तानसेनको बिचोबीचमा एउटा भगवतीको मन्दिर निर्माण गराएका थिए । आफ्नो तथा मुख्येनी (श्रीमती) रणकुमारीको संयुक्त नामबाट भगवतीको 'रणउज्येश्वरी भगवती' नामकरण गरेका थिए । प्रशासकका रूपमा कार्यरत रहँदा वि.सं. १८८१ साल मार्ग महिनामा पाल्पामा नै उनको मृत्यु भएको थियो ।[१२] पतिको मृत्युपछि उनकी मुख्यानी श्रीमती रणकुमारी सती गएकी थिइन् ।[१३]

उजीरसिंह थापाको परिवारका बारेमा प्रकाश पार्ने सामग्री प्रकाशमा आएको पाइँदैन । त्यसैले उनको परिवारमा को को थिए भन्ने कुरा यकिनका साथ भन्न सकिँदैन । माथिको प्रसङ्गमा उनकी श्रीमती रणकुमारी भने सती गएको देखिन्छ । यसै सन्दर्भमा वि.सं. १९१९ साल आषाढ वदि ८ रोज ५ को एउटा रुक्का फेला परेको छ । उजीरसिंह थापाको मृत्यु भएको ३८ वर्ष पछिको यो रुक्कामा ... **आगे. कर्नैल्. उजीरसिं थापा छेत्रीको जेठि मुष्यानी राजकुमारी थप्यनी छेत्रेनीके...** उल्लेख गरिएको छ ।[१४] यो रुक्कामा उजीरसिंह थापाकी 'जेठी मुख्यानी' उल्लेख गरिएबाट उनका दुई श्रीमतीहरू भएको तथा जेठी यस बखतसम्म जीवित रहेको देखिन्छ । त्यसैले सती जाने श्रीमती रणकुमारी कान्छी भएको हुनुपर्दछ । त्यतिमात्र नभएर अङ्ग्रेज जनरल उडलाई पराजित गरेको उपलक्ष्यमा तानसेनमा निर्माण गरिएको भगवतीको नाम उनै कान्छी श्रीमती तथा आफ्नो नाममा राखेको देखिन्छ । हुनतः उजीरसिंहको श्रीमतीको नामका सम्बन्धमा एक रूपता पनि पाइँदैन । उनका दुई श्रीमतीमध्ये एकको नाम उजलदेवी र अर्कीको नाम राजकुमारी भएको भन्ने पनि पाइन्छ ।[१५] यहाँ प्रस्तुत गरिएको सामग्रीले राजकुमारीलाई जेठी मान्नुका अतिरिक्त उनीबाट एक जना छोरीको जन्म भएको र तिनको नाम जगदिव्येश्वरी थप्यानी छेत्रेनी भएको देखिन्छ । यति हुँदाहुँदै पनि उजीर सिंह थापाको वैवाहिक एवम् पारिवारिक जीवनका सम्बन्धमा अझ अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

जेहोस्, उजीरसिंह थापाकी जेठी श्रीमती राजकुमारीलाई वि.सं.१९१९ सम्म राज्यबाट कुनै सहुलियत अर्थात् पेटिया वा ज्यूनी दिएको देखिँदैन । सम्भवतः त्यसैकारण उनले राजाको नाममा एउटा निवेदन दिएकी थिइन् । बरु उनकी छोरी जगदिव्येश्वरीलाई वि.सं. १९१२ साल चैत्र वदि ८ रोज का दिन घरवारी छाप गरी लालमोहर जारी

---

११ भवेश्वर पंगेनी, पाल्पा गौंडाको तैनाथवाला र तिनको परिचयः वि.सं. १८६१ देखि २००७ सम्म, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत इतिहास विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि इतिहास केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँमा प्रस्तुत शोधपत्र (अप्रकाशित), वि.सं. २०४५, पृ. ३४ ।

१२ पंगेनी, पाद टिप्पणी नं.९, पृ. ४६ ।

१३. ऐजन, पृ. ३५ ।

१४. कर्णेल उजीरसिं थापा छेत्रीको जेठी मुष्यानी राजकुमारी थप्य (या?) नी छेत्रेनीलाई वि.सं. १९१९ साल मिति आषाड वदि ८ रोज ५ का दिन ज्यूनी दिने सम्बन्धी रूक्का ।

१५. कर्णबहादुर बानियाँ र रामेश्वर श्रेष्ठ, उजिरसिंह थापा (राष्ट्रभक्त सेनापति), विश्वविद्यालय अनुदान आयोगको सचिवालय, काठमाडौँमा पेश गरेको लघु अनुसन्धान (अप्रकाशित), वि.सं. २०५४, पृ. ६० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको पाइन्छ । यो लालमोहर अनुसार उनलाई मोहरू. ६३।।.।।३ (त्रिसट्ठी रूपैयाँ बाह्र आना दुई पैसा तीन दाम) उठने घरबारी छाप गरिएको थियो । आफ्नो आधारका रूपमा रहेकी छोरीलाई दिइएको उक्त सुविधा पनि वि.सं. १९१९ सालको वालीदेखि राज्यबाट जफत गरिएको देखिन्छ ।

सरकारको यो कदमका विरुद्ध राजकुमारीले 'पेटिया खर्च' तथा 'ज्यूनी' दिलाउनका लागि श्री ५ समक्ष बिन्तिपत्र दिएपछि मात्र उनकी छोरीलाई वि.सं. १९१२ सालमा दिए पनि वि.सं. १९१९ साल जफत भई जगेरा रहेको मोहरू. ६३।।.।।३ उठ्ने घर बारी छाप लगाइएको थियो । त्यतिमात्र नभएर सो जग्गाका अतिरिक्त तेसमा रहेको घर पनि दिइएको थियो । त्यस्तै कौसीतोसाषानाबाट नगद रू २९६ ।१ (दुई सय छयानब्बे रूपैया तीन आना एक पैसा र एक दाम) समेत दिइएको देखिन्छ । यसरी उनलाई नगद तथा घरबारीसमेत जम्मा ३६० रूपैयाँ १९१९ सालको वालीदेखि वार्षिक रूपमा दिइएको थियो । यो सुविधा राजकुमारी थप्यानी छेत्रानीलाई ...**तिम्रा ज्यूताभर ज्यूनी गरीवक्स्यौ तपसील वमो जीम्को षेत पाषा जागीर नगदी रुपैया ली ज्यूनी जानी भोग्य गर...** भनिएको थियो ।[१६] उनलाई यो सुबिधा पेटिया जस्तै दिइएको देखिन्छ, जुन उनको निवेदनमा स्पष्ट उल्लेख छ ।

यसको १७ वर्ष जति पछि वि.सं. १९३६ सालमा उनै राजकुमारी थप्यानी छेत्रानीले प्रधानमन्त्री रणउद्दीप सिंह तथा कम्याण्डर इन चीफ जनरल धीरशमशेर मार्फत् श्री ५ समक्ष पुनः बिन्तिपत्र दिएकी थिइन् । यसपटक भने उनले वि.सं. १९१९ सालमा दिइएको भन्दा अन्य आर्थिक एवम् भौतिक सुविधा माग गरेको नभएर सम्भवतः तिनै जमिनलाई 'विर्ता' को लालमोहर गरिदिन माग गरेको देखिन्छ । यसै प्रसङ्गमा उल्लेख्य सन्दर्भ के देखिन्छ भने वि.सं. १९१९ सालमा घर जग्गाबाट जम्मा रू. ६३।।.।।३ उठने कुरा लेखिएको थियो भने यसपटक उल्लेख गरिएको सो रकम फरक पाइन्छ । यसपटक विर्ताका लागि खेत मुरी ।१३ र सोको उठ्ती मोहरू ७ ।।३ तथा पाखो रोपनी २८।। र सोको उठती मोहरू ५१।।। समेत जम्मा खेत र पाखो ३२ रोपनी तथा जम्मा उठती मोहरू ५९ ।।३ (उन्साठी रूपैया दुई आना तीन पैसा र दुई दाम) भएको देखिन्छ ।[१७]

राजकुमारीको उक्त बिन्तिपत्र अनुसार वि.सं. १९३६ साल मिति भाद्र सुदी १२ रोज ६ का दिन जारी गरिएको लालमोहरमा ...**गोकर्ण लोहकिल् टार षेत मुरि । १३ को उठती मोरू ७ ।। ३ पाषो रोपनी २८।। को उठती मोरू ५१ दल ।। । ज्मा षेत् पाषो रोपनी ३२ को उठ्ती मोरू ५९ ।।।२ भयाको जगा १९३६ सालका वाल (लि?) देषी हाम्रा वर्ष ५० का उमेर हुदा विर्ताका लालमोहर गरिवक्स्यो सो जगा विर्ता जानी तिम्रा संतान् दवरसंतान पर्ज्यांत सुष भोग्य गर** ... भन्ने अधिकार दिइएको थियो ।[१८]

समग्रमा राज्यले सुविधाका रूपमा भारदारका परिवारलाई जीवन निर्वाह गर्नका लागि दिने गरेको 'पेटिया' आँफूलाई दिनका लागि राजकुमारीले माग गरेकी थिईन् । उनको माग पेटिया खर्चका लागि भए तापनि उनलाई पहिलो पटक 'ज्यूनी' तथा दोस्रो पटक 'विर्ता' दिइएको देखिन्छ ।

---

१६. कर्णेल उजीरसिं थापा छेत्रीको जेठी मुष्यानी राजकुमारी थप्य (या?) नी छेत्रेनीलाई वि.सं. १९१९ साल मिति आषाढ वदि ८ रोज ५ का दिन ज्यूनी दिने सम्बन्धी रूक्का । बिस्तृत जानकारीका लागि यो रूक्का परिशिष्ट नं. २ मा दिइएको छ ।

१७. कर्णेल उजीरसिं थापा छेत्रीको जेठी मुष्यानी राजकुमारी थप्य (या?) नी छेत्रेनीलाई वि.सं. १९३६ साल मीती भाद्र सुदि १२ रोज ६ का दिन दिएको वीर्ताको लालमोहर ।

१८. ऐजन । बिस्तृत जानकारीका लागि यो रूक्का परिशिष्ट नं. ३ मा दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनरल रणवीरसिंह थापा

नेपालको इतिहासमा जनरल रणवीरसिंह थापाको पनि उल्लेख्य योगदान पाइन्छ । उनी जर्नेलर–काजी अमरसिंह थापाका छोरा हुन् ।[१९] अमरसिंह थापाका ५ छोराहरूमध्ये जेठा भीमसेन थापा थिए भने कान्छा रणवीरसिंह थापा थिए ।[२०] उनको मृत्यु वि.सं. १९१९ मा भएको कुरा उनकै वंशजका एक जनाले उल्लेख गरेका छन् ।[२१] एउटा सरकारी सामग्रीले उनको मृत्यु वि.सं. १९११ भन्दा अगाडि नै भएको देखाउँछ । यो वर्ष अर्थात् १९११ सालका वालिलाई रणवीरसिंह थापाकी मुख्यानी अर्थात् श्रीमती लगायत छोरा–३, बुहारी–६, नाति–३ र नातिना–२ समेत जम्मा १५ जनाका लागि राज्यले पेटिया खर्च तोकेको पाइन्छ ।[२२] पेटिया खर्च भनेको कुनै भारदार वा कुलीन व्यक्तिका परिवारले जीवन धान्न असमर्थ भएमा जीवन–निर्वाहका लागि दिइने सरकारी जग्गा–जमिनस खुवाबिर्ता हो ।[२३] यो परिभाषाबाट जनरल रणवीरसिंह थापाको मृत्युपछि परिवारको जीवन निर्वाहका लागि राज्यले उनलाई पेटिया खर्च दिएको देखिन्छ । त्यसैकारण शमशेरबहादुरले उल्लेख गरे जस्तो नभएर उनको मृत्यु वि.सं. १९११ अगाडि नै भएको कुरालाई यो सामग्रीबाट बल मिल्दछ । हुनतः रणवीर सिंह जीवित रहँदै दिइएको भए उनकै नाममा पेटिया खर्चको कागज लेखिनु पर्ने हो । जेहोस्, रणवीरसिंहको मृत्युका सम्बन्धमा प्रस्तुत सामग्रीले झन अन्योल बनाइदिएकाले यस बारे अझ अनुसन्धान गर्नु पर्ने अवस्था आयो

रणवीरसिंह थापाकी मुख्यानीको परिवार ठूलो देखिन्छ । १५ जनाको यो परिवारको भरणपोषणका लागि उनलाई वि.सं. १९११ भन्दा पहिले नै पेटिया खर्च' बापत रू. १३०० (एक हजार तीन सय) दिइएको पाइन्छ । यस वर्ष सो रकममा रू. २०० उठती हुने जमिन थप गरी "... पेटिया षर्च वदे भर्ना भयाका षेत जगा वाहालको तिर्जा..." दिइएको थियो ।[२४] थप रकम रू. २०० मा 'षेतको ज्मा रूपैया २०० ।।।२, षेत(५।७७, धान–१३५।१०, ताके रु–१८०।। ।२ र ठेक रु–१३ ॥ परेको देखिन्छ ।[२५] यो समेत रणवीरसिंह थापाकी मुख्यानीलाई दिइएको रकम 'पेटिया खर्च' अन्तर्गतको नै थियो ।

काजी सिंहवीर पाँडे

पेटियाखर्चकैसन्दर्भमामाथिउल्लिखितपरिवेश भन्दा काजी सिंहवीर पाँडेको अवस्था फरक देखिन्छ। उनी काजी तुलाराम पाँडेका नाति तथा काजी जगजित पाँडेका छोरा थिए । जगजित पाँडेका ४ छाराहरूमध्ये सिंहवीर सम्भवतः काहिँला थिए ।[२६]

---

१९. पंगेनी पाद टिप्पणी नं. ९, पृ. ४३–४४ ।

२० समशेरबहादुर थापा, रणवीरसिंह थापा, ललितपुरः जगदम्बा प्रकाशन, मिति अनुल्लिखित, पृ. ११ ।

२१ ऐजन, पृ. २९१ ।

२२ जनरल रणवीरसिंह थापाकी मुख्यानी, छोरा, बुहारी, नाति, नातिनासमेत जम्मा १५ जनाका लागि पेटिया खर्च तोकिएको वि.सं.१९१० साल माघ सुदि १३ रोज ७ को तिर्जा ।

२३ पराजुली (सम्पा.), पाद टिप्पणी नं. ७, पृ. ८५१ ।

२४ जनरल रणवीरसिंह थापाकी मुख्यानी, छोरा, बुहारी, नाति, नातिनासमेत जम्मा १५ जनाका लागि पेटिया खर्च तोकिएको वि.सं.१९१० साल माघ सुदि १३ रोज ७ को तिर्जा । बिस्तृत जानकारीका लागि यो तिर्जा परिशिष्ट नं. ४ मा दिइएको छ ।

२५ ऐजन

२६ भीमबहादुर पाँडे क्षेत्री, राष्ट्रभक्तिको झलकः पाँडेवंशको भूमिका (वि.सं. १५९६–१९०४), काठमाडौँ रत्न पुस्तक भण्डार,वि.सं. २०४१ (दोस्रो संस्करण), पृ. २५५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनलाई वि.सं. १८९७ साल पौष महिनामा पाल्पा गौडाको 'तैनाथवाला' नियुक्त गरिएको थियो ।[२७] यसको १४ वर्ष जतिपछि उनलाई 'पेटिया खर्च' दिएको देखिन्छ । वि.सं.१९११ आषाढ वदि १२ रोज ५ का दिन उनीसमेत ७ जनाको परिवारलाई प्रति व्यक्ति रू. ३८ का दरले जम्मा रकम रू.२६६ आम्दानी हुने खेत तथा पाखो (बारी) 'पेटिया खर्च' तोकिएको थियो ।२८ पेटिया खर्च वापत उनको नाममा जम्मा षेत-३।२१, धान्-८८।७, गहु-१। ९, घ्यु-८॥ ॥।२, दरदाम् षेत् ३।२१ को उठति मोहरू २०९॥। ॥२, धानमुरि ८८।७ के दर ।९ ताके रु १९६। ।२,गहु मुरि १।९ के दर ६ ताके रु ४॥। ।२, ध्यु षानी रु ८॥ ॥।१"...पेटीया षर्च वदे भर्ना भया..." उल्लेख गरिएको तिर्जा दिइएको थियो ।[२९]

उपसंहार

राणाकालीन नेपालको प्रशासनिक व्यवस्था निश्चित नियम, कानुन एवम् ऐनबाट नभई शासक तथा भारदारको इच्छाबाट चलेको देखिन्छ । त्यसै कारण निर्धारित पदको हैसियतलाई बेवास्ता गरी कुन व्यक्ति शासकको कति निकटस्थ छ, सोही अनुसार अधिकार तथा सुविधा दिने गरेको पाइन्छ। माथि उल्लिखित पेटिया खर्चमा देखिएको विविधता पनि सम्भवतः यसै सिद्धान्तबाट अछुतो नहोला ।

कर्णेल उजीरसिंह थापाकी श्रीमती राजकुमारीको परिवारको उल्लेख नै नगरी वार्षिक रू. ३६० समेत घर दिईयो। रणवीरसिंह थापाको १५ जनाको परिवारलाई रू. १५०० तथा काजी सिंहवीर पाँडेको परिवारलाई रू. २६६ दिइएको देखिन्छ। यस दृष्टिले राजकुमारीको परिवारको संख्या उल्लेख नगरिएकाले प्रति व्यक्ति कति रकम थियो भन्ने स्पष्ट हुँदैन भने रणवीरसिंहको परिवारको प्रति व्यक्तिलाई रू. १०० दिइयो भने सिंहवीरको प्रति व्यक्तिलाई रू. ३८ दिइयो । यसरी दुई परिवारलाई दिइने रकममा रू. ६२ फरक परेको देखिन्छ ।

राजकुमारीले स्पष्ट शब्दमा 'पेटिया खर्च ज्यूनी' पाउनका लागि श्री ५ समक्ष लिखत निवेदन दिएकोमा पहिला उनलाई उल्लिखित रकम आम्दानी हुने घर, बारी तथा खेत 'ज्युनी' का रूपमा दिइयो । ज्युनी उनको जीवन भरका लागि दिइन' उपयुक्त देखिन्छ। तर, यसको १७ वर्ष जति पछि पुनः उनैको निवेदनानुसार उक्त 'ज्युनी' लाई 'विर्ता' मा रूपान्तरित गरी त्यसलाई 'सन्तान दर सन्तान पान्त' लाई सो सुविधा दिइयो । शाब्दिक दृष्टिबाट राजकुमारीलाई पेटिया खर्चका रूपमा उक्त सुविधा दिइएको देखिँदैन, जबकि रणवीरसिंहको मुख्यानी तथा सिंहवीर पाँडेलाई स्पष्ट रूपमा पेटिया खर्च उल्लेख गरी सुविधा दिइएको थियो ।

जहाँसम्म भारदारको मृत्यु भएपछि परिवारको भरण पोषणका लागि राज्यले पेटिया खर्चसमेतका रूपमा सुविधा दिने सन्दर्भ छ, सिंहवीर पाँडेको नाममा पेटिया खर्चको लालमोहर लेखिएकाले उनी जीवित हुँदा नै उनको परिवारलाई सो सुविधा दिइएको देखिन्छ। यो पनि राणाकालीन प्रशासनमा एउटा उल्लेख्य उदाहरण हो।

---

२७. पंगेनी, पाद टिप्पणी नं. ११, पृ. ५०।

२८. काजी सिहवीर पाँडेसमेत जना ७ को परिवारलाई जनही रु ३८ का दरले आवश्यक पर्ने पेटिया खर्च रकम रु २६६ आम्दानी हुने खेत तथा पाखो दिइएको वि.सं. १९११ आषाढ वदि १२ रोज ५ को तिर्जा।

२९ ऐजन। बिस्तृत जानकारीका लागि यो तिर्जा परिशिष्ट नं. ५ मा दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट

परिशिष्ट नं. १

देउभक्त खड्कालाई प्युठान जिल्लामा खेत तथा पाखो बारी 'मरवट' दिइएको सम्बन्धी वि.सं. १८९५ साल मिति माघ वदि ३ रोज ४ को रुक्का

श्री

रुक्कासौं

आगे देउभक्त ष्डका के प्युठानका अम्वलमध्ये तेरा वावु असिधर षडका भाई दयाराम षडकाले आम्रा काज निमित्त जिउदिदा. मरवट वक्सी आजसम्म तैले षाई वेहारि आयको रंम्दि भन्याको पाषो जगा र धुदिषेत १, पार्थुगा षेत मुरि।२० ज्मा षेत १।२० मरवट गरि थामि वक्स्यौं आफ्ना षातिर जामासंग हाम्रा निमकको सोझो चिताई मरवट जानि भोग्ये गर इति सम्वत् १८९५ साल मिति माघ वदि ३ रोज ४ शुम्भ्.........

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट नं. -२

कर्णेल उजीरसिं थापा छेत्रीको जेठी मुष्यानी राजकुमारी थप्य (या?) नी छेत्रेनीलाई वि.सं. १९१९ साल मिति आषाड वदि ८ रोज ५ का दिन ज्यूनी दिने सम्बन्धी रुक्का

कर्णेल उजीरसिंह थापा

प्रसस्ती रुक्कासौं

आगे. कर्नैल्. उजीरसिं थापा छेत्रीको जेठि मुष्यानी राजकुमारी थप्यनी छेत्रेनी के तीमीले अरु सवैले पे तीया षर्च ज्यूनी पायको छ मैले श्री ५ सर्कार बाट केही पायाको छैन मेरी छोरी जगदिव्यश्वरी थप्यानी छेत्रे नीलाई १९१२ साल चैत्र वदी ८ रोज मा घरवारी छाप गरी लाल मोहर गरी वक्स्याको उठती मो रु ६३॥। ॥३ भयाको र तेस् जगाभित्रको घर स्मेत् १९१९ सालका वालीदेषी जवद भै जगेरा रह्याको छ सोही घरवारी छाप जगा र अरु जो वक्स्याको षेत पाया नगद लि षाई जिविका गरी वस्ताहुं भनी हामी मार्फत् श्री ५ सर्कार मा विति पार्दा निज कर्नैलकी जेठी मुष्यानी राजकुमारी थप्यानी छेत्रेनीकी छोरी जगदिवश्वरी थप्यानी छे त्रेनीलाई १९१२ साल चैत्र वदी ८ रोज मा घरवारी छाप भयको १९१९ सालका वाली देषी जफद भै रह्याको तपसील वमोजिम्को जगाको उठती मोहरूपैया ६३॥। ॥३ को जगा र तेसै जगाभीत्रको घर औ कौसीतोसाषानावाट लेना नगदी मोहरू २९६।१ ज्मा उठति मोहरू ३६० साल १९१९ का वाली देषी ज्यूनीको रुक्का दस्षत् गरी दिनु भनी हुकुम् व क्स्याको छ तसर्थ १९१२ साल चैत्र वदी ८ रोज मा जगदिवेश्वरी थप्यानी छेत्रेनी लाई घरवारी छाप गरी वक्स्याको जगा १९१९ सालका वालीदेषी जवद भै रह्याको तपसील वमोजिम्का उठति मोहरू ६३॥।.॥३ को जगा र तेसै जगा भीत्रको घर कौसी तो साषानावाट सालवसाल् लेना नगदी मोहरू २९६।१ ज्मा उठति मो हरू ३६० साल १९१९ का वाली देषी तिम्रा ज्यूताभर ज्यूनी गरीवक्स्यौ तपसील वमोजीमको षेत पाषा जागीर नगदी रूपैया ली ज्यूनी जानी भोग्य गर...............

तपसिल्

जगा भर्ना षेत् पाषाको उठति मोरू		६३॥।.॥३			
षेत्को उठति		७। ॥३			
असामी		षेत	धान्	गहु	घ्यू
गोकर्ण छकील्टार रणवं थापाले					
वेष भनी षायाको मोही श्रीकृष्ण षड					
का काजी सिंहवीर पाडेको पेटीयाको		।१३	३।	।३	।

दर्दाम्

धान मुरी	३। के दर।९ ताके	६॥ ॥३	
गहु	।३ के दर।६ ताके	॥	
घ्यू षानी		।	
			७। ॥३

पाषो गोकर्ण राईटर काजी सींहवीर पाडेको पेटिया षर्च को	५६।
ऐ ऐ ऐ मध्ये वन्याको घर वारी....................	
साल वसाल् कौसीतोसाषानावाट लेना नगदी मोहरू	२९६।१
	३६०

इति सम्वत् १९१९ साल मिति आषाड वदी ८ रोज ५ शुम्भ्..............................

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट नं. ३

कर्णेल उजीरसिं थापा छेत्रीको जेठी मुष्यानी राजकुमारी थप्य (या?) नी छेत्रेनीलाई वि.सं. १९३६ साल मिति भाद्र सुदि १२ रोज ६ का दिन दिएको वीर्ताको लालमोहर।

आगे कर्णेल उजीरसिं थापा का ज्येठी मुष्यानी राजकुमारि थप्यानी छेत्रानी के मलाई १९ सालमा मप्ति छाप गरि वक्स्याको गोकर्ण लोहकील् टार षेत् मुरि।१३ को उठ्ती मोहरू ७ ॥३ पाषा रोपनी २८॥ को उठती मोहरू ५१॥ । ज्मा षेत पाषा रोपनी ३२ को उठती मोहरू ५९॥।३ भयाको जगा ३६ सालका वाली देषी विर्ता गरिवक्से थरघरका नाउमा प्रमान्गीको लालमोहर भै साधसिवाना भै मेदवंदी स्मेत् भयाको छ विर्ताको लालमोहर भयाको छैन वीर्ताको लालमोहर गरिवक्स्याको हो भनी तीमीले श्री मदती प्रचंराड भुजडराडेत्यादी श्रीश्रीश्री महाराज रणउद्दीप सिह राणावहादुर के सियस् आइ थोङ्लीङ् पिम्माको काङ्वाङ् स्यान् प्राइमिनीष्टर याराड कम्यांडर इन चीफ् र श्रीमद्राज कुमार कुमारात्मज श्री कम्यांडर इन चिफ जनरल धीरस्मेर (समसेर?) जङ्ग राणावहादुर मार्फत हाम्रा हजुरमा विंती पार्दा जाहेर भयो तसर्थ १९१९ सालदेषी माफी छाप गरि वक्स्याको गोकर्ण लोहकिल् टार षेत मुरि १३ को उठती मोरु ७ ॥३ पाषो रोपनी २८॥। को उठती मोहरू ५१॥ । ज्मा षेत् पाषो रोपनी ३२ को उठ्ती मोहरू ५९ ॥२ भयाको जगा १९३६ सालका वाल (लि?) देषी हाम्रा वर्ष ५० का उमेर हुदा विर्ताका लालमोहर गरिवक्स्यो सो जगा विर्ता जानी तिम्रा संतान् दवरसंतान पर्ज्यांत सुष भोग्य गर सो विर्ता साध सीवाना गरि सही छाप गरि दीयाको ३६ साल ज्येष्ठ सुदी १५ रोज ४ का मेडवंदी वमोजीम् साध गोकर्ण राइटार लोहकील थरिवारि षेत् रोपनी ३ वारि रोपनी १९॥ ले ज्मा रोपनी २३ तस्को साध पूर्व चौतरियाको माना चावल् वारि र पांडौका घर नेराको वाटाका दील् साध लुहकील दक्षिन् वाटो र पांडौले कमायाका चौतरियाको माना चावल्को वारि कोदील् साध लुहकिल् पश्चीम् वाटाका दील् र रैकर षेतको लीग (डिल?) साध लुहकिल् उतर रैकर षेत्को आली साध लुहकील् दफे नाईकेले कामयाको वारि रोपनी ९ तस्को साध पुर्व दील् रासेका घरको करासो र रैकरं वारिको दील् साध लुहकील दक्षीम् (ण?) चौतरियाको माना चावर (ल?) वारीको र आली साध लुहकील पश्चीम् रैकर वाभ्फो र पोषरी को दील् साध लुहकिल् उतर वाभ्फो रैकर षेतको आली साध लुहकील् यती सवै सिवाना भीत्र ज्मा षेत् रोपनी ३२ यो विर्ता साध लाउन्या थरघर भक्त(नन्द पाध्या डगोल् ब्राह्मटेलको भाजु विर कुलवंत भजा देवल को राजमान् सदरको सिपाही माहावीर्थापा गोकर्ण छान्या हर्ष मोही नाइक्या हरि (?)नाईक्या वाहादुरसिं प्रधान् वांगसिम हान्या सिपाही कुरिया वहादुर सिंहविर राजमान् विर्ता वालतर्फवाट आउन्या वलभद्र पाध्या भद्र विचारि भवानी संषर पाध्या इतिसम्वत् १९३६ साल मीती भाद्र सुदी १२ रोज ६ शुभ्म्.....................................

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट नं. -४

जनरल रणवीरसिंह थापाकी मुख्यानी, छोरा, बुहारी, नाति, नातिनासमेत जम्मा १५ जनाका लागि

पेटिया खर्च तोकिएको वि.सं.१९१० साल माघ सुदि १३ रोज ७ को तिर्जा

जनरल रणविरसिंह थापाका मुष्यानि १ छोरा ३ बुहारि ६ नाति ३ तानिनि (नातिनि?) २ ज्मा जना १५ के पेटिया षर्च वावत् अघि वक्स्याका मोहर रूपैया १३०० माथि १९११ सालका वालिदेषि थप् गरिवक्स्याको मोहर रूपैया २०० को भर्ना तपसिल् वमोजिम् तालुक् तालुक्वाट र जागिरदार वाट देषि आयाका कागज वमोजिम् उठति मोहर रु २००॥। को जगा १९११ सालका वालिलाई भर्ना गरि दिञ्जू तपसिल्मा लेषिया वमोजिम् तालुक् तालुक्का ढडा लि असुल् तहसिल गर्नु जगामा असुल् तहसिल गर्दा ठेकियाको उठति ज्मामा १९१० साल्को षोलो पैरो वेकायम् दोभरा र हेछ भन्या सदर दफ्दरषनामा आई जगा आयाका तालुक्दरसंग रोवरर (?) माहा(जाचका ढडामा रुजु गरि मिलाई सट्टा लिनु ठेकियाका ज्मामा भुल् चुक् भै १९१० सालंको ज्मा घटि दरियाको रहेछ भन्या निज दफदर षानामा वुझाउर्नु १९११ साल देषि ठेकियाको ज्मा भंदा केहि वद् भयो भन्या पनि जागिरदारले षानु पोलो पैरो असिना सक्का गैहले वेकायम् भै घट्यो भन्या जागिरदारले सहनु. मिन्हा नमागनु भनि पेटिया षर्च वदे भर्ना भयाका षेत जगा वाहाल्को तिर्जा...

तपसिल्

षेतको ज्मा रूपैया २०० ॥।२

षेत-५।७७

धान-१३५।१०

ताके रु-१८०॥ ।२

ठेक रु-१३॥

जम्मा रु-२०० ॥।२

इति सम्वत् १९१० साल मिति माघ सुदी १३ रोज ७ शुम्भ्........................

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट नं. -५

काजी सिहवीर पाँडेसमेत जना ७ को परिवारलाई जनही रू. ३८ का दरले आवश्यक पर्ने पेटिया खर्च रकम रू २६६ आम्दानी हुने खेत तथा पाखो दिइएको वि.सं. १९११ आषाढ वदि १२ रोज ५ को तिर्जा

का षेत पाषा वाहालको तिर्जा.........

तपसिल्

पाषो गोकर्ण राइटार गणेशदल ८ पट्टि का

ज्मादार गंभीरसिं कुवर राणाजीको भिकुवा १ के ५६।

२६६ ॥२

काजी सिहवीर पाडेस्मेत परीयार जना ७ के जनहि रु ३८ का द्रले पेटीया षर्च चाहिन्या मोहरूपैया २६६ के तपसिल वमोजीमका षेत पाषाको तपसिल वमोजीम् तालुक तालुक वाट लेषी आयाको कागज वमोजीम उठती मोहरू रूपैया २६६ ॥२को जगा १९११ सालका वालि लाइ भर्ना गरिदिञ्युं तपसिलमा लेषीया वमोजीम तालुक तालुकका ढडा ली असुल तहसिल गर्नु जगामा असुल तहसिल गर्दा ठेकीयाका ज्मामा १९१० सालको केहि षोलो पैरो वेकायेम दोभरा रहेछ भन्या सदर द दफ्दरषानामा आइ जगा आयाका तालुकदारसंग रोवरर माहाजाचका ढडामा रुजु गरि मिलाइ सट्टा लीनु ठेकीयाका ज्मामा भुल चुक भै १९१० सालको ज्मा घटि दरि याको रहेछ भन्या नीज दफ्दरषानामा आई वुझाउनु १९११ सालका वालीलाइ ठेकीयाका ज्मा भन्दा केहि वढ भयो भन्या पनि जागीरदारले षानु षोलो पैरो असिना सुक्का गैह्रले वेकायेम भै घट्यो भन्न पनि जागीरदरले सहनु मिन्आ नमागनु भनी पेटीया षर्च वदे भर्ना भयाका षेत पाषा वाहालको तिर्जा.......

तपसिल्

ज्मा षेत–३।२१

धान्–८८।७

गहु–१।९

घ्यु–८॥ ॥।२

दरदाम्

षेत् ३।२१ को उठति मोहरू	२०९॥।.॥२
धानमुरि ८८।७ के दर।९ ताके रु	१९६।।२
गहु मुरि १।९ के दर।६ ताके रु	४॥।।२
ध्यु षानी रु	८॥ ॥।१
पाषो गोकर्ण राइटार गणेशदल ८ पट्टि का	
ज्मादार गंभीरसिं कुवर राणाजीको भिकुवा	१ के ५६।
	२६६ ॥२

इति सम्वत् १९११ आषाढ वदी १२ रोज ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयमा संग्रहित पद्मसंभवका जीवनी ग्रन्थहरू

पुण्यप्रसाद पराजुली*

पृष्ठभूमि

नेपालको हिमाली तथा पहाडी क्षेत्रका बौद्ध जनजातिहरूमा सबै भन्दा लोकप्रिय धार्मिक व्यक्तित्व गुरू पद्मसंभव हुनुहुन्छ । त्यति मात्र नभइ भोट लगायतका भुटान, सिक्किम, दार्जीलिङ, लद्दाख, अरुणाचल प्रदेश, हिमाञ्चल प्रदेश जस्ता भोट भाषामा अनुदित बौद्ध ग्रन्थहरूमा आधारित बौद्ध धर्म मान्ने क्षेत्रहरूमा पनि गुरु पद्मसंभवको पूजा र स्तुति अत्यधिक मात्रामा गरिएको पाइन्छ । गुरू रिन्पोछेको नामले पनि चिनिनु हुने उहाँको जन्म प्राचीनकालमा ओडियान भनिने हालको पाकिस्तान अन्तर्गत स्वाट उपत्यकामा भएको मानिन्छ । उहाँको तपोभूमि नेपाल र कर्मभूमि भोट क्षेत्र रहेको पाइन्छ। उहाँको जीवनलाई विभिन्न रूपमा वर्णन गरिएका दशभन्दा बढी जीवनी ग्रन्थका अनेकौं संस्करणहरू राष्ट्रिय अभिलेखालयको संग्रहमा पाइएका छन् । तिनै जीवनी ग्रन्थहरूको विषयवस्तुलाई प्रस्तुत लेखमा दर्शाउन खोजिएको छ।

भोटमा बौद्ध धर्म

गुरू पद्मसंभवलाई धेरै इतिहासकारहरूले भोट र अन्य हिमाली क्षेत्रमा गुह्यमन्त्र बज्रयानका शुरुवातकर्ता भृकुटीको सक्रियतामा भोटमा बौद्ध धर्मका केही पक्षहरू प्रवेश गरेका थिए । सम्राट स्रोञ्चेन गाम्पो र उनका केही मंत्रीहरू बौद्धमार्गी भएता पनि जनस्तरमा यो धर्मले त्यति असर पारेको थिएन। संभोट लिपिको विकास भई वीस जति संस्कृत भाषाका बोधिसत्व अवलोकितेश्वरसँग सम्बन्धित ग्रन्थहरू मात्र अनुवाद गरिएका थिए ।

आठौं शताब्दीको उत्तरार्धमा अर्का भोट सम्राट ठिसोङ देउचेनको पालामा भने नेपालको फर्पिङमा स्थित असुर गुफामा ध्यान गरि रहनु भएका गुरु पद्मसंभवलाई निमन्त्रणा गरी भोट लगिए पछि भने बौद्ध धर्मका धेरैजसो पक्ष त्यहाँ लोकप्रिय हुन पुगे । बौद्ध धर्मका श्रावकयान, बोधिसत्वयान र गुह्यमन्त्र बज्रयानका सबै पक्षहरूलाई क्रमबद्ध रूपमा समेटिएको एकीकृत बौद्ध धर्मलाई तेह्र सय वर्षसम्म जीवन्त रूपमा कायम राख्नमा पद्मसंभवको अद्वितीय योगदान रहेको छ । उहाँले तत्कालीन समयमा लगभग ५५ वर्ष भोट क्षेत्रका विभिन्न क्षेत्रमा पढाउनु र ध्यान गराउनु भएको थियो । शुरुमा राजा लगायत २५ जनालाई पढाउनु भएकोमा पछि हजारौं मानिसहरूलाई बुद्धको सद्धर्ममा प्रवेश गराउनु भएको थियो। नेपालको मुस्ताङ क्षेत्रमा पर्ने लो गेकार अर्थात् घार गुम्बा उहाँले बनाउनु भएको पहिलो हिमाली क्षेत्रको गुम्बा (विहार) थियो । साम्ये लगायतका धेरै गुम्बामा बौद्ध साधकहरूलाई तीन वर्ष तीन महिनाको सघन अभ्यास कार्यक्रममा संलग्न गराइ लामा गुरुहरूको प्रशिक्षण शुरु गर्नु भएको थियो ।

तत्कालीन समयका चेलाहरूले बुझ्न नसकेका कुराहरू भविष्यका उपयुक्त शिष्यहरूले बुझ्न भनी निधि धर्मको रूपमा भोटको भूभागमा राखीदिनुभएको थियो जसलाई आजसम्मका सुयोग्य गुरुहरूले उपयुक्त परिस्थितिमा प्रकाशन गरी जनमानसमा ल्याइरहनुभएको छ। भोट भाषामा यस्ता निधि धर्महरूलाई तेर्गा भनिन्छ भने तिनीहरूलाई निकाल्ने निधि प्रकाशक गुरुहरूलाई तेर्तोन भनिन्छ।

*तिब्वती विशेषज्ञ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरु शिष्यको अटुट परम्पराबाट आएका बुद्ध वचन (कामा) को अलावा निधिहरूबाट निकालिएका तेर्मा उपदेशहरू पनि भोट लगायतका हिमाली क्षेत्रमा प्रचलित छन् । हाल न्यीङ्भाषा भनेर चिनिने अधिकांश बौद्ध मार्गीहरू गुरु क्पद्मसंभवलाई दोश्रो बुद्धको रूपमा मान्ने गर्छन् ।

ईशाको एघारौं शताब्दीमा बंगाली बौद्ध गुरु अतीश दीपङ्करले शुरुवात गरेको बौद्ध धर्मका अनुयायीहरूलाई कादाम्या भनिन्छ । अतीश सन् १०४२ देखि १०५५ सम्म पश्चिम तिब्वतमा रहनु भएको थियो । त्यसै गरी भोट अनुवादक डोग्मी लोचावाले अनुवाद गरेका बौद्ध ग्रन्थहरूलाई मूल मान्ने बौद्ध अनुयायीहरूलाई साक्यापा भन्ने गरिन्छ। अर्का भोट अनुवादक मार्पा लोचावाद्वारा अनुदित ग्रन्थमा आधारित बौद्ध धर्मानुयायीहरूलाई काग्युपा भनिन्छ। तिनीहरूको अलावा चौधौं शताब्दीका भोट गुरु चोंखापा (सन् १३५७-१४१९) ले सुधार गरे को बौद्ध धर्मका अनुयायीहरूलाई गेलुग्या भनिन्छ। आजकलसम्म पनि यिनै विभिन्न परम्पराका बौद्ध धर्मको अभ्यास र अध्ययन कायम छ। भोटभाषामा हजारौंको संख्यामा बौद्ध ग्रन्थहरू अनुवाद भएका र लेखिएका पाइन्छन्।

भोट वाङ्मय

सातौं शताब्दीका भोट मंत्री थोन्मी संमोटले तीस व्यञ्जन र चार स्वरहरू भएको भोट वर्णमालाको निर्माण गरे पछि शुरुमा संस्कृत भाषामा रहेका बौद्ध ग्रन्थहरूको अनुवाद गरियो। त्यो क्रम ईशाको चौधौं शताब्दीसम्मै कायम रहेको थियो। हाल पनि अनुदित वाङ्मयको मात्रा मौलिक रचना भन्दा धेरै नै बढी रहेको छ। संस्कृत आदि भारतवर्षका भाषाहरूबाट अनुदित ग्रन्थहरूलाई काग्युर (बुद्ध वचन अनुवाद) भनिन्छ। बुद्ध वचनलाई व्याख्या गरिएका शास्त्रहरूको अनुवाद गरिएका ग्रन्थहरूलाई तेन्ग्युर (बौद्ध शास्त्र अनुवाद) भनिन्छ। राष्ट्रिय अभिलेखालयको संग्रहमा १०२ पोथी काग्युर ग्रन्थहरू छन् भने २२५ वटा ठेली तेग्युर ग्रन्थहरू छन् । भोटको नारथाङ नामका ठाउँमा छापिएका दुई सेट प्राचीन संस्करणका काग्युरको अलावा थुप्रै फुटकर रूपमा लेखाइएका र छपाइएका ग्रन्थहरू पनि यहाँ सुरक्षित छन् ।

गुरु पद्मसंभवले ईशाको आठौं शताब्दीमा धर्म निधिको रूपमा राखेका ग्रन्थहरू पछि निधि प्रकाशकले विभिन्न स्थानहरूबाट निकाली ग्रन्थको रूपमा छपाएका छन्। हजारौंको संख्यामा रहेका यस्ता ग्रन्थहरूका महत्वपूर्ण अंशहरू सम्मिलित गरिएको रिन्छेन तेर्जो नामक ग्रन्थमालामा बौद्ध धर्मका विविध विषयहरू क्रमबद्ध रूपमा समावेश गरिएको छ । उक्त ग्रन्थमालामा नपरेका अधिकांश पुस्तकहरू हिमाली क्षेत्रका गुम्बाहरूमा हालसम्म सुरक्षित छन्।

भोटका साक्या पण्डित (११८२-१२५१), लोङ्छेनपा (१३०८-१४६३) भुतोन रिन्छेन डुव् (१२९०-१३६४) आदि लेखकहरूले अध्यात्म विद्या, चिकित्सा विद्या, वास्तुविद्या, शब्द विद्या र हेतु विद्या विषयमा सयौंका संख्यामा पुस्तक लेखेका छन् । कतिपय कविका कविताहरू दोहाको रूपमा संकलित छन् । साथै ज्यौतिष, कर्मकाण्ड, इतिहास, नाटक आदि परम्परागत क्षेत्रमा भोट वाङ्मय धेरै संवृद्ध छ।

राष्ट्रिय अभिलेखालयको भोट वाङ्मय संग्रह

प्राचीन हस्तलिखित ग्रन्थहरूको संख्या राष्ट्रिय अभिलेखालयमा ठूलो छ । विभिन्न लिपिहरूको प्रयोग गरी लेखिएका र छापिएका त्यस्ता ग्रन्थहरू मध्ये १०२३ पोका पुस्तकहरू भोट भाषामा छन् । भोटमा धेरै ग्रन्थहरूलाई काठमा खोपेर नेपाली कागजमा छाप्ने चलन थियो । त्यसै क्रममा राष्ट्रिय अभिलेखालयका लगभग ४० प्रतिशत ग्रन्थहरू काठमा खोपेर छापिएका (BlocK Print) छन्। यस्ता ग्रन्थहरू विभिन्न बुद्ध तथा देव देवीका आकृतिहरू पनि कुँदिएर छापिएका छन् । लगभग ६० प्रतिशत ग्रन्थहरू उमे, उछेन, ख्युग्यीग, डुशा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्ता लिपिहरूमा लेखिएका छन्। हालसम्म सूचीकृत ग्रन्थहरू मध्ये ३५०० को संख्यामा हस्तलिखित छन् भने बाँकी २५०० छापिएका छन् । काठमा खोपेर छापिएका अत्यधिक लामा ग्रन्थहरू यहाँ छन्।

विभिन्न माध्यमबाट राष्ट्रिय अभिलेखालयमा आइपुगेका यस्ता ग्रन्थहरूलाई वर्गीकरण नगरीकन पोकाहरूमा सुरक्षित राखिएको छ । केही ग्रन्थहरू भोट सरकारले उपहार स्वरूप पठाएका छन् भने धेरै परिमाणमा ग्रन्थहरू पूर्वी नेपालको ओलाङचुङ गोलामा रहेको पाल्री गुम्बाबाट ल्याइएका छन् । केही ग्रन्थहरूमा श्री ३ भीम शम्सेर भन्ने छाप हानिएको छ। धेरै जसो पुस्तकहरू अरु पुस्तकालय तथा व्यक्तिगत सङ्ग्रहमा रहेका पाइन्छन् भने लगभग २०० जति ग्रन्थहरू अति नै दुर्लभ छन् ।

यहाँ रहेका भोट ग्रन्थहरूमा धेरै जसो बौद्ध पूजा विधि र साधनाहरूसँग सम्बन्धित छन् भने आयुर्वेद, वास्तुविद्या, ज्यौतिष, इतिहास जस्ता थुप्रै विषयका पुस्तकहरू पनि यहाँ छन्। हालसम्म दुईवटा सूची पत्र छापिइ सकेका छन् भने निकट भविष्यमै सूचीपत्रहरूको प्रकाशन भए पछि धेरै विद्वान्हरूले यहाँको संग्रहबाट लाभलिन सक्ने छन् । भोटका चार परम्परा मध्ये पुरानो व्यीङ्मापा मतसँग सम्बन्धित ग्रन्थहरूको बाहुल्यता छ। हिमाली क्षेत्रको अर्को महत्वपूर्ण धर्म वोनसँग सम्बन्धित बृहत् पुस्तकहरू पनि यहाँ छन्।

राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म शाखामा पनि लगभग ३५ हजारको संख्यामा भोट वाङ्मयका ग्रन्थहरू रीलको रूपमा छन् । राष्ट्रिय अभिलेखालयमा रहेका १०२३ पोका मध्ये ९५० पोका भित्र रहेका ग्रन्थहरूको माइक्रोफिल्म संस्करण पनि पाइन्छ । ती ३५ हजार शीर्षकमा रहेका ग्रन्थहरूको सूची डाटावेस अनलाइनमा पनि पाइन्छ हिमाली क्षेत्रका विभिन्न ठाउँहरूमा खिचिएका माइक्रोफिल्ममा भोटबाट लोप भइसकेका मानिएका दुर्लभ पुस्तकहरू पनि पाइएका छन्। मुस्ताङ, डोल्पा, नुब्री, लाङ्टङ, हेलम्बु जस्ता भोट भाषा प्रचलित भएका क्षेत्रमा सुरक्षित ग्रन्थहरूको माइक्रोफिल्म संस्करण राष्ट्रिय अभिलेखालयमा पाइएकाले विभिन्न विद्वान्हरूलेयिनीहरूका प्रतिलिपि निकाली रहेका छन्।

पद्मसंभवका ग्रन्थहरू

द्वितीय बुद्धको रूपमा चिनिनु हुने पद्मसंभवले प्रत्यक्ष रूपमा लेखेका ग्रन्थहरू एकाध मात्र पाइन्छन्। उहाँले आफ्ना चेलाहरूलाई बताएका कुराहरू भने चेलाहरूले लेखेर राखेको पाइन्छ । चेलाहरू मध्ये पेशे छोग्याल सबै भन्दा अग्र पङ्तिमा आउँछन्। प्रश्न सोध्नेमा तत्कालीन भोट नरेश ठिसोङ देउचेन प्रमुख थिए । त्यसकारण पद्मसंभवसँग सम्बन्धित ग्रन्थहरूमा ती दुईजनाको नाम अत्यधिक मात्रामा आउँछ। यसरी हेर्दा पद्मसंभवले दिएका प्रवचन, अर्ती, उपदेश, सल्लाह र भविष्य वाणीहरूलाई चेलाहरूबाट लेखिए पछि ग्रन्थको रूपमा आएका देखिन्छन्। राष्ट्रिय अभिलेखालयको सूचिपत्रमा ग्रन्थका लेखकमा पद्मसंभव र सम्बन्धित निधि प्रकाशकहरूको नाम दिइएको छ। यस अर्थमा पद्मसंभवका वचनहरू नै हिमाली क्षेत्रका न्यीङ्मापा मतका धर्मालम्बीका लागि ग्रन्थको रूपमा रहेका पाइन्छन्। पद्मसंभवका आफ्नै वृत्तान्तहरू पनि निधि ग्रन्थको रूपमा पाइएका छन्।

निधि ग्रन्थको रूपमा पुस्तकहरू पाइने क्रम एघारौं शताब्दीमा नेपालको मुस्ताङस्थित लो गेकार गुम्बाबाट शुरु भयो। साङ्गे लामा निधि प्रकाशकबाट उजागर हुन थालेका ग्रन्थहरू हालसम्म पनि निस्की रहेका छन् । १०८ प्रमुख निधि प्रकाशक मध्ये अधिकांशमा लिङ्पा शब्द जोडिएको हुन्छ । यहाँ उल्लेख गर्न लागिएका ओर्गेन लिङ्पा, साङ्गे लिङ्पा पेमा लिङ्पा, छोग्युर लिङ्पा, दोर्जे लिङ्पा आदि भोटका प्रसिद्ध तान्त्रिक गुरुहरूले पद्मसंभवले सुरक्षाका साथ राखेका ग्रन्थहरू निकाली विभिन्न रूपमा लेखाएका र छपाएका छन्। बौद्ध ध्यान पद्धतिलाई विस्तृत रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्शाइएका यी ग्रन्थहरूमा विभिन्न कालखण्डका लागि भनेर तोकिएका थुप्रै भविष्यवाणीहरू पनि पाइन्छन् । बौद्धनाथको स्तूपको इतिहास पनि यस्तै निधिग्रन्थको रूपमा निकालिएको पाइन्छ। सैंतीसवटा प्राचीन तन्त्र (न्यीङ्मा ग्युवुम) ग्रन्थ भित्र पनि धेरै ग्रन्थहरू निधि धर्मकै रूपमा निकालिएका पाइन्छन् ।

पद्मसंभवको जीवनीसँग सम्बन्धित ग्रन्थहरू

हजारौं ग्रन्थहरूका अप्रत्यक्ष रचनाकार मानिनु भएका पद्मसंभवकै जीवनी विषयमा थुप्रै ग्रन्थहरू पाइन्छन् । यस्ता ग्रन्थहरूमा बाह्रौं शताब्दीका निधि प्रकाशक न्याङ्राल न्यीमा होशेर (सन् ११२४-११९२) ले प्रकाशमा ल्याएको लोब्पोन पेमा जुङ्ने क्यी क्येराव छेजुङ् नोर्वुइ ठेङ्वा नामथार साङलीङमा हो नामक निधि ग्रन्थलाई धेरै महत्वका साथ लिएको पाइन्छ । ४१ अध्यायमा विभक्त यो २०२ पृष्ठको ग्रन्थलाई रिन्छेन तेर्जो (रत्न निधि को श) को शुरुकै ग्रन्थमा राखिनुले यसको भोटको निधि वाङ्मयमा रहेको उच्च स्थान झल्काउँछ। अंग्रेजी र नेपाली भाषामा यसका अनुवादहरू उपलब्ध छन् । यही नामको अर्को २९६ पृष्ठको ग्रन्थ नेपालको राष्ट्रिय अभिलेखालयमा मात्र उपलब्ध छ । पोका नम्बर ६५९ मा रहेको यसको पूरा नाम उर्गेन गुरु पेमा जुङ्ने क्यी नाम्थार डिङ्पो साङलीङमार साउपा हो। यसको नेपाली रूपान्तरित नाम साङलीङमा नामले प्रख्यात ओडियानका गुरु पद्मसंभवको महानतम जीवनी हुन्छ । त्यस्तै माथि उल्लेखित जीवनी ग्रन्थको नेपाली नाम आचार्य पद्मसंभवको जातक र त्नमाला र धर्म इतिहास साङलीङमा जीवनी हो। यी दुवै नाममा साङलीङमा शब्द साझा रूपमा देखिन्छ जसबाट न्याङराल न्यीमा होशेरको पद्मसंभवको जीवनी ग्रन्थलाई संक्षेपमा काथाङ साङलीङमा मात्र भन्ने गरिन्छ। यहाँ काथाङ शब्दले विशेष रूपमा पद्मसंभवका जीवनीलाई जनाउछ । रील नं. **AT 28/2** मा पाइने दोश्रो ग्रन्थमा ४५ अध्याय छन् ।

राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म शाखामा रहेको **L 150/9** देखि **L 51/2** सम्मको रीलमा रहेको ६३१ पन्ना अर्थात् १२६४ पेजको ग्रन्थमालामा पनि कार्डमा काथाङ साङलीङमा लेखिएको छ । त्यस अर्थमा गुरु पद्मसंभवको जीवनीलाई अंग्रेजी भाषामा अनुवाद गरेका विद्वान् एरीक पेमा कुन्साङले केन्द्रीय तिब्बतमा प्रतिबन्धित दुईवटा पोथीको रूपमा रहेको विस्तृत साङलीङमा जीवनी भनेका छन् । मुस्ताङको छुग्साङ भन्ने ठाउँका साम्डुव नामक व्यक्तिको संग्रहमा रहे को यो ग्रन्थको शीर्षक पृष्ठ उपलब्ध छैन । ६४ सेमी ×१८.५ सेमी रहेको यो ग्रन्थका लेखक उर्गेन पेमा जुङ्ने (ओडियान पद्मसंभव) लेखिएको छ।

ग्रन्थको विस्तृत अध्ययन गर्दा के पाइएको छ भने पहिलो ठेलीको ६ पन्नाहरूमा १०८ वटा अध्याय पुरैको नाम सहितको विषय सूचि दिइएको छ। जसको अन्तमा यो पुस्तकका पर्यायवाची नामहरू दिइएको छ। पहिलो ठेलीका ३१३ पन्ना र दोश्रोका १८४ पन्ना गरी जम्मा ४९७ पन्नामा पुरै जीवनी सकिएको छ। अन्तमा म, डाग्छाङ रिन्पालले ओर्गेन लिङ्पा, न्याङराल र गुरु छोवाङका निधि धर्महरूको आधारमा यो ग्रन्थ सङ्कलन गरेको हुँ भनिएको छ । यस अर्थमा माथि बताइएको न्याङ्रालको ङलीङमाबाट पनि केही कुराहरू लिइएका भए पनि यो पुरै ग्रन्थ काथाङ साङ्लीङ्माको विस्तृत रूप छैन।

यो ग्रन्थ बौद्ध स्थित रोछेन महाविहारको पुस्तकालयमा काठे छापाको रूपमा छापिएको अवस्थामा पाइएको छ । २७५ पन्ना रहेको यो लामो आकारको पुस्तकमा काथाङ तेर्खा सुम्ठीग थोङ्वा धोन्देन नाम शीर्षक पृष्ठमै छ जसको अर्थ अर्थयुक्त दृष्टि नामक तीन निधिहरू मिलाइएको जीवनी हुन्छ । तीन निधिहरू खुलाउने क्रममा ओर्गेन लिङ्पा, डाधाग न्याङ्राल र गुरु छोवाङ्का निधि ग्रन्थहरू भनी खुलाइएको छ । यसरी छुग्साङबाट प्राप्त काथाङ जीवनी ग्रन्थ तीन प्रमुख निधि ग्रन्थहरूको साझा ग्रन्थ हो जसमा भोट र नेपालको बारेमा गरिएका थुप्रै भविष्यवाणीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् । तिनै भविष्यवाणीहरूको गम्भीरतालाई लिएर तत्कालीन भोट सरकारले प्रतिबन्ध लगाएको र भोट सीमा बाहिर यो लोकप्रिय भएको हुन सक्छ। भोटका उच्चतम साधक र विद्वान् चोगे ठिछेन रिन्पोछेज्यूले पनि मुस्ताङ आएपछि एक दिन, एक रात पुरै ग्रन्थवालाको घरमा बिताएर व्यग्रताका साथ यसको अध्ययन गर्नुले यो पुस्तकको महत्त्वलाई भोटभाषी समाजमा अझ बढाएको छ । बाँकी पृष्ठहरूमा पद्मसंभवले भविष्यवाणी गरेका गुप्त बौद्ध क्षेत्रहरूको विस्तृत बयान भएको गाउदुइन्मा नामक काथाङ ग्रन्थ छ । यसको आधारमा नेपालका पाँच प्रमुख तीर्थहरूको स्थान निर्धारण गर्न सजिलो भएको छ। त्यसको अलावा स्रोङ चेन गाम्पोको जीवनी पनि बाँकी १३४ पन्नाहरूमा छन्।

गुरु पद्मसंभवका जीवनी ग्रन्थहरू मध्ये सबै भन्दा प्रचलित संस्करण जोर्गेन लिङ्पा (सर १३२९-१३६७) को निधि ग्रन्थ पेमा काथाङ शेल्ठाग्मा हो । काव्यमा लेखिएको यो विशाल ग्रन्थमा लगभग ७०० पेचा पेज र ७७० पुस्तक पेज छन् । भोट भाषाका अधिकांश ग्रन्थ लामो आकारको रूपमा बाइन्डीङ नगरिएको अवस्थामा हुन्छन् जसलाई पेचा भनिन्छ । यस्ता पेचा आकारका थुप्रै हस्तलिखित र छापिएका पेमा काथाङ सम्बन्धी ग्रन्थ राष्ट्रिय अभिलेखालयको संग्रहमा छन् । यो ग्रन्थको नियमित रूपमा पाठ गराउने चलन हिमाली क्षेत्र लगायतका गुम्बाहरूमा पाइन्छ। १०८ अध्याय भएको यो ग्रन्थमा नेपालको बौद्धनाथ स्तूप, भारतिका(हलेसी), फर्पिङलगायतका थुप्रैस्थानहरूमा पद्मसंभवका गति विधिहरूको चर्चा गरिएको छ

ओर्गेन लिङ्पाकै अर्को पद्मसंभव जीवनी ग्रन्थ काथाङ देङा पनि धेरै लोकप्रिय छ। राष्ट्रिय अभिलेखालयको पोका नं. ४९५ र ७६९ मा रहेको ३५४ पन्नाको ग्रन्थमा पाँच थरीका व्यक्तिहरूसँग गुरु पद्मसंभवको सम्बन्ध दर्शाइएको हुनाले नै देङा अर्थात् पाँच वर्गीय नाम दिइएको हो। देव र भूतहरूसँग सम्बन्धित जीवनीलाई ल्हान्डे काथाङ भनिन्छ जसमा ५३ पन्ना छन् । यही जीवनीमा नेपाली साधिका शाक्यदेवी, नेपाली महिला कुन्सासी र फर्पिङ गुफामा असहयोगी देवहरूलाई वशमा लिएको प्रसङ्ग विस्तार मा चर्चा गरिएको छ। पाटनको ए वही (यम्पी वलि) गोदावरी र स्वयम्भू चैत्यमा निधि धर्म ग्रन्थ राखिएको कुरा पनि छ । त्यस्तै राजाहरूसँग पद्मसंभवको सम्बन्धलाई ९५ पन्नाको ग्याल्पो (राजा) काथाङमा विस्तृत रूपमा दर्शाइएको छ। रानीहरूसँग सम्बन्धित जीवनी कथाहरू चुन्मो (रानी) काथाङमा छन् जसमा ४८ पन्ना छन्। त्यस्तै ८१ पन्ना रहेको लोपेन काथाङ्मा भोटका अनुवादक (लोकचक्षु पाद लोचावा) र पण्डितहरूको प्रसङ्ग देखाइएको छ । तत्कालीन मंत्रीहरूसँग पद्मसंभवको सम्बन्धलाई ७७ पन्नाको लोन्पो काथाङमा दर्शाइएको छ। तेह्रौं दलाइलामाको राज्य कालमा भोट सरकारले पोतालामा छापेको यो जीवनी माला नेपाल सरकारलाई चढाइएको हुन सक्छ किनकि यिनीहरूमा श्री ३ महाराज भीम शम्शेर को नाम अंकित छाप लगाइएको छ। नेपालीहरूका लागि यो ग्रन्थ अझ महत्वपूर्ण हुने देखिन्छ ।

साङ्गे लिङ्पा (१३४०-१३९६) ले चौधौं शताब्दीमै निकालेको निधि ग्रन्थ काथाङ सेरठेङमा ११७ अध्याय छन् जसमा केही थप जानकारी पनि दिइएको छ। अभिलेखालय भित्र पनि यो ग्रन्थ छ। त्यसको अलावा भोट देशभित्र प्रतिबन्धित अर्को जीवनी ग्रन्थ पेमा लिङ्पा (१४४५-१५२१) मुन्सेल डोन्मे हो जसका दुई ठेलीमा १०२ अध्यायहरू छन् । त्यसै गरी रत्न लिङ्पा (१४०३-१४७८), छोक्ग्युर लिङ्पा (१८२९-१८७०), दोर्जे लिङ्पा (१३४६-१४०५)आदि भोट गुरुहरूले विभिन्न समयमा निकालेका निधि ग्रन्थहरूमा गुरु पद्मसंभवका विभिन्न प्रसङ्ग जोडिएका जीवनीहरू राष्ट्रिय अभिले खालय भित्रको माइक्रोफिल्म रीलहरूमा पाइन्छन्।

विभिन्न जीवनी संस्करणहरूको तुलनात्मक अध्ययनको आधारमा लेखिएको यिद्क्यी मुन्सेल (मनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्धकार हटउने ग्रन्थ) मा सोह्रौं शताब्दीसम्मका काथाङ ग्रन्थहरूको समीक्षा गरिएको छ। भोटका प्रसिद्ध लेखक सोग्दोग्पा लोडो ग्याल्छेन (१५५२-१६४२) ले लेख्नु भएको उक्त पुस्तकलाई भोटका धेरै शताब्दीका भोट इतिहासकार गुरु टाशी तोब्गेल (१५५०-१६०२) ले दश भन्दा बढी काथाङ ग्रन्थहरूको विश्लेषणात्मक अध्ययन गरी ङोछार फुन्सुम छोरपे ग्याछों (अद्‌भूत सम्पन्न सागर) नामक ७१९ पृष्ठको ग्रन्थ लेख्नु भएको छ।

माथि बताइएका जीवनी ग्रन्थहरूमा पद् मसंभवलाई ओडियान (हालको स्वात) को धनकोश कुण्डमा उप पादुक जन्म लिएको उल्लेख पाइन्छ। पद्‌म (कमलको फूल) मा अद्‌भूत रूपमा देखा परे को हुनाले मै पद्‌मसंभव नाम दिएको हुनाले उहाँका पार्थिव माता पिता नभएको देखिन्छ। तर तारानाथ ( ) नामक भोट विद्वान्‌ले भारतीय ऐतिहासिक ग्रन्थहरूलाई आधार मानि लेखेको यिछे सुम्देन (तीन विश्वास युक्त पुस्तक) मा पद्‌मसंभवका माता पिताको पनि उल्लेख छ। सरोरुह वज्र नामले पनि चिनिने पद्‌मसंभवको यो अलग धारको जीवनी ग्रन्थ हो। यो ग्रन्थ पनि राष्ट्रिय अभिलेखालयमा उपलब्ध छ। सत्रौं शताब्दीसम्मका शंका उपशंकाहरूलाई निवारण गर्दै चेले नाछोग राङ्‌ढोल (१६०८-१६७७) ले १८ वटा प्रश्नहरूको उत्तर दिने क्रममा ङेधोन साल्जे (नीतार्थ प्रकाश) नामक ९५ पृष्ठको पुस्तिका लेखेका छन् जसमा गरु पदमसंभवका चामात्कारिक कुराहरूको दार्शनिक विश्लेषण गरिएको छ।

उपसंहार

गुरु पद्‌मसंभव, गुरु रिन्पोछे, सरोरुहवज्र, पद्‌म वज्र, महागुरु, ओडियानाचार्य आदि नामहरूले प्रख्यात हुनु भएका ईशाको आठौं शताब्दीमा नेपाल, भोट र भुटनमा सक्रिय गुरुका १०९०० वटा प्रसङ्ग भएका जीवनीहरू छन् भनिएको छ। जसका विभिन्न अंशहरू विभिन्न बौद्ध गुरुहरूका समाधिवल मार्फत् उजागर भएका छन्। भोट भाषाको वाङ्‌मयमा अत्यधिक महत्व राख्ने यी जीवनी ग्रन्थहरूको विस्तृत अध्ययन हुन सकेमा उत्तर लिच्छवीकालीन नेपालका विभिन्न स्थानहरूको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पक्षहरूको जानकारी हुन सक्छ। त्यसका लागि राष्ट्रिय अभिलेखालयका भोट ग्रन्थ तथा नेपालका विभिन्न ठाउँमा खिचिएका माइक्रोफिल्म रीलहरू अत्यन्त उपयोगी सामग्री हुने छन्। भवतु सर्व मङ्गलम्।

सन्दर्भ सामग्री

Kunsang, Erik, Pema, 1999: The Lotus-Born Shambala Boston US

Zangloo, Ngawarg, 2002: Guru Rimpoche, His Life and Times, Snow Lion Publications, Ithaca. Us

Blondeau.A.M., 1980:"An Analysis of the

Biographies of Padmasambhava according to Tibetan Tradition Classification of sources. In Tibetan studies in Honour of Hugh Richardson, ed by M Aris amd A.S. Suukyi NewDelhi Viokas

पराजुली, पुण्यप्रसाद, २०६२, राष्ट्रिय अभिलेखालयमा संरक्षित तिब्वती वाङ्‌मय विवरण, अभिलेख र २३ः राष्ट्रिय अभिलेखालय, नेपाल

पराजुली, पुण्यप्रसाद, २०६६ : अभिलेखालयमा रहेका भोट भाषा ग्रन्थावलीमा काग्युर, अभिलेख २७ः राष्ट्रिय अभिलेखालय, नेपाल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुमारीचोकका रेकर्डहरू: एक विशलेषण

-सुभद्राभट्टराई*

कुमारीचोक अड्डाको पृष्ठभूमि एवं परिचय

हाल अस्तित्वमा रहेका सरकारी कार्यालयहरूमा केही सीमित कार्यालयहरू यस्ता छन्, जसको आफ्नै पुरानो मौलिक इतिहास छ । मल्लकालदेखि हालसम्म अविछिन्न रूपमा कायमै रहेको त्यस्तो एउटा सरकारी कार्यालय हो कुमारी चोक अड्डा । हाल यो कार्यालय महालेखा नियन्त्रकको कार्यालय अन्तर्गत कुमारीचोक तथा केन्द्रीय तहसिल अड्डा नामाकरण भई संचालनमा छ।

सुरुमा काठमाडौ वसन्तपुर दरबार क्षेत्रको प्रसिद्ध कुमारी देवी स्थापित चोकमा स्थापना गरि एकोले कुमारीदेवी र चोकको संयुक्त नामबाट यस अड्डाको नाम कुमारीचोक अड्डा रहन गएको बुझिन्छ। पछि यस अड्डाको कार्य क्षेत्र विस्तार हुँदै गए पनि सुरुमा राज्यको ढुकुटीबाट हुने खर्चमा अनियमितता तथा हिनामिना नहोस् अर्थात् यस्ता कार्यको नियन्त्रण लेखापरीक्षण गर्न यस अड्डाको स्थापना भएको हो ।

विधिवत् रूपमा यस अड्डाको स्थापना पृथ्वीनारायण शाहको समयमा भएको भएता पनि यो भन्दा अगाडिदेखि नै सरकारी ढुकुटीको जिम्मा लिने वा खर्च एवं कारोवार गर्ने अख्तियारी पाएको कुनै स्रेस्तेदार, कर्मचारी वा पदाधिकारीले सरकारी रकम कलमको हिनामिना, मस्यौट, अनियमितता गरेमा गरेकाले र नगरेकाले पनि आफूलाई निर्दोष सावित गर्न धार्मिक परम्परा र विश्वासमा आधारित प्रक्रिया एवं पद्धति अवलम्बन गर्ने गरेको बुझिन्छ। यस सन्दर्भमा मध्यकालमा सरकारी अड्डाखानाको दामकाम एवं नगद जिन्सी सम्बन्धी काम गर्ने स्रेस्ते दार तहरिरदार, कर्मचारी, पदाधिकारी आदिले त्यस्तो रकम कलम हिनामिना गरेको शंका लागेमा वा शंका नलागिकन पनि आफूलाई निर्दोष सावित गर्न राजाको उपस्थितिमा भाइभारदारहरू साक्षी बसेको देवस्थलको सभामा गाईको गोबरले लिपेको स्थानमा बसी हातमा तामा, तुलसी एवं दुवो लिइ मैले हालसम्म कुनै सरकारी रकम कलम हिनामिना एवं मस्यौट गरेको तथा मासेको छैन, हिनामिना वा मासेको भएमा मेरो सन्तान दर सन्तान भन्न नपाउँ भनी देवी देवताको पाउ छोइ "क्रियाकाष्ठ" खाने वा सपथ खानु पर्थ्यो भन्ने कथन पाइन्छ ।

वि.स. १८२८ सालमा श्री ५ पृथ्वीनारायण शाहले उक्त सरकारी कारोबारको सपथ खाने कुमारीदेवीको देवस्थलबाट हिसाब जाँचको काम भाई भारदारहरूवाट हुने प्रचलन शुरु गराए । तर देवीको अगाडि सपथ खाए तापनि कही कतै कसै -कसैले रकम मस्यौट गरेका प्रमाणहरू समेत फेला पर्न गएकोले उनले ठाउँ ठाउँमा हिसाब जाँच गर्न जाने टोली खडा गरी "मूल जाँचकी अड्डाको " नाममा बसन्तपुरको कुमारी देवी रहेको मन्दिरमा एक हिसाब जाँच अड्डाको स्थापना गराएको र उक्त कार्यालयको नाम पछि आएर "कुमारी चोक अड्डा" रहन गएको हो भन्ने उल्लेख पाइन्छ।

कुमारी चोक हिसाब जाँच अड्डाबाट हिसाब जाँच गर्न टोली ठाउँ-ठाउँमा पठाउँदा कुनै-कुनै अड्डामा हिसाब र रकम कलमको मस्यौट भएको पाइएकोले केवल कुमारी समक्ष सपथ गर्दैमा हिसाब ठीक दुरुस्त हुँदोरहेनछ, रैतीले झुठो र जालसाजी समेत गर्ने रहेछन् मानिसबाट हिसाब जाँच हुनु पर्ने रहेछ भन्ने कुरा महसूस गरी राजा समक्ष जाहेर हुँदा अब आइन्दा सबै सरकारी कारोबारको जाँच यही कुमारीचोक अड्डाबाट गर्नु र कडाइ गर्नु, भन्ने राजाबाट

*अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदेश भएकोले त्यस समयदेखि सबै सरकारी अड्डा अदालतहरूले बार्षिक आम्दानी र खर्चको हिसाबबाट फर-फारक लिन कुमारीचोक अड्डाको निशाना प्राप्त गर्नुपर्ने व्यवस्था भई कुमारीचोक अड्डाको स्थापना भयो । हिसाब जाँच गर्ने तथा आर्थिक अनुशासन पालन गराउने प्रथा ज्यादै कडाइ थियो भन्ने गरिन्छ । त्यस समयमा कुमारीचोक अड्डाले सात पुस्तासम्म पनि छोड्दैन भन्ने गरिएबाट यो अड्डा कति कडा रहेछ भन्ने स्वतः अनुमान लगाउन सकिन्छ ।

त्यसताका जुनसुकै अड्डाखानाको दामकाम र हिसाब जिम्मा लिएको तथा नगदी जिन्सी सम्बन्धी काम गर्ने श्रेस्तेदार/कर्मचारी मर्दा पनि उसका निकटका हकदारहरूले पछि कुमारीचोक अड्डाबाट हिसाब जाँच गर्दा हिसाबमा तलमाथि देखिएमा हामी जिम्मेवार हुनेछौ भनी कागज नगरिदिएसम्म मरेको लाश समेत जलाउन नदिने चलन रहेको थियो । यदि कसैले कागज नगरेको भए तापनि हिसाबमा तलमाथि देखियो भने उक्त कर्मचारीको सात पुस्तासम्म सरकारले सम्पत्ति लिलाम र बिक्री गरी सरकारी रकम असुली गर्ने गर्दथ्यो ।

राणाकालमा कमाण्डर-इन-चिफ/ मुख्तियारको मातहतमा रहने कुमारीचोक एउटा महत्वपूर्ण अड्डा थियो र यसको दैनिक प्रशासन कर्णेलले हेर्दथ्यो भने सहायकको रूपमा सुब्बा, खरिदार, मुखिया, वहिदार र नौसिन्दा लगायतका कर्मचारी हुन्थे । राणाकालमा मुलुकको विभिन्न सरकारी अड्डा, अदालत र सरकारी कर्मचारीहरूले गरेको खर्चको विवरण, प्रत्येक अड्डाले गरेको आम्दानीको विवरण यस अड्डामा पेश गर्नु पर्दथ्यो । यसले देशको आय व्यय लेखापरीक्षण एवं बेरुजु हेर्नेकाम गर्दथ्यो । मुलुकका सबै अड्डाले आफ्नो अड्डाको आम्दानी खर्चको विवरण यस अड्डामा पेश गर्नु पर्दथ्यो । महिनामा पेशगर्ने यस्ता विवरण एवं हिसाब कागजातलाई-"मास्केवारी" र बार्षिक रूपमा पेश गर्नुपर्ने प्रतिवेदनलाई "ढपोट" भनिन्थ्यो । प्रत्येक अड्डाको हाकिमले साल तमामी भएको छ महिना भित्र आफ्नो अड्डाको आर्थिक कारोबारको श्रेस्ता कुमारीचोक अड्डामा पेश गर्नु अनिवार्य थियो ॥

कुमारीचोक अड्डाको समय समयमा पुनर्गठन हुँदा यसलाई पछि जग्गा सम्बन्धी कार्य अर्थात् सो को आम्दानी हेर्ने जाँच गर्ने जिम्मा पनि दिइएको देखिन्छ । जग्गा प्रशासन हेर्ने भन्दा पनि त्यसबाट हुने/भएको आम्दानी सम्बन्धी श्रेस्ता जाँच गर्ने काम पनि गर्ने गरेको पाइन्छ साथै यसले बेरुजु अर्थात् बक्यौता अशुली गर्ने काम पनि गरिरहेको थियो ।

चन्द्र समशेरको पालामा यस अड्डाको पुनर्गठन गरी विशेष काम कर्तव्यहरू तोकी ती काम गर्ने फाँटहरू पनि तोकिएका थिए । मुलुकका सबै अड्डाहरूको लेखा सम्बन्धी श्रेस्ताको लेखापरीक्षण गर्ने, यस्ता श्रेस्ताको परीक्षण गर्दा अनियमितता भएको पाइएमा प्रधानमन्त्री वा कमाण्डर-इन - चिफकोमा जाहेरी गर्ने, लेखा परीक्षणबाट सही देखिएका मास्केवारी एवं ढपोटमा खड्ग निशाना छाप लगाउने गरिन्थ्यो । लेखा जाँचभएका श्रेस्ताहरू रेकर्डको रूपमा राख्ने, मूलुकको ढुकुटी नियन्त्रण आदि कार्य गर्ने फाँट एवं उप-फाँटहरू थिए । राणाकालीन शासन व्यवस्थामा सरकारी बाँकी रकम असुल उपर गर्ने कार्य प्रकृति अनुसार देवानी तहसिल, फौजदारी तहसिल, कोतवाली तहसिल, कुमारी चोकले बाँकी देखाएको रकम असुल उपर गर्न कुमारीचोक तहसिल र श्रेस्ता अदालत थिए ।

यस प्रकार समग्रमा वि.सं २००७ साल अघि हिसाब जाँच अड्डाका रूपमा कुमारी चोक अड्डाको भूमिका महत्वपूर्ण थियो । २००७ सालको परिवर्तन पछि पनि २०१६ सालसम्म यो अड्डा साविककै रूपमा कायमै रह्यो । २०१६ सालमा यस अड्डाको काम गर्न हिसाब राख्ने कार्यालयको लागि महालेखा नियन्त्रकको कार्यालय तथा हिसाब जाँच गर्ने कार्यको लागि महालेखा परीक्षकको कार्यालय स्थापना भयो। यसैक्रममा वि.सं २०१८ सालको प्रशासनिक सङ्गठन पुनर्गठनले उल्लेखित सबैखाले सरकारी बाँकी रकम असुल उपर गर्ने निकायलाई एकीकरण गरी श्रेस्ता अदालतको स्थापना गर्यो र २०३२ सालमा श्रेस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अदालत विघटन गरी केन्द्रीय तहसिल कार्यालयको स्थापना भयो। वि.सं २०५० सालमा अलग्गै पहिचान सहित रहिरहेको तत्कालीन कुमारीचोक अड्डालाई केन्द्रीय तहसिल कार्यालयमै गाभी कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयका रूपमा परिणत भयो।

यसरी हेर्दा नेपालको संभवत सबैभन्दा पुरानो कार्यालयको रूपमा रहेको कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले सरकारी बाँकीको लगत राख्ने, सरकारी बाँकीको असुली गर्ने र बार्षिक रूपमा कुमारीको पूजा गर्ने कार्य गर्दै आइरहेको छ।

कुमारीचोकका रेकर्डहरू

यो कार्यालय सम्बन्धित पदाधिकारी वा कर्मचारीले निकाशा भएको रकम प्रचलित ऐन सनद सवाल बमोजिम खर्च भयो भएन भनेर लेखापरीक्षण गर्नेकार्यालयको रूपमा रहेको हुँदा यस कार्यालयमा त्यस्ता कागजातहरू जाँचपास एवं लेखापरीक्षणको प्रयोजनको निमित्त पठाउने गरिन्थ्यो। राणकालमा यसै प्रक्रियाबाट कुमारीचोक अड्डामा थुप्रै कागजातहरू जम्मा हुँदै गए। त्यस्ता कागजातहरू मध्ये केही नष्ट भइसकेका, केही जीर्ण र केही सहिसलामत नै थिए। काम तामेल भइसकेपछि पुराना कागजातहरू जथाभावी राख्नाले जीर्ण हुने, वर्षातको पानी/ओस धुलो, कीरा मुसाले क्षति पुयाएका, पाना हराउनाले कतिपय कागजातहरूको पहिचान नष्ट भइसकेका पनि थिए। कागजातहरू स्वभावैले पनि जीर्ण एवं कमजोर प्रकृतिका हुने भएकोले तिनीहरूको प्रभावकारी व्यवस्थापन आवश्यक पर्दछ।

यस्ता रेकर्डहरू कागजातहरूमा अधिकांश राणाकालमा अर्थात् वि.सं. १८५५ देखि २००७ सम्म त्यस समयका विभिन्न सरकारी निकाय एवं अड्डाहरूले प्रचलित ऐन, नियम, सनद सवाल, आदेश बमोजिमको कार्य सम्पादन गर्ने क्रममा सिर्जना भएका रेकर्डहरू रहेका छन्। गुठी सम्बन्धी केही रेकर्डहरू भने २००२ देखि २०१७ सम्मका रहेका छन्। यस्ता कागजातहरू तत्कालीन समयको विभिन्न अवस्थाको बारेमा जानकारी दिने महत्वपूर्ण मौलिक श्रोत सामग्री हुन्। तसर्थ तिनको उचित व्यवस्थापन संरक्षणको लागि कुमारीचोक तथा तहसिल कार्यालय र राष्ट्रिय अभिलेखालयबीच लामो छलफल एवं कुराकानी पश्चात् मिति २०५४ मा निर्णय भई मिति २०५४ साल अश्विन १४ गते दुई कार्यालयबीच बरबुझारथ भई



कुमारीचोकका रेकर्डहरु राखिएको वातानुकुलीत भण्डारण कक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ती कागजातहरू राष्ट्रिय अभिलेखालयलाई हस्तान्तरण गरिएको थियो ।

यी कागजातहरू संख्याको दृष्टिबाट ८५७ रहेका छन् भने कुल पोका संख्या ५८७ मा राखिएको छ । कतिपय ठूला पोकाहरूलाई क,ख,ग,घ उप पोकाहरू बनाइ भण्डारणको व्यवस्था मिलाइएको छ। विवरणको दृष्टिकोणबाटयीरेकर्डहरूमाक्र.सं,पोकानं , किताब नं, विषय/विवरण, साल, साइज, कागज र कैफियत गरी जम्मा ८ महलमा प्रस्तुत भएका छन्। यी कागजातहरूलाई कुमारीचोक कार्यालयबाट प्राप्त भएपछि संरक्षण प्रयोगशालामा राखी भौतिक एवं रासायनिक संरक्षण गरी, कीराले खाएको तथा खान लागेको कागजातलाई कीराबाट जोगाउन फ्यूमिगेशन प्रविधिवाट उपचार गरी आँखाले देख्न नसकिने सूक्ष्म जीवाणु नाश गरेर रातो कपडामा पोका पारी वातानुकुलीत भण्डारण कक्षमा १९ डिग्री देखि २३ डिग्री सेन्टिग्रेट तापक्रम र ५५ देखि ६० प्रतिशत हावाको सापेक्षित आर्द्रतामा सुरक्षित राखिएको छ। यी कागजातहरूको विषय, विशेषता, प्रकृति आदिको आधारमा निम्न शीर्षकमा उल्लेख गर्न सकिन्छ ।

१. जग्गाका सर्भे तथा नापी सम्बन्धी रेकर्डहरू

राणाकालमा जग्गाधनीको स्वामित्व, जग्गाको साधसीमाना छुट्टयाइ क्षेत्रफल समेत खुलाइ जग्गा जमिन नाप्ने काम पटक पटक हुने गरेको पाइन्छ । यस कार्यलाई सर्पट नापी भनिन्थ्यो । मुलुक भित्रको जग्गा जमिन नाप्ने कार्य गर्न सर्भे अफिसको स्थापना भएको थियो । यसले पहाड र मधेसका जग्गा जमिन नापी गर्दा सिर्जना भएका कागजातहरू क्रमश कुमारी चोकमा जम्मा हुँदै गए । मुख्यतया कुमारीचोक सरकारी वा जिम्मेवार अधिकारीबाट भएको खर्चको लेखापरीक्षण गर्ने निकाय भए पनि नापी सम्बन्धी रेकर्ड पनि यी अड्डामा पठाउने गरेको पाइन्छ ।

नेपालमा सर्वप्रथम वि.स. १९८० सालमा सर्भे अफिसबाट जग्गा जमिन नाप्ने काम भएको थियो । सर्पट नापी अन्तर्गत पहाडमा भादगाउँको विभिन्न ठाउँका मौजाका जग्गाहरू नाप जाँचको क्रममा सिर्जना भएका सर्पट मुचुल्का, तेरीज, सर्पट उजुरी फाराम, कित्ता मुचुल्का, सिलसिलेवार किताब रहेका छन्। त्यस्तै विभिन्न व्यक्तिहरूलाई जारी म्याद, मिसिल रिपोर्ट, बिन्तिपत्र, सर्पट पूर्जी, जरिवाना भए गरेका कागजात, पर्चा आदेश, पर्चातोक, उजूरी,



सम्वत् १९८० साल भादगाउँ सर्पट नापी, सर्भे अफिसको सर्पट मुचुल्का फारम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खान्गी सम्बन्धी रेकर्डहरू पनि यस संकलनमा रहेका छन्। साथै नापी श्रेस्ता मुचुल्का, गुठी सम्बन्धी मुचुल्का, माफी विर्ता, ठेक तिरो फाराम, रैतानी पूर्जी, तेरिज मुचुल्का, कित्ताकाट सम्बन्धी मिसिलहरू पनि रहेका छन्। यी सबैका अतिरिक्त कुश विर्ता म्याद, वेनिस्सा, श्री ५ सरकार गुठी, पोता माफी, ढपोट, पोता विर्ता श्रेस्ता, घर पाताल मुचुल्का, पोता अर्धकट्टी, सनद, सवाल, दरखास्त, नगदी किताब आदि रेकर्डहरू उक्त सर्पट नापी सम्बन्धी कागजातहरू अन्तर्गत रहेका छन्। त्यस्तै मकवानपुर एवं बझाङ जिल्लाका विभिन्न नापी डोरले खडा गरेका मुचुल्का, वैतडी नापी महाजाँचले खडा गरेको नापी श्रेस्ता, कास्की लमजुङको श्रेस्ता, विजन फाराम, गोरखा जिल्लाको सर्पट नापीडोरले खडा गरेको मुचुल्का आदि नापी सम्बन्धी रेकर्डहरू पनि रहेका छन्।

त्यस बेला स्थानीय प्रशासनका तीन इकाइहरू थिए-पहाडमा गौडा र गढी र तराईमा गोश्वारा। तराईमा जिल्लाको घनत्व र संवेदनशीलतालाई हेरी गोश्वारा र छोटी गोश्वाराको व्यवस्था गरिएको हुन्थ्यो। तराईका गोश्वारा तथा छोटी गोश्वाराहरू विभिन्न प्रगन्ना र मौजामा विभक्त गरिएको हुन्थ्यो। प्रगन्ना भन्नाले त्यसवेला धेरै गाउँहरू भएको क्षेत्रलाई बुझाउँथ्यो भने जिल्लाको सानो अंश वा भागलाई तप्पे भनिन्थ्यो। बुटवलतर्फका विभिन्न तप्पेहरूको नापी खेश्रा मुचुल्काहरू आदि पनि यहाँका सङ्कलनमा रहेका छन्। त्यस्तै उपत्यका बाहिरका तराईका विभिन्न ठाउँहरूका नापी सम्बन्धी रेकर्डहरू पनि कुमारीचोकबाट प्राप्त रेकर्डहरूको सङ्कलनमा रहेका छन्। जसमा हनुमाननगर, सिराहा, सप्तरी, मोरङ, झापाका विभिन्न प्रगन्नाका मौजाहरू अन्तर्गतका विभिन्न जग्गा जमिन नाप्ने क्रममा सृजना भएका नापी खेश्रा मुचुल्काहरू रहेका छन्।

२ गुठी सम्बन्धी रेकर्डहरु

कुमारी चोकवाट प्राप्त रेकर्डहरूको अर्को महत्वपूर्ण सङ्कलन हो गुठी सम्बन्धी रेकर्डहरू। नेपालको धार्मिक एवं सांस्कृतिका इतिहासमा गुठी परम्पराको आफ्नै विशेष महत्व छ र यो परम्परा नेपालको आफ्नै मौलिक विशेषता पनि हो। प्राचीन समय अर्थात् लिच्छवि कालदेखि हालसम्म पनि अविछिन्न रूपमा कायमै रहेको एउटा धार्मिक एवं सांस्कृतिक व्यवस्था हो गुठी व्यवस्था।



भादगाउँ इन्द्रायणी नित्य पूजा सम्बन्धी २००४ सालको रेकर्ड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाताहरूले तोकिएको धार्मिक, सांस्कृतिक, शिक्षा आदि लोककल्याणकारी एवं समाजोपयोगी कार्य सञ्चालन तथा तिनको निरन्तरताका लागि चल एवं अचल सम्पति राख्ने गरिन्थ्यो। यस्तो गुठी परम्पराले धर्म परम्परा लोप हुन नदिन र जीवन्त सांस्कृतिक एवं धार्मिक परम्परालाई निरन्तरता दिन ठूलो सघाउ पुर्‍याइरहेको छ। यस प्रयोजनका लागि दाताले अत्यधिक मात्रामा जग्गा जमिन राख्ने गरेको पाइन्छ जसलाई गुठी जग्गा वा भूमि भनिन्छ। खासगरी आध्यात्मिक एवं धार्मिक भावनाले प्रेरित भएर आफूले स्थापना गरेको मन्दिर वा पहिले नै स्थापित भएका मठ, मन्दिर, विहार, चैत्य आदिको नित्य नैमित्य पूजा लगायतका कार्यहरू सञ्चालन तथा निरन्तरता दिन, विभिन्न जात्रा पर्व सञ्चालन गर्न मल्लकालमा सामान्य नागरिकदेखि शासकहरूसम्मले जग्गा जमिन गुठी राखेका थुप्रै उदाहरणहरू छन् । मल्लकालमा स्थापित अधिकांश यस्ता परम्पराहरूले हालसम्म पनि निरन्तरता पाइरहेका छन् । मल्लकाल पछि २००७ सालको आसपाससम्म पनि यो परम्परा कायमै रह्यो । राणाकालमा पनि चल अचल सम्पती राख्ने परम्परा कायमै रह्यो । यस्ता गुठी सम्बन्धी कागजातहरू पनि कुमारीचोकको सङ्कलनमा रहेका छन्।

यस्ता कागजातहरूमा मठ, मन्दिरको नाममा राखिएका विभिन्न देवालय, शिवालयका वि.सं. २००२ सालदेखि २०१७ सालसम्मका गुठी सम्बन्धी रेकर्डहरू रहेका छन्। जसमा विभिन्न देवी देवताको नित्य नैमित्तिक पूजा सम्बन्धी, विभिन्न देवी देवताको जात्रापर्व सञ्चालन सम्बन्धी, भजन गाउने व्यवस्था सम्बन्धी रेकर्डहरू रहेका छन्। त्यस्तै विभिन्न देवी देवताको महास्नान गराउने व्यवस्था सम्बन्धी, बाजा बजाउने व्यवस्था सम्बन्धी, नाच सम्बन्धी, ब्राह्मण भोजन गराउने व्यवस्था सम्बन्धी रेकर्डहरू पनि रहेका छन्। साथै पूजा सामग्रीको व्यवस्था सम्बन्धी, देवताको ढुकुटी सम्बन्धी, नित्य भोग लगाउने व्यवस्था सम्बन्धी, जल चढाउने व्यवस्था सम्बन्धी, आरती व्यवस्था सम्बन्धी, बलीपूजा सम्बन्धी, भोज खुवाउने सम्बन्धी, देवताको पोशाक फेर्ने सम्बन्धी, अखण्ड बत्ती बाल्ने व्यवस्था सम्बन्धी लगायतका विवरणहरू भएका लगभग ५३२ थान रेकर्डहरू ११८ पोकामा रहेका छन्।

३ पल्टन, सिपाही एवं पुलिस गोश्वारा सम्बन्धी रेकर्डहरू

मुलुकको सैनिक प्रशासन तथा सेना सम्बन्धी सम्पूर्ण कार्य गर्न राणाकालमा केन्द्रमा जङ्गी बन्दोवस्त अड्डाको स्थापना भएको थियो । यसले सेनाको भर्ती, प्रशिक्षण, विभिन्न गौंडा गोश्वारामा सेना पठाउने तथा व्यवस्था गर्ने, सेनाहरूको पजनीको कागजात तयार गर्ने आदि कार्य गर्दथ्यो । स्थानीय तहमा खासगरी पहाडी क्षेत्रमा बडाहाकिम अन्तर्गत रहने गरी गोश्वाराहरू स्थापना भएका हुन्थे।

राणाकालमा मुलुकको शान्ति सु–व्यवस्था कायम गर्ने लगायतका कार्य गर्न सो भै प्रधानमन्त्रीको मातहतमा रहने गरी पुलिस गोश्वाराको स्थापना भएको थियो । सुरुमा यस अन्तर्गत उपत्यकामा मात्र थाना र चौकीहरू स्थापना भएका थिए। वि.सं.१९७१ पछि उपत्यका बाहिरका जिल्लाहरूमा पनि पुलिस गोश्वाराहरू, थाना चौकीहरू स्थापना हुँदै गए। पुलिस गोश्वाराले पुलिस भर्ना, तालिम, सेवा सुविधा, जवानहरूको विस्तृत विवरण सहितको अभिलेख राख्ने कार्य गर्दथ्यो ।

यी दुवै गोश्वाराहरूले सनद सवाल बमोजिमका कार्यहरू कार्यान्वयन गर्दा र आफ्ना दैनिक कार्य सञ्चालन गर्दा सिर्जना भएका रेकर्डहरू लगायत विभिन्न गढीका पल्टन एवं कम्पनीका जागीरदारहरूसँग सम्बन्धित रेकर्डहरू पनि कुमारी चोक अन्तर्गत संकलित रेकर्डहरूमा रहेका छन् । यस्ता रेकर्डहरूमा वि.सं. १८७१ देखि वि.स. १९०३ सालसम्मका पल्टनका विभिन्न बिषयमा भएका लालमोहरहरू रहेका छन्। जसमा पल्टनलाई जग्गा वापत बुझाउनु पर्ने रकमको बारेमा, पल्टनको जागिर सम्बन्धी, गढी पहाड मधेसको अनाज खरिद गर्ने सम्बन्धी, जग्गाको चारकिल्ला तोकि उक्त जग्गा कमाइ पल्टनको खान्गी र मसलन्द चलाउने बारे,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तोके बमोजिम रकम खर्च गर्ने बारे, सिपाही भर्ना सम्बन्धी जग्गाको कुत पल्टनलाई तिर्ने बारे र जग्गाको कर असुल उपर सम्बन्धी आदि पनि रहेका छन् ।

राणाकालमा नेपालको पहाडी क्षेत्र सैनिक भर्तीका लागि उर्वरस्थल रहेकाले सम्पूर्ण पहाड क्षेत्रलाई दुई सैनिक केन्द्रको रूपमा विकसित गरिएको थियो । जस अनुसार पूर्वी पहाडमा पूर्वी मिलिशिया गोश्वारा र पश्चिम पहाडमा पश्चिम मिलिशिया गोश्वारा थिए । पूर्वी पहाडमा धनकुटा र पश्चिम पहाडमा पाल्पा गौंडा मातहतमा रहेका थिए ।

यस्ता मिलिशिया गोश्वारा मुख्यतः सैनिक भर्ती, तालिम, सामरिक महत्वका गढ, किल्ला, नाकाको रेखदेख एवं मर्मत सम्भार हातहतियार खरखजानाको व्यवस्थापन, गोश्वारा भित्रका जवानहरूको सेवा सुविधा सम्बन्धी कार्यहरू, कवाज खेलाउने, यस्ता जवानहरूको सम्पूर्ण विवरण खुलाइ अभिलेख राख्ने र त्यस्तो अभिलेख केन्द्रमा पठाउने आदि सैनिक संगठनसँग सम्बन्धित कार्य गर्दथ्यो । त्यस्तै प्रशासनसँग सम्बन्धित कार्य गर्ने मिलिशिया गोश्वाराले आफ्नो क्षेत्र भित्रका जिल्लाहरूको शान्ति सुव्यवस्था, मालपोत संकलन लगायत सामान्य प्रशासनका अन्य सम्पूर्ण जिम्मेवारी पनि निर्वाह गर्नुपर्ने हुन्थ्यो । समग्रमा मुख्यतया सैनिक प्रशासन सम्बन्धी कार्य गर्दथ्यो । यसरी त्यस समयको जिल्ला प्रशासनमा मिलिशिया गोश्वाराको पनि महत्वपूर्ण भूमिका हुने गर्दथ्यो । यस्ता मिलिशिया गोश्वाराहरू पूर्वमा १,२,३,४ नं.का जिल्लाहरूमा रहेका थिए । त्यस्तै पश्चिममा पनि १,२,३,४ नका जिल्लाहरूमा रहेका थिए । यस्ता पूर्व र पश्चिमका विभिन्न नं का जिल्लाहरूका भर्ती भएका मिलिशिया जवानहरूको ३ पुस्ते यहाँको संकलनमा रहेका छन् । यस्ता रेकर्डहरूमा पूर्व १ नं. शिवदल पल्टनको सं. १९८१ साल देखिको २००२ सालसम्मको ४ महिने ८ महिने र २ बर्ष दिने किताब, पूर्व २ नं कालीधोज पल्टनको १९८० देखि २००२ सालसम्मको ४, ८ महिने र बर्ष दिने ३ पुस्ते किताब, पूर्व ३ नं बिष्णुदल पल्टनको १९८१ देखि २००३ सालसम्मको भर्ती भएका जवानहरूको ३ पुस्ते किताब, रहेका छन् । त्यस्तै पूर्व ४ नं गड्डुदल पल्टनको १९८१ देखि २००१ सालसम्मको भर्ती भएका जवानहरूको ३ पुस्ते, पश्चिम १ नं भैरवीदल पल्टनको १९८१ देखि २००० सालसम्मको भर्ती भएका जवानहरूको ३ पुस्ते, पश्चिम २ नं. भैरवप्रसाद



पूर्व २ नं मुलछोटी जंगी परेड श्री कालीधोज पल्टनको १९८३ सालको १ वर्षको भर्ती ३ पुस्ते विवरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पल्टनको १९८१ देखि २००१ सालसम्म भर्ती भएका जवानहरूको ३ पुस्ते विवरणहरू रहेका छन् । साथै पश्चिम ३ नं खड्ग दल पल्टनको १९८१ देखि २000 सालसम्म भर्ती भएका जवानहरूको ३ प्रस्ते विवरण, पश्चिम ४ नं चण्डीप्रसाद पल्टनको १९८१ सालदेखि २००१ सालसम्म भर्ती भएका जवानहरूको ३ पुस्ते विवरणहरू पनि रहेका छन् ।

४. कम्याण्डरी किताबखानाका नाममा भएका सवाल एवं आदेशहरू

राणाकालीन प्रमुख कार्यालयहरू मध्ये कम्याण्डरी किताबखाना पनि एक हो। वि.सं.१९०४ मा जङ्गबहादुरले यस कार्यालयको स्थापना गरेका थिए। जसको मुख्य कार्य निजामती तथा जङ्गी दुवैतर्फका कर्मचारीहरूको विवरण राख्नु, लगत तयार गर्नु र अभिलेख राख्नु हो । त्यस्तै कर्मचारीलाई भर्ना एवं चिनाउने निस्सा दिनु र तलब खाने तिर्जा दिनु लगायत कर्मचारीहरूको पजनीको लागि कागज / सूची तयार गरी श्री ३ मा पेश गर्नु आदि थिए। यसले प्रत्येक बर्ष हुने पजनीको थमौती, सरुवा, बढुवा भई रिक्त भएका पदहरूमा कर्मचारीहरूको व्यवस्था, कर्मचारीहरूको भर्ना, खान्गी सम्बन्धी विवरण तयार गर्ने कार्य गर्दथ्यो। यस कार्यालयलाई श्री ३ वाट वि.सं. १९६५ देखि २००७ सालसम्म भएका सनद सवाल एवं आदेशहरू यस सङ्कलनमा रहेका छन्। यस्ता रेकर्डहरू लगभग ४३ पोकामा ८६ थान किताबको रूपमा रहेका छन्।

५. कौशीतोषाखानाको नाममा भएका खड्ग निशानाहरू

कौशीतोषाखाना नेपाल राष्ट्र बैङ्कको स्थापना हुनुभन्दा पहिलेको मुलुकको सरकारी ढुकुटीको जिम्मा लिने, आम्दानी खर्चको काम चलाउने निकाय थियो । मुलुकको सम्पूर्ण सरकारी कामको खर्च यसै कार्यालय मार्फत हुन्थ्यो । अर्थात् राणाकालीन समयमा यस कार्यालयले विभिन्न कार्यालयहरूलाई आवश्यक पर्ने रकम बाँड्ने, कर्मचारीहरूलाई ऋण दिने, जङ्गी तथा निजामती दुवैतर्फका अवकाश प्राप्त कर्मचारीहरूलाई पेन्शन दिने, तलव भत्ता दिने, सार्वजनिक कार्यालयहरूको लागि खर्च निकासा दिने, पूजाआजा एवं जात्रापर्व चलाउन रकम निकाशा दिने, गद्दी बैठकको हेरचाह गर्ने र यसलाई चाहिने खर्चको व्यवस्था गर्ने, कार्य गर्दथ्यो। त्यस्तै श्री ५ र श्री ३ को राज्यारोहण एवं राजदरबारका सदस्यहरूको जन्म, नामाकरण, अन्नप्राशन, व्रतवन्ध, विवाह, अन्त्येष्टि आदि संस्कारका निमित्त खर्च निकासा दिने गर्दथ्यो । समग्रमा यसले प्रधानमन्त्रीको खड्ग निशाना बमोजिमको कामका लागि निकासा भएको रकम दिने काम गर्दथ्यो र यसले आफूले गरेको खर्चको विवरण मासिक र बार्षिक रूपमा कुमारीचोकमा बुझाउनु पर्दथ्यो। यस कार्यालयलाई खड्ग निशाना मार्फत समय समयमा आदेशहरू हुन्थ्यो । यसरी भएका आदेशहरूमा वि. स.१९६५ देखि २००७ सालसम्मका करिब ८२ पोका खड्ग निशानाका नक्कलहरू पनि यस सङ्कलनमा रहेका छन्। त्यस्तै यस कार्यालयको नाममा भएका वि.स. १९४३ देखि २००७ सालसम्मका विभिन्न समयका करिब ६0 पोका नक्कल वहीहरू पनि रहेका छन् । यसका अतिरिक्त कौशीतोषाखानाका नाममा वि.स.१९९४ देखि २००३ सम्म भएका दरबन्दी सम्बन्धी विवरण पनि रहेका छन् । त्यसै गरी वि.सं. १९६६ देखि २००७ सालसम्मका करिब ५३ पोका फुटकर खड्ग निशानाका नक्कलहरू समेत कुमारीचोकबाटप्राप्त रेकर्डहरूमा सङ्कलित छन्।

६. मुलुकी बन्दोवस्त अड्डाका विभिन्न फँटहरूको रिपोर्टः

कुमारीचोक अड्डाबाट प्राप्त रेकर्डहरू मध्ये अर्को महत्वपूर्ण सङ्कलन हो मुलुकी बन्दोवस्त अड्डा अन्तर्गतका विभिन्न फाँटका रिपोर्टहरू । जङ्गबहादुरको समयमा स्थापित मुलुकी बन्दोवस्त अड्डा राणाकालको मुलुकी प्रशासन सञ्चालन गर्ने अर्थात् आजको गृह मन्त्रालयको जस्तो कार्य सञ्चालन गर्ने कमाण्ड-इन-चिफ मातहतको महत्त्वपूर्ण अड्डा थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसले देशको निजामतीतर्फको सम्पूर्ण काम हेर्दथ्यो । यस अड्डाको कार्यक्षेत्रको विस्तार हुँदै जाँदा यसको पटक- पटक पुनर्गठन भएको थियो । यसले देशको शान्ति सुरक्षा, सरकारको खर्च सम्बन्धी विषय, कर्मचारीहरूको सरुवा, नियुक्ती, वढुवा सम्बन्धी कार्य, पजनी सम्बन्धी कार्य, वडा हाकिमहरूको जाहेरीको निकाशा सम्बन्धी कार्यहरू गर्थ्यो । त्यस्तै यसले ऐन कानूनको संग्रह, संशोधन एवं खारेजी गर्ने लगायतका कार्यहरू पनि गर्दथ्यो । साथै स्थानीय प्रशासन, मालपोत सङ्कलन आदि कार्यहरू पनि यसै अन्तर्गत पर्दथ्यो । समग्रमा यसले मुलुकको प्रशासन सञ्चालन, निरीक्षण अनुगमन आदि कार्य गर्दथ्यो ।

यस अड्डाका ऐन सवाल फाँट, मुलुकी अड्डा पूर्जी फाँट, रिपोर्ट निक्सारी फाँट, मास्केवारी फाँट, नेपाल पहाड वन्दोवस्त फाँट, मधेस बन्दोवस्त फाँट, काठ-महाल निक्सारी फाँट र रकम बन्दो वस्त फाँट गरी ८ वटा फाँटहरू थिए । जसमा ऐन सवाल फाँटले देशको शान्ति-सुरक्षा र सुव्यवस्थाको लागि ऐन कानून सवाल जारी गर्ने गर्दथ्यो । यस फाँट अन्तर्गतका कानूनी दस्तावेज संशोधन खारेजी सम्बन्धी वि.स.१९९६ देखि २००७ सम्मको रेकर्डहरू ६ पोका रहेका छन्। त्यस्तै मुलुकी बन्दोवस्त अड्डा अन्तर्गतको अर्को महत्वपूर्ण शाखा मुलुकी अड्डा रिपोर्ट निक्सारी फाँट हो । जिल्लाका कार्यालयहरूले नियमित रूपमा जिल्ला सम्बन्धी गतिविधिहरूबारे मुलुकी अड्डामा रिपोर्ट पठाउनु पर्दथ्यो र ती रिपोर्टहरू हेरी त्यसमा आवश्यक कारवाही गर्ने जिम्मेवारी रिपोर्ट निक्सारी फाँटको थियो । यस अन्तर्गत पहाड मधेस र उपत्यकामा निक्सारी फाँटहरू स्थापना भएका थिए। यसले मुलुकभरीका विविध क्षेत्र खासगरी विभिन्न जिल्लाका मालपोत, जङ्गल, भन्सार, पर्यटकको विवरण झिकाउने र तिनको अभिलेख राख्ने कार्य गर्थ्यो। यस्ता वि.सं.१९९६ देखि २००७ सालसम्मका ७ पोका विवरणहरू पनि यस सङ्कलनमा रहेका छन्। त्यस्तै सोही अड्डा अन्तर्गतको काठ-महाल निक्सारी फाँटको कार्य सञ्चालनको क्रममा सिर्जना भएका वन जङ्गल सम्बन्धी कारोबारका वि. सं. १९६४ देखि १९७५ सालसम्मका ३ पोका रेकर्डहरू समेत यस सङ्कलनमा रहेका छन् ।

७. कर्मचारीहरूको वहाली, वर्खास्ती सम्बन्धी खड्ग निशानाहरु

राणाकालीन प्रशासनिक व्यवस्थामा कर्मचारीहरूको वहाली, वर्खास्ती सम्बन्धी व्यवस्था लिपिवद्ध कानूनी प्रावधानहरूको आधारमा नभई श्री ३ हरूको स्वेच्छा स्वविवेकमा भर पर्दथ्यो । कमाण्डरी किताबखानाले नयाँ कर्मचारीहरूको भर्ना सरुवा वढुवा रिक्त पदमा पदपूर्तिको व्यवस्था, कर्मचारीहरूको तीनपुस्ते विवरण सहितको अभिलेख राख्ने, त्यस्तो अभिलेख अद्यावधिक गर्ने, कर्मचारीको खान्गी सम्बन्धी विवरण तयार गर्ने लगायतका विवरणहरू तयार गर्ने कार्य गर्दथ्यो। राणाकालीन प्रशासनको अर्को महत्वपूर्ण विशेषता थियो कर्मचारीहरूको प्रत्येक बर्ष हुने पजनी एवं थमौती। यस्तो पजनी थमौतीको विवरण यसै अड्डाले तयार गर्दथ्यो र सो विवरण श्री ३ समक्ष पेश हुन्थ्यो। कसैलाई जागीर दिनुपरे पनि यसै अड्डामार्फत पेश गर्नु पर्थ्यो । जागीरमा प्रवेश गर्न चाहने वा प्रवेश गराउनु पर्ने व्यक्तिको तीनपुस्ते विवरण सहित श्री ३ मा जाहेरी हुँदा राजकाज मुद्दा नलागेका र कुमारीचोक अड्डाको बाँकी तिर्नुपर्नेमा नदेखिएकाहरूले जागीर पाउन सक्ने साथै पुराना कर्मचारी थमौती पनि हुन सक्थे।

मुलुकका विभिन्न गढीका बडाहाकिमहरूले पनि आफ्ना इलाका भित्रका जङ्गी एवं निजामती कर्मचारीहरूको पजनी गर्ने अधिकार पाएका हुन्थे भने खरिदार, डिट्ठा, विचारी, तहरीरसम्मका कर्मचारी केन्द्रको स्वीकृती लिएर भर्ना गर्न सक्थे।

यसरी हेर्दा राणाकालमा कर्मचारीहरूको जागीर बर्ष-बर्ष दिनमा नवीकरण गर्नुपर्दथ्यो । श्री ३ लाई चित्त बुझेमा जागीर थमौती हुने अन्यथा वर्खास्तीमा पर्ने गर्दथ्यो । यसै प्रयोजनका लागि कर्मचारीहरूको वहाली वर्खास्ती सम्बन्धी व्यहोराका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खड्ग निशानाहरू हुने गर्थे । यस्ता वहाली बर्खास्ती सम्बन्धी वि.स. १९४२ देखि २००७ सालसम्मका करिव ६६ थान खड्ग निशानाका किताबहरू यहाँको सङ्कलनमा रहेका छन् ।

८. विभिन्न व्यक्ति/निकायका नाममा भएका लालमोहरहरू

राज्यको शासन सञ्चालनका क्रममा आवश्यक ऐन बनाउँदा, विशेष नियुक्ति गर्दा, विशेष कार्य गर्न गराउन विशेष अनुदान दिने आदि श्री ५ बाट स्वीकृत हुनुपर्ने प्रकृतिका कार्यहरू गर्न गराउन आदेश तथा निर्णयका सरकारी कागजपत्रहरूमा लगाइने श्री ५ महाराजधराजको रातो छापलाई नै लालमोहर **(Royal Seal)** भनिन्छ । यस्तो छाप श्री ५ महाराजाधिराज सरकारको नाम सहितको ठूलो दुर्गा भवानी लेखिएको र १२ राशी समेत भएको हुन्छ। तत्कालीन समयमा श्री ५ महाराजाधिराजको लालमोहर नलागेमा कुनै प्रकारको मान, पदवी, अड्डा, जागीर, ऐन र सवाल आदिले कानूनी रूप प्राप्त गर्न सक्दैनथ्यो।

राणाकालीन समयमा विशेष कार्य प्रयोजनका लागि विभिन्न समयमा विभिन्न राजाहरूले विभिन्न व्यक्ति/निकायहरूका नाममा जारी भएका वि.सं. १८७१ देखि २००६ सालसम्मका खासगरी पश्चिम नेपाल क्षेत्रका लालमोहरहरु कुमारी चोक अड्डाबाट प्राप्त रेकर्डहरूको सङ्कलनमा रहेका छन् ।

यस्ता लालमोहरका विषयहरूमा गढी, पहाड, मधेशको अनाज खरीद गर्ने बारे पल्टनको खान्गीका लागि जग्गा कमाउने र मसलन्द चलाउने बारे, पल्टनहरूलाई आवश्यक अनाज खरीद गरी जगेडा राख्ने वारे शैनिक गणहरूलाई तोके बमोजिमको रकम खर्च गर्ने बारे, विभिन्न पल्टनमा सिपाही भर्ना सम्बन्धी रहेका छन् । त्यसै गरी जग्गाको कुत तिर्ने बारे, जग्गा जमिन कमाउने बारे, थिति ठेक्का सम्बन्धी, किराना मालसामान बिक्री एवं यसमा कर नलगाउने बारे, डाँका नियन्त्रण वा मार्नु पर्ने बारे, मुन्सि काम गरे वापत पाउने पारिश्रमिक बारे, ज्यान मारेको सजाय सम्बन्धी रहेका छन् । यसका अतिरिक्त किल्ला नाला मर्मत सम्बन्धी, अनाज विक्री गर्ने एवं दाखिला गर्ने, विभिन्न चाडपर्वमा गर्ने खर्च बारे, डाँका गर्ने ठगी गर्नेलाई जात अनुसारको दण्डदिने बारे, रसद खरीद गर्न रकम दिएको बारे, मुजुरा दिने बारे, पल्टनलाई खाद्य सामग्री सापट दिने बारे, पल्टनले कमाइ खाएका जग्गाका समस्याहरू मिलाउने आदि रहेका छन् ।

९. सिंहदरवार जिन्सी अड्डाको रिपोर्ट

राणाकालमा प्रचलनमा रहेका अड्डाहरू मध्ये सिंहदरवार जिन्सी अड्डा पनि एक हो । प्रधानमन्त्री, उनको परिवार र कहिलेकाहीँ राजदरवारको लागि चाहिने प्रयोगका सामानहरू भारत र समुन्द्रपारका मुल्क (वेलायत) बाट झिकाउन सन् १९२१ मा चन्द्रशमशेरले यस अड्डाको स्थापना गरेका थिए। यस अड्डाका वि.स.१९९१ देखि २००७ सालसम्मका रिपोर्ट सनदको नक्कल करिब ७ पोका यहाँको सङ्कलनमा रहेका छन् । त्यस्तै यस अड्डाका नाममा भएको वि.सं. १९६३ देखि १९७१ सम्मको खड्ग निशाना नक्कल २ पोका ९ थान किताबहरू पनि रहेका छन्।

१०. सिंहदरवार घरकाज अड्डाको रिपोर्ट

राणाकालमा राणाजीका छोरा–छोरी, ज्वाइँ, बहिनी लगायतका आफन्तहरूका लागि दरबार बनाउने सम्बन्धी कार्य गर्न प्रधानमन्त्रीको मातहतमा रहने गरी घरकाज अड्डा स्थापना भएको थियो । बाबुराम आचार्यको भनाइ अनुसार यस अड्डाको स्थापना वीर शमशेरले गरेका थिए। चन्द्रशमशेरले यस अड्डालाई पुनर्गठन गरी आफ्नै मातहतमा राखेका थिए। राणा इञ्जिनियर हाकिम रहने यो अड्डामा लगत र चेकफाँट, नगदीफाँट, मालगोदाम, काठगोदाम र बनाउने अड्डा गरी पाँच मुख्य शाखाहरू थिए। पछि गएर यसमा दुई नयाँ शाखाहरू खोलिए। ती मध्ये एकले दरबारहरूमा बिजुली जडान गर्ने कार्य गर्दथ्यो भने अर्कोले मेच टेवुल आदिको प्रबन्ध गर्दथ्यो। यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अड्डाले दरवारहरूको निर्माण मर्मत गर्दा कैदीहरूलाई काममा लगाउँथ्यो । कार्यसंचालनको लागि अड्डामा इन्जिनियर, ओभरसियर, सिकर्मी, डकर्मीहरूका साथै मुखिया, खरिदार, राइटर नौसिन्दा जस्ता प्राविधिक एवं अप्राविधिक दुवैखाले कर्मचारी रहन्थे। यस अड्डाको वि.सं.१९९१ देखि २००७ सम्मको करिव १६ थान ३ पोका रिपोर्ट सनद पञ्जिका सङ्कलन गरी यहाँ राखिएको छ।

माथि उल्लेखित कागजातका अतिरिक्त लगभग वि.सं. १९२३ देखि २००७ सम्मका अन्य विभिन्न विषयका कागजातहरू समेत कुमारीचोक कार्यालयवाट प्राप्त भएका छन्। यस्ता कागजातहरूमा श्री ५ को र श्री ३ को राज्याभिषेक, सिन्दुरजात्रा, श्री ५ र श्री ३ का राजपरिवारका सदस्यहरूको एवं चौतारिया गुरु पुरोहित आदि समेतको जन्म, अन्नप्राशन, विवाह, व्रतबन्ध, अन्त्येष्टि आदि संस्कार र त्यसमा भएको खर्च सम्बन्धी वि.सं. १९५२ देखि २००७ सालसम्मको करिब १०० थान कागजात समेत रहेका छन् । त्यस्तै काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरूका वि.सं. १९५८ देखि १९७६ सालसम्मका पोता लगतका रेकर्डहरू, विभिन्न जिल्लाका गौडा एवं मानिसका नाममा भएका वि.स.१९६४ देखि १९६९ सम्मका फूटकर खड्ग निशाना, रुक्का नक्कल, पनि यस सङ्कलनमा रहेका छन्। त्यस्तै मधेसतर्फको वि.सं. १९७० देखि १९७५ सम्मको मधेस बन्दोवस्त, मधेस रिर्पोर्ट, निक्सारीको रिपोर्ट, वि.स. १९७६ देखि २००७ सम्मका रुक्का दस्तखतको नक्कल खड्ग निशानाहरू, पनि यस सङ्कलनमा रहेका छन् साथै पश्चिम नेपालका वि.स. १९८६ देखि २००७ सम्मको बडापत्रको नक्कलहरू र वि.सं. १९९१ देखि २००२ सम्मको बिन्तीपत्र र मिसिलहरू, रिपोर्ट सदर बमोजिमको पूर्जीको नक्कल किताब, सनद पूर्जीको नक्कल, मधेस दौडाहा सम्बन्धी कागजातको नक्कल रहेका छन् । त्यसैगरी पानी मिनाहा सम्बन्धी, श्री ३ सरकारहरू अदली-बदली र रानीहरूलाई पाएका पदवी सम्बन्धी, वि.सं. १९४४ देखि १९६४ सम्म साल-सालको मिनाह मजौरा मिमो सम्बन्धी, साल-सालको दोसल्ला दरवन्दी सम्बन्धी, मुक्तियारी थमौतीमा थमौती हुने राणाजीहरू बारेको नक्कल किताब, विभिन्न सालको तक्माबारे, राजा रजौटा विदेशीहरूसँग भेट मुलाकात हुँदाको किताब, साल-सालमा भएका अख्तियारीहरू सम्बन्धी, साल सालको अड्डा-अड्डामा दाखिला हुन आएका सो अड्डाअड्डाका र मानिसहरूको नाउँको सवालहरू समेत रहेका छन् । यसका साथै श्री ५ र श्री ३ महाराजहरूका ठाउँ-ठाउँमा सवारी बिषयमा भएका खड्ग निशाना, श्री कम्याण्डर इनचिफ साहेवका नाममा भएको बडापत्र, अड्डा-अड्डालाई लेखि गएको लेखोट पूर्जीको नक्कल, विभिन्न समयका अड्डाका आवाजेहरू, विभिन्न अड्डाको ३ महले, किताब, पाल्पा दफदर गिरी, सदार्वत पाल्पा, गोर्खा दरबारका ३ महले, विर्ताको लालमो हर, चिसापानी गढीको बडापत्र पनि रहेका छन् । त्यस्तै विभिन्न मालअड्डाका नाममा भएका सनद सवालहरू, गोश्वारातर्फको तामेली मिसिल, वनजाँचतर्फको तीन महले किताब, विभिन्न गौडाहरूबाट चढाएको रिपोर्ट, निजामतीतर्फ २००६ साल श्रावणदेखिको द्रव्यकोषको मिसिल पनि यस संकलनमा छन् । यस बाहेक पूर्व १ नं चौतारा सिन्धुपाल्चोक माल दर्ता २००२ सालका विजन फारामहरू, पूर्व २ नं. इलाका रामेछापको २००४ सालको विजन फारामहरू, पूर्व ३ नं इलाकाको १९९९ सालको विजन फाराम, पूर्व ४ नं इलाकाको विजन फारामहरू पनि इलाम जिल्ला सर्पट नापी प्यूठ खेश्रा १९९२, गोरखा नापी १९९५, जाजरकोट नापी १९९१, छुटपुट विजन फाराम, पूर्व १ नम्वर इलाकाको विजन फाराम, पूर्व २ नम्वर इलाकाको विजन फाराम, पूर्व ३ नम्वर इलाका, पूर्व ४ नम्वर इलाकाको विजन फाराम, वनजंगलको असट्टा, १९९० सालको भूकम्प पिडीतोद्धारक सम्बन्धी लगायत तत्कालीन समयका दैनिक प्रशासन सञ्चालनका क्रममा सिर्जित निजामती तथा जङ्गी दुवैतर्फका विभिन्न विषयका रेकर्डहरू पनि यस सङ्कलनमा रहेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहार

तत्कालीन समयको विविध पक्षको वारेमा जानकारी दिने यस्ता रेकर्डहरू लगभग वि.स.१८५५ देखि २००७ सालसम्मका रहेका छन् । यस्ता रेकर्डहरूमा खासगरी राणाकालीन समयका विभिन्न पक्षहरू विशेषगरी जग्गा जमिनको सर्भे नापी सम्बन्धी, मालपोत सम्बन्धी, गुठी व्यवस्था सम्बन्धी, पल्टन सिपाही सम्बन्धी, तत्कालीन समयमा स्थापित विविध अड्डाहरूलाई भएका सनद सवाल आदेश खड्ग निशाना सम्बन्धी, कर्मचारीहरूको दरबन्दी वहाली तथा पजनी सम्बन्धी जानकारी दिने स्रोत सामग्री सावित भएका छन् । त्यस्तै कार्यालयहरूलाई भएको अख्तियारी सम्बन्धी, श्री ३ वाट भएको रुक्का आदेश सम्बन्धी, पूर्व, पश्चिमका गढी, गौंडा गोश्वाराहरूका बडापत्र सम्बन्धी, श्री ३ हरूको अदलीवदली सम्बन्धी लगायतका रहेका छन् । विविध पक्षहरूको बारेमा जानकारी दिने यस्ता विवरणहरू अध्ययनका लागि महत्वपूर्ण मौलिक श्रोत भएका छन् । समग्रमा यस्ता रेकर्डहरू तत्कालीन सरकारको क्रमिक विकास, सरकारी गतिविधिहरू, राजनीतिक, आर्थिक, प्रशासनिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक आदि पक्षका साथै विगतका ऐन, नीति, नियम, योजना आदिको बारेमा जानकारी गराउने मूल प्रामाणिक श्रोतहरू सावित भएका छन् । अभिलेखात्मक रेकर्डहरूको महत्व त्यतिबेलासम्म हुँदैन जबसम्म ती रेकर्डसम्मको अनुसन्धानकर्ता वा सम्बन्धित व्यक्तिको पहुँच सुनिश्चित हुँदैन । तसर्थ राष्ट्रिय अभिलेखालयले प्रचलित ऐन नियम बमोजिम सम्बन्धित सबैको यी रेकर्डहरूसम्मको पहुँच सुनिश्चित गरी भण्डारण एवं व्यवस्थित गरेको छ । सम्बन्धित अड्डा अदालत एवं अनुसन्धानकर्ताहरूले यी रेकर्डहरूको उपयोग गरिरहेका छन् । कुनै विषयको तहकिकात एवं अनुसन्धानको क्रममा यस्ता रेकर्डहरू महत्वपूर्ण प्रमाणको रूपमा प्रयोग भइरहेका छन् । हालसम्म पनि तराइ र पहाडका कतिपय निजी स्वामित्वका जग्गा जमिनको स्वामित्व निर्धारण गर्न, अड्डा अदालतमा प्रमाणको रूपमा पेश गर्न यस सङ्कलनमा रहेका भूमी सम्बन्धी रेकर्डहरू सर्वसाधारण एवं अड्डा अदालतको लागि ज्यादै उपयोगी सिद्ध भएका छन् । त्यस्तै तत्कालीन समयको विभिन्न अवस्थाको बारे मा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि पनि महत्वपूर्ण खुराक सावित भएका छन् ।

सन्दर्भ सामग्री

उपाध्याय, प्रा.डा.श्रीराम प्रसाद–२०५६, नेपालको सामाजिक आर्थिक तथा प्रशासनिक इतिहास, रत्न पुस्तक भण्डार, काठमाडौं,

केन्द्रीय तहसिलः भूमिकाको खोजीमा–२०६५ असार, रिफर्म फोरम

गौतम, राजेश–२०५०, राणाकालीन नेपालको एक झलक, रत्न पुस्तक भण्डार, काठमाडौं,

नेपालको शैनिक इतिहास–२०४९, शाही नेपाली जंगी अड्डा, काठमाडौं,

बैद्य, तुलसीराम,

मानन्धर त्रिरत्न–२०५३, आधुनिक नेपालको प्रशासनिक इतिहास, नेपाल र एशियाली अनुसन्धान केन्द्र,

भट्टराई, घनश्याम–२०५९, राणाकालीन जिल्ला प्रशासनमा बडाहाकिमहरूको भूमिका, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि. वि. कीर्तिपुर,

भट्टराई, हर्षनाथ शर्मा–२०४१, प्रशासनिक तथा कानूनी शब्दकोष, नेशनल रिसर्च एसोसियट्स, काठमाडौ,

राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका कुमारी चोकका रेकर्डहरू,

Kumar, Satish-1967, Rana Plity in Nepal, Bombay: Asia Publishing house,

Regmi, Mahesh chandra - 1978, Land Tenure and Taxation in Nepal, Ratna Pustak Bhadar Kathmandu.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिच्छवि लिपिको ताडपत्रग्रन्थ योगयाज्ञपल्क्य एक चर्चा

- जगन्नाथ उपाध्याय*

राष्ट्रिय अभिलेखालय लिच्छवि, मल्ल र शाह राज्यकालमा हस्तलिखित रूपमा तयार गरिएका महत्वपूर्ण ग्रन्थहरूको संग्रह भएको निकाय हो। ती ग्रन्थहरू वेद, पुराण, दर्शन, आयुर्वेद, धर्मशास्त्र, ज्यौतिष, तन्त्र, वास्तुशास्त्र, कलाशास्त्र आदि विषयका छन्। संस्कृत, पाली, नेवारी, नेपाली, मैथिली, तिब्वती आदि भाषामा लेखिएका ती ग्रन्थहरू लिच्छवि, नेवारी (रञ्जना आदि विभिन्न भेद समेत), देवनागरी, मैथिली, तिब्बती, बंगाली आदि लिपिमा छन्। कागजको उत्पादन गरिनुभन्दा पहिले ताडपत्रमा र त्यसपछि नेपाली तथा भारतीय कागजमा लेखिएका ती ग्रन्थहरू हाम्रा पूर्खाहरूले सिर्जना गरेका अमूल्य बौद्धिक सम्पदा हुन्।

नेपालमा सर्वप्रथम शिलालेखको स्थापना गरी इतिहासको धारालाई स्पष्ट बनाउने प्रयास, धार्मिक, दार्शनिक, पौराणिक, व्याकरण, आयुर्वेद जस्ता विषयका ग्रन्थहरूको लेखन, अध्ययन अध्यापन, आर्थिक कारोबार तथा स्वतन्त्र राज्यको प्रतीकका रूपमा मुद्रा र सिक्काको सर्वप्रथम प्रयोग, मानगृह, कैलाशकूट भवन, भद्राधिवास जस्ता विशाल राजभवनको निर्माण, भारत तथा चीनसँग असल सम्बन्धको विकास, लोकोपकारी कार्य आदि कारणले गर्दा लिच्छवि काललाई नेपालको इतिहासको स्वर्णयुग मानिन्छ। भारतका गुप्तवंशी शासकहरू जस्तै नेपालका लिच्छवि शासकहरूले पनि पूर्वीय दार्शनिक चिन्तक याज्ञवल्क्य, कौटिल्य, मनु, चाणक्य आदिले बयान गरेको राजनैतिक शासन प्रणालीलाई अनुसरण गरेको पाइन्छ। तत्कालीन धार्मिक तथा सामाजिक मूल्य र मान्यता एवं जीवनपद्धति पनि श्रुति, स्मृति परम्पराबाट प्रेरित र प्रभावित रहेको पाइन्छ। पूर्वीय दार्शनिक धरातलमा विकसित भएको लिच्छविकालीन शिक्षापद्धतिमा संस्कृत भाषाका वेद, पुराण, उपनिषद्, दर्शन, धर्मशास्त्र विषयका ग्रन्थहरूको अध्ययन अध्यापन हुने गरेको पाइन्छ।

योगयाज्ञवल्क्य 'नामक ग्रन्थका मूल प्रणेता याज्ञवल्क ऋषिका छोरा, वैशम्पायन ऋषिका शिष्य र सूर्यबाट शुक्ल यजुर्वेदको वाजसनेय संहिता प्राप्त गरेका ब्रह्मज्ञानी महर्षि याज्ञवल्क मानिन्छन्। गायत्रीको स्वरूप र उपासना विधिको बयान गरिएको यो ग्रन्थ हिन्दू वर्णाश्रम धर्म अनुसार को शिक्षा प्राप्त गरी इहलोकमा सुख पाउने र परलोकमा मुक्ति पाउने उद्देश्यबाट लेखाइ पढन-पाठनमा प्रचलनमा ल्याइएको बुझिन्छ।

लिच्छवि कालमा नेपालमा चलेको लिपिलाई पनि संरचनागत समानताका आधारमा गुप्त कालमा भारतमा चलेको गुप्त लिपि वा गुप्ताक्षर नै भन्ने गरिएकोमा वि.सं. २०१७ सालदेखि नेपाल सरकार पुरातत्त्व विभागबाट आफ्नै पहिचान भएको नाम राख्नुपर्छ भनी, लिच्छवि कालको लिपिलाई लिच्छवि लिपि नामाकरण गरिएको हो। कालान्तरमा क्रमिकरूपमा लिपिमा देखिएको परिवर्तनका आधार मा पाँचौदेखि सातौँ शताब्दीसम्मको लिपिलाई पूर्व लिच्छवि र सातौँ शताब्दीदेखि एघारौं शताब्दीसम्मको लिपिलाई उत्तर लिच्छवि भनिन्छ। उत्तर लिच्छवि लिपिको प्रयोग गरी लेखिएको र लेखन समय याज्ञ अक्षरात्मक अङ्क पद्दतिमा **सम्बत् १४४ आश्विन कृष्ण पञ्चम्यां** लिखितं समाप्त मिति उल्लेख भएको यस सम्बत्लाई लिच्छवि सम्बत् नै मान्दा यो गयाज्ञवल्क्यको प्राचीनता लिच्छवि कालमा पुग्छ। यो ग्रन्थ राष्ट्रिय अभिलेखालयको लगत संख्या पं. ६९६ र धर्मशास्त्र विषय संख्या ५८ मा दर्ता छ। २९.५×४ से.मी.को ताडपत्रमा प्रत्येक पत्रको

*अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुवैतिर ५-७ पङ्तिमा लेखिएको यस ग्रन्थका जम्मा ४३ पत्र छन् । पत्रको ख भागको बाँया किनारामा अक्षरात्मक अङ्कमा पृष्ठाङ्कन गरिएको छ । दुईवटा फुटकर पत्र र पाँचपत्रको गायत्री ज्ञानविधि नामक अर्को ग्रन्थ पनि यसै बाँधमा छ । धागो उनेर बन्धन गरी ग्रन्थ संरक्षण गर्नका लागि पत्रको बीच भागमा दुईवटा प्वाल पारिएको छ भने यससँगै काठेगाता एक पनि छ । केही पत्रका केही श्लोकमा मसी उडी अक्षर अस्पष्ट भएकाले पढ्न नसकिने छन् । यसलाई मिति २०४३/९/१ मा रिल नं. A ११६१/३ मा माइक्रोफिल्म गरिएको छ ।

विषयवस्तुक आधारमा ग्रन्थ प्रणव, व्याहृति, गायत्री, सन्ध्योपासना, प्राणायाम प्रत्याहार, ध्यान, उपस्थानविधि र सर्वयोग समुच्चय गरी आठ प्रकरणमा विभाजित छ ।

ग्रन्थको आरम्भ यसरी गरिएको छः

ॐ नमो भगवतेवासुदेवाय ॥
निखिलस्यं महात्मानं सर्वयोगे श्वरेश्वरम् ।
भगवावक्षे वर्ण मुनि संस्थितौ समावृतं ॥
जनकाद्यैन्नककपवरैः शिस्यैश्चान्यै मुमुक्षुमि ।
तत्रासीनं मुनिवरं ध्यानयोग परायणम् ।
सर्वसंसयं ++++ब्रह्माकल्पं महामुनि ।
तं पृच्छन्ति महात्मान मृषयस्संश्रितव्रताः।
संसार तरणार्थाय गुहं ब्रह्म सनातनम् ॥
भगवान्सर्व्व योगेश ब्रुहि नः संशयो महान् ।
यः सार सर्व्ववेदानां वेदान्तानां तथैव च ॥
सिद्ध ज्ञानस्य सर्वेषां स्मृतीनांच महामुने ॥
चतुर्दशानां विद्यानां यस्तु सार प्रकीर्तितः ॥
आत्मज्ञानं परं यच्च यं ज्ञात्वा स्मृत भस्नुते ।
ॐ कारो व्याहृतिश्चैव गायत्री शशिरास्तथा
अन्तर्ज्जल ं तपै : प्राण संयम .... पृ. १ क १-५)



पत्र १ क

ॐ नमो भगवतेवासुदेवायबाट थालनी गरिएको यस प्रकरणमा प्रणव अर्थात् ॐ को निर्णय गरिएको छ । ॐ को निर्माण अ=रुद्र, उ=विष्णु, म=रुद्र, नाद= ईश्वर, विन्दु=सदाशिव (अ+उ+म+ँ+=ॐ) यी पाँच स्वरूपहरू मिलेर हुन्छ । धार्मिक मान्यता अनुसार ॐ को उच्चारण गर्दा यिनै पञ्च स्वरूपको स्मरण गरिन्छ । ॐ को उत्पत्ति, अक्षरहरूका देवता र शक्ति, महत्व, उपासनाबाट प्राप्त हुने फल आदिको बयान गरी इति योगयाज्ञवल्क्ये प्रणव-निर्णयोनामः ॥ मा यो प्रकरण अन्त्य गरिएको छ ।

अतपरम्प्रवक्ष्यामि व्याहृतिनान्तु निर्णयम् । बाट थालनी गरिएको यस प्रकरणमा व्याहृति अर्थात् तीन अक्षरका भूः, भुवः, स्वः तथा सात अक्षरका भूः भुव, स्वः, मह, जन, तप, सत्यम्को वेद वा ॐ कारबाट उत्पन्न भै व्याप्त हुने अवस्थाको बयान गरिएको छ । तीन अक्षरका ब्याहृति वा महाव्याहृति भूः भुवः स्वः को प्रयोग देवपूजा, भूरादिहोम, गायत्रीमन्त्र जप आदिमा गरिन्छ । मन्त्रको उल्लेख भएको ठाउँमा मन्त्र र मन्त्रको उल्लेख नभएको ठाउँमा व्याहृतिको प्रयोग गर्नुपर्छ । व्याहृतिको अगाडि प्रणव (ॐ) लगाउनुपर्छ । ब्रह्माको मुखबाट उत्पत्ति भएका व्याहृतिको उत्पत्ति, महत्व, प्रयोग विधि र त्यसबाट प्राप्त हुने फलादिको बयान गरी इति योगयाज्ञवल्क्ये व्याहृति निर्णयो नामः ॥ मा यस प्रकरणलाई टुङ्ग्याइएको छ ।

अत परं प्रवक्ष्यामि गायत्री निर्णयो शुभम् । बाट थालनी गरिएको यस प्रकरणमा गायत्री मन्त्रको उत्पत्ति, महत्व, जपविधि र त्यसबाट प्राप्त हुने फलादिको बयान गरिएको छ । गायत्रीका प्रकार र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिन्दू वर्णाश्रम धर्मअनुसार कुन वर्णका मनुष्यले कुन गायत्रीको जप गर्नुपर्छ भन्ने निर्णय गरिएको छ। गायत्री मन्त्रका प्रत्येक अक्षरको ऋषि, छन्द, देवता, वर्ण, तत्व, शक्ति, मुद्रा, कला, एवं शुभफल र दोष निवारण फलको आधिकारिक पुष्टि गरिएको छ। गायत्री चौवीस अक्षरको एउटा बैदिक मन्त्र हो। यसमा स्थावर जङ्गम गरिएका उन्नाईस तत्व र पञ्च महाभूत समेत जोडिदा चौवीस हुन जान्छ। विष्णु, शिव, भैरव आदि हरेक देवताका गायत्री हुन्छन् तर ती देवता र तिनको गायत्री अनुसार गायत्रीमन्त्र र वर्णको संख्यामा भिन्नता हुन्छ। प्रायः गायत्री भन्नाले चौवीस अक्षरको ब्रह्म गायत्रीलाई मात्र बुझिन्छ। वेदको सारस्वरूप उत्पन्न भएको ब्रह्म गायत्रीलाई वेदमाता पनि भनिन्छ। बिहान ब्रह्माकी शक्ति ब्राह्मी, मध्यान्हमा रुद्रकी शक्ति सावित्री र साँझमा विष्णुकी शक्ति सरस्वती गरी गायत्रीका तीन रूप हुन्छन्। प्रणव र व्याहृति सहित चौबीस अक्षरको गायत्री उपासना नै ब्रह्मत्व प्राप्तिकोद्वारा हो भन्ने बयान गरी **इति योगयाज्ञवल्क्ये गायत्री निर्णयो नामः ॥** मा यस प्रकरणलाई अन्त्य गरिएको छ।

अत उर्द्धम् प्रवक्ष्यामि सन्ध्योपासन निर्णयम्। बाट प्रारम्भ गरिएको यस प्रकरणमा सन्ध्योपासन विधि र कुन वर्णका मनुष्यले के कसरी सन्ध्योपासना गर्नुपर्छ भन्ने विषय निरूपण गरिएको छ। सन्ध्याको अर्थ प्रातः मन्ध्यान्ह र सन्ध्या तीन समयमा गरिने गायत्री जप र उपासनाको अर्थ हो ईश्वरको नजीक वस्नु। यस प्रकरणमा दुःख अनिष्टको विवृत्ति र सुखशान्तिको प्राप्तिका लागि सन्ध्योपासना गरी ईश्वरको प्राप्ति गर्न सकिने विषयको उल्लेख गरिएको छ। स्वधर्ममा रहनका लागि ब्राह्मण वर्गले गर्नुपर्ने प्राणायाम, न्यास, ध्यान सहित गायत्रीजपको बयान गरी इतियोगयाज्ञवल्क्ये जपस्नान सन्ध्योपासन निर्णयमा प्रकरणलाई अन्त्य गरिएको छ।

अत उर्द्धम् प्रवक्ष्यामि प्राणायामस्य निर्णयम्। बाट प्रारम्भ गरिएको यस प्रकरणमा प्राणायाम र प्रत्याहारको बयान गरिएको छ। प्राणायाम अष्टाङ्गयोग मध्येको चौथो योग पनि हो। प्राणायाम नाडी शुद्धि गरेर पहिले दाहिने हातको औंठाले दाहिने नाक थिची बाँया नाकले वायु खिच्दै प्राण, अपान, समान यी तीन वायुलाई शरीरमा भर्नु (पूरक), माझी र साहिली औंलाले बाँया नाक पनि थिची शरीरमा भरेको वायुलाई सकेसम्म रोक्नु (कुम्भक) र औंठालाई हल्का छोडी दाहिने नाकबाट बिस्तारै शरीरको बायु बाहिर निकाल्नु (रेचक) तरिकाबाट गरिन्छ। प्राणायाम गर्दा शान्त र बिस्तारै जति समय पूरकलाई लगाइन्छ त्यति समय कुम्भक र रेचकलाई लगाउनु पर्छ र अभ्यास पूर्वक यो समयलाई बढाउँदै लान सकिन्छ। योगका माध्यमबाट मन वा इन्द्रियलाई जवर्दस्ती रोकेर वा तानेर ल्याइ मनको एकाग्रता गराउने र मनलाई आदर, अनादर, राम्रो, नराम्रो, सुगन्ध, दुर्गन्ध, मीठो, नमीठो आदि स्वादबाट अलग्ग भै आत्मामा विलीन भएको अवस्था बनाउनुलाई प्रत्याहार भनिन्छ। प्राणायाम र प्रत्याहारको बयान गरी यस प्रकरणलाई **इतियोगयाज्ञवल्क्ये प्राणायाम प्रत्याहार निर्णयो नाम ॥** मा टुङ्ग्याइएको छ।

यस्यस्तु पुनरावृत्तिः कदाचिदिह दृश्यले। बाट प्रारम्भ गरिएको यस प्रकरणमा ध्यानको स्वरूप, महत्व र विधिको निर्णय छ। ध्यान अष्टाङ्गयोग मध्ये प्रधान मानिएको सातौँ योगमा पनि पर्छ। ध्येय वस्तुको चिन्तन गर्दा गर्दै ध्येय कुरामा अभिन्न रूप हुन जाने अवस्थालाई ध्यान भनिन्छ। ध्यान चित्तलाई एकाग्र गरी गरिने आत्मस्वरूपको चिन्तन पनि हो। ध्यानबाट आत्मस्वरूपको पहिचान गरी त्यसमा एकाकार हुने अवस्थाको बयान गरी इति **योगयाज्ञवल्क्ये ध्यानप्रकरणन्नाम** मा प्रकरण अन्त्य गरिएको छ।

उपस्थानं प्रवक्ष्यामि सूर्यस्थ क्रियते यथा। बाट प्रारम्भ गरिएको यस प्रकरणमा गायत्री उपासनाको अभिन्न अङ्ग ध्यान र सूर्य उपस्थानको बयान गरिएको छ र **इति योगयाज्ञवल्क्ये ध्यानो पस्थान विधि।** भनी प्रकरणलाई अन्त्य गरिएको छ।

सर्व्वधर्म्मान् परित्यज्य योगधर्म समाचरेत्। बाट थालनी गरिएको यस अन्तिम प्रकरणमा विभिन्न योगहरूमध्ये गायत्रीयोग सर्वश्रेष्ठ हो भन्ने निर्णय गरी योगका अरु मार्गबाट भन्दा यसबाट ब्रह्मत्व प्राप्ति सहज हुने कुरा उल्लेख छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थको अन्त्य यसरी गरिएको
ॐ कारस्य तु गायत्र्या व्याहृतिनां शिरस्य तु ॥
प्राणायामस्य सन्ध्याया आत्मज्ञानस्य चैवहि ।
प्रत्याहारस्य ध्यानस्य मार्जनस्तु जलस्य च ॥
उपारथानस्य होमानांमात्म यज्ञस्य ये विधिः ।
विद्या विद्या विचारस्य त्रयीविद्यातिशंसनम
तन्सर्व्वम्मुनिमा प्रोक्त विप्राणां हित काम्यया ।
य इदं द्यारयेद्विप्र अधीत्य विमृसै तपः ॥
सर्व्वाणि भूतानि समान्तराणि
सर्वेष्व भूतेष्विवमन्तरस्थम् ।
पस्यन्ति ये योग विदोमनुष्य
स्तेषाम्प्रदेयन्न तु योन्यथास्य ॥
यथा हि भरतो वर्ण वर्तयन्त्यान्मन स्तनुम् ।
नानाविधानि रुपाणि तथान्ता कुरूते तनुम् ॥॥
इति योगयाज्ञवल्क्ये सर्वयोग समुच्चयः समाप्तः ॥॥
सम्बत् १४४
आश्विनकृष्ण पञ्चम्यां लिखितं समाप्तमिति ॥ ॥
(पृ.४३ क ६- ख ६



पत्र १ ख

योगको शाब्दिक अर्थ हो एक वस्तुको अर्को वस्तुसँगको जोड, मिलान र दार्शनिक अर्थमा यसलाई जीवलाई ब्रह्ममा जोड्नु भन्ने बुझिन्छ। असत्य, नाशवान् जीव अंश ब्रह्म हो र शाश्वत अविनाशी परमशक्ति परमात्मा अंशी ब्रह्म हो । चेतन रूप मानव जन्ममा ब्रह्म प्राप्तिका उपायहरू अवलम्बन गरी अंशीतत्व महान ब्रह्ममा योग अर्थात् घुलमिल भै जन्ममरणको बन्धनबाट सदाका लागि छुटकारा पाउनु पर्छ भन्ने पूर्वीय दर्शनको सार हो । ईश्वर प्राप्तिका लागि गरिने कामना रहित श्रद्धापूर्वक प्रेम भक्तियोगमार्ग, जन्मदेखि मृत्युसम्ममा आइपर्ने कामलाई नै ईश्वरको पूजा मानेर ब्रह्ममा एकीकृत हुने कर्मयोगमार्ग, ज्ञानयज्ञद्वारा आफूलाई परमेश्वरदेखि अभिन्न सम्झर अहंता, ममता आदिबाट अलग भै ईश्वरमा लीन हुने ज्ञानमार्ग, आँखाले देखेर वा सुनेर भोगगर्न मनलाग्ने कुरादेखि चाख नगरी मनलाई आफ्नो वसमा राखेर ईश्वर प्राप्त गर्ने वैराग्यमार्ग जस्ता पूर्वीय दर्शनमा बयान गरिएका ब्रह्मत्व प्राप्त गर्ने अनेक मार्ग छन् तर ती सबै मार्गभन्दा भिन्न र सरल मार्ग गायत्री उपासनामार्ग नै हो भन्ने निक्र्यौल यस योगयाज्ञवक्ल्यमा गरिएको छ।

सन्दर्भ ग्रन्थ

पाण्डे, फणीन्द्र प्रकाश, २०५७, संस्कृत नेपाली बृहत् शब्दकोश, दाङ, महेन्द्रसंस्कृतविश्वविद्यालय।

भट्टराई, ज्ञानेश्वर, २०५८, बृहद् ज्ञानकोश, काठमाडौं, आशिष पुस्तक भण्डार।

राजवंशी, शंकरमान, २०३१, नेपाली लिपि विकास, काठमाडौं, कैलाश प्रकाशन।

राष्ट्रिय अभिलेखालय, योगयाज्ञवल्क्य, काठमाडौं, राष्ट्रिय अभिलेखालय।

रेग्मी, दिनेशचन्द्र, २०६०, पुरालेखन र अभिलेख, काठमाडौं, हिमाल बुकस्टल।

शर्मा, रुद्रमणि, २०५७, ब्राह्मण तथा ब्रह्मगायत्री, काठमाडौं, श्रीमती जमुनाकुमारी शर्मा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'आधा 'आधा व्यहोरा लेखी राखिएका वटु चिधंबहाल र ·इटुंबाहालका शिलापत्रहरू

– सिद्धिरत्न शाक्यभिक्षु*

इतिहासका विभिन्न श्रोतहरूमध्ये शिलापत्र पनि एक हो । यसलाई जर्गेना गर्न राष्ट्रिय अभिलेखालयमा नेपालका थुप्रै शिलापत्रहरूको उतार संकलन गरिएका छन् । अध्ययन गर्ने क्रममा केही शिलापत्रहरू भौतिक रूपले पूर्ण देखिए पनि व्यहोराका हिसाबले अस्पष्ट र अपूर्ण खालका शिलापत्रहरू साथै आधा व्यहोरा एउटा शिलापत्रमा अर्को आधा व्यहोरा अर्को शिलापत्रमा लेखिएका शिलापत्रहरू पनि पाइन्छन् । त्यस्ता दुई शिलापत्रहरू एउटै ठाउँमा नराखिकन अध्ययन गर्दा राम्रोसँग अर्थ लगाउन समस्या पर्छ । भेटिएका यस्ता शिलापत्रहरू मध्ये विभिन्न दृष्टिकोणले महत्वपूर्ण देखिएका दुईओटा शिलापत्रहरूको परिचय यहाँ प्रस्तुत छ ।

१) वटू, चिधंबाहालको ने.सं. ८०० को शिलापत्र

कान्तिपुरको वटू बाहालको क्वाचपाल देवताघरको ढोका बाहिर दायाँ र बायाँपट्टिको भित्तामा छुट्टाछुट्टै दुईओटा शिलापत्रहरू छन् । यी शिलापत्रहरू हालसम्म प्रकाशित भएका देखिदैनन् । यस शिलापत्रको आधा व्यहोराको शिलापत्र ब.नं.२१ अभिलेख संख्या ४७९ मा राखिएको छ यसैको बाँकी भने अर्को आधा व्यहोरा भएको शिलापत्र ब.नं.६ अ. संख्या १५१ मा राखिएको छ । राजाको नाउँ उल्लेख भएको मल्लकालको यो अभिलेख कान्तिपुर सूचि भाग १ मा समावेश हुन छुट भएको देखिन्छ

वटु चिधंबाहाल क्वापाल घरको ढोकाको बायाँ पट्टिको भित्तामा राखिएको शिलापत्र आधा भाग क (व.नं. २१ अ.सं. ४७९) मूलपाठ

१) उँ नमः श्री शाकेमुनय नमः ॥ (श्री)योस्तु सम्वत् ६६० कातिकशुक्र एकादस्या तिथौ थ्वचयछेवह बाहार दयका जुरो ।

२) ......श्रीमत्कान्तिपुरि माहानगर.. चोछेनर श्रीधर्म्मचक्र महाविरोवथित ओन्तु बाहारया शाक्यविक्षु श्रीतोयु

३) ओशाक्यविक्षु श्रीभूपराजजु, शाक्यविक्षुमणिराजजु, शाक्यविक्षु जकराजजु थ्व सकल पेम्ह फुकिजस्यंन थ्व बहाल, दय

४) जओ माथअतन सियाओ तयासः श्री ३ अक्षौभ्य पितिन चेकन अतनसिया जुरो ॥ ॥ स्वस्ति श्रीमत्पशुपतिचरना... धुलिधुशरित ।

५) ....श्वरिष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमान्नोन्त रविकुरतिरक शिरोरुह श्री ३ मान्य.. हनुमध्वज नेपारेश्वर माहाराजाधिराज

६) राजराजेन्द्रसकराज चक्राधिश्वर श्रीश्रीजयभूपेन्द्रा मल्ल परमभट्टारक देवानांसदासमर विजयिनां प्रभु थाकुरस विजय राज्ये दानप

७) ति श्रीधवर उपासक जिनउधार महाविहारया ओ तुछेया शाक्यविक्षु, श्रीरत्नया कविन्द्र मल्लि... भाज्र्या तुनाया दामशुकि १ जकसिह हाकु

८) ....ब्याहानि शुकि २ नरसिह.....भाज्याया शुकी १ दं समरसिह जरस्वया ब्याहारि २ रत्नसिंहया

---

*अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मोहोर १ भाज्या(चन)या मोहर १ पुत्र दिब्यासिहया मोहोल १ द्विितियपुत्र मञ्जुसिहया मोहोर १

९) ..... शुकी २ तता मारतिया शुकि २ भातापूत्रि हेरसखठिया शुकि २ रुसिंदेवया मोहोर १ भाज्या धरनिया शुकि १ भाज्या जमुनाया शुकि १ (पुत्र) जयसिहया

१०) शुकि.. सिंहया मोहर १ मुनिया मोहोर १ भाज्या अणपुनाया मोहोर १ भाज्या जयमुनिकाया मोहोर १ तता हेरमाया मोहोर १ बुद्धचन्द्र मोहोर १ भाज्या कधारि

११) शुकि २ भाज्या पिगराया शुकि १ पुत्र सुर्जपतिया मोहोर १ पुत्र रत्नपतिया मोहोर १ पुत्र जयपतिया मोहर १ पुत्र प्रग्यांपतिया मोहर २ श्वनिया मोहर... शुकि.. मोहर

१२) भ्राते शुरजयया मोहर ३ भाज्या मारतिय शुकि ३ पुत्र धनदेओया मोहर १ जाया धनया मोहोर १ भाज्या हेलमनिया मोहोर पुत्रधनसिहया माहोर २ जयधर्म्सिंह

१३) या माहोर १ पुत्र शुजममनिया माहोर .. पुत्रि जयरछमियकि ३ ज्ञ्यानजयया मोहोर ३ चमा हेरनिया दामसुका ३ भाज्या मनेहरिया दामसुका ३ पुत्र ग्यानपतिया मोहोर २ पुत्र श्रा

१४) नपुनिया माहोर १ सिङदेओ, जएधलमया मोहोर १ धम्मराजया मोहोर १ भाज्या जराधलिया सुहि २ पुत्र सिद्धिराजया मोहोर १ ब्याखासिंहया मोहोर १ सानमा

१५) या सुकि ११ थ्वति ङामन मङागाओ शाक्यभिक्षु श्रीरत्नसिंह दोहोलपा कविन्द्रमल्लि मोहोर दका जिमच्याटका १८ शाक्यभिक्षु श्रीदेओ, शाक्यभिक्षु श्रीगुनजय

१६) ..किजस्यन वाहारया कविन्द्रमल्लि टंका जिमच्या मोहोर १८ थ्वया बाकि मेगुरिके

शिलापत्रको अनुवाद :

ओम शाक्यमुनिलाई नमस्कार । ने.सं.६६० (वि.सं.१६२४) कातिकशुक्र एकादशी तिथिमा बहाल बनाइयो । ...श्रीमत्कान्तिपुरि महानगर.. श्रीधर्मचक्र महाविहार स्थित ओन्तु बाहारका शाक्यविक्षु श्रीतोयुओ शाक्यविक्षु श्रीभूपराजजु, शाक्यविक्षु मणिराजजु, शाक्यविक्षु जकराजजु यति चारजना दाजुभाइहरूले यस बहाल बनाइ माथअतन इटा विछ्याइ राखिएकोमा श्री ३ अक्षौभ्य प्रिति गरी तेलिया ईटा विछ्याइयो । श्रीश्रीजयभूपेन्द्र मल्लको विजय राज्यमा दानपति श्रीधवरउपासक जिनउधार महाविहार, ओतुछे निवासी शाक्यविक्षु, श्रीरत्नया कविन्द्र मल्लि... भार्ज्या तुनाया छशुका १ जकसिहहाकु........ब्याहानिशुका २ नरसिह....भाज्याया छशुका १ दं समरसिह जरस्वया ब्याहारि २ रत्नसिंहया मोहोर १ भाज्या(चन)या मोहर १ पुत्र दिब्यासिहया मोहोल १ द्विितियपुत्र मञ्जुसिहया मोहोर १....शुकी २ तता मारतिया शुकि २ भातापूत्रि हेरसखठिया शुकि २ रुसिंदेवया मोहोर १ भाज्या धरनिया शुकि १ भाज्या जमुनाया शुकि १ (पुत्र) जयसिहया शुकि.. सिंहया मोहर १ मुनिया मोहोर १ भाज्या अणपुनाया मोहोर १ भाज्या जयमुनिकाया मोहोर १ तता हेरमाया मोहोर १ बुद्धचन्द्र मोहोर १ भाज्या कधारि शुकि २ भाज्या पिगराया शुकि १ पुत्र सुर्जपतिया मोहोर १ पुत्र रत्नपतिया मोहोर १ पुत्र जयपतिया मोहर १ पुत्र प्रग्यांपतिया मोहर २ श्वनिया मोहर... शुकि.. मोहर भ्राते शुरजयया मोहर ३ भाज्या मारतिय शुकि ३ पुत्र धनदेओया मोहर १ जाया धनया मोहोर १ भाज्या हेलमनिया मोहोर पुत्रधनसिहया माहोर २ जयधर्म्मसिंहया मोहोर १ पुत्र शुजममनिया मोहोर .. पुत्रि जयरछमियकि ३ ज्ञ्यानजयया मोहोर ३ चमा हेरनिया दामसुका ३ भाज्या मनोहरिया दामसुका ३ पुत्र ग्यानपतिया मोहोर २ पुत्र श्रानपुनिया माहोर १ सिङदेओ, जएधलमया मोहोर १ धम्मराजया मोहोर १ भाज्या जराधलिया सुहि २ पुत्र सिद्धिराजया मोहोर १ ब्याखासिंहया मोहोर १ सानमाया सुकि ११ थ्वति ङामन मङागाओ शाक्यभिक्षु श्रीरत्नसिंह दोहोलपा कविन्द्रमल्ल मोहोर दका जिमच्याटका १८ शाक्यभिक्षु श्रीदेओ, शाक्यभिक्षु श्रीगुनजय ..किजस्यन वाहारया

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कविन्द्रमल्लि टंका जिमच्या मोहोर १८ थ्वया बाँकि मेगुरिके

वटु चिकंबाहाल क्वापाल घरको ढोकाको दायाँपट्टिको भित्तामा राखिएको शिलापत्र आधा भाग ख (ब.नं ६ अ.सं. १५१)

मूलपाठ

१) थ्वति सकल समूचयन, थकालि रत्न पमुखन, थ्व ओन्तुछे बाहार, अङनपि सकरूयाङ, चेक अतन सियाओ, फले छचा

२) खिलिङ, रोहोन मोरा जुरो, अङ पेखेसं रोहो दरुत ढ्वांर ४ तया एन्ता चपालर छेदिं चेकन अतन सिया फऱ्या पेगु ...

३) ल्होङाओ तोरया पिथु दुवारसं खापा छुङा इकुलि ओने दुवारसं खापा छुङ वलिथासं रोहन मुरा पिने अङ पि चेकन अतन सियाओ फ

४) रं रोहन मागधल धल सकेरूयाङ, बाहान कोपुया जुरो तरसं श्री ३ देओया कोथासं दथुको थासं मातनसं तरखाचा पंचकन अतन सिया जुरो॥ ॥ख

५) सम्वत् ७८.. आषाढमास्य कृष्णपक्ष, चतुदस्यातिथौ आद्रा प्रपुनवसुन्हखनव (जोगे) जथाकर्ण महतय आदितेवारसरे कर्क्कत रासिगत्य सवित

६) रे मिथुनरासिगते चन्द्रमसि थ्व दिनकुन्हु चेकन अतन सिया सम्पुनं धुनकाओ जग्यं याङा जुरो॥ थ्वतिया पून्र्य जोजमान, सकलसं आयुआ

७) ग्य जनधनसन्तान बृधिरस्तु इहरोगसं, सुख समपति वररोग्य शुखाओति राभ ॥ शुभ ॥ ..भाखा थ्व चेकनअतं रोहोङ ग्वम्हनं स्यनकलसा सेनकुम्हयात प

८) ञ्च महापाप राक, थ्व बाहारस, शुसारनलि मुनस्य, मुदुम्हयातं पञ्चकोति महापाप राकजुरो ॥ भाखा थ्व बाहाल सेनकुम्हयातं, वपुकम्हयातं वपुतकूम्हयातंङ

९) ल पिओम्हयाटं पियकुम्हयातं स्यङ ल्होनंकुम्हयाट ल्होङम्हयाट॥ पञ्चकोटि चैतभदाद थापना याङा उतिपुर्न्य फर राक जुरो शुभ॥॥ श्री ३ कोचपार देओ पितिन संक्रान्ति से

१०) वो जुयाओ धुनका देओयात चेन रुया श्वतछत्र रंप(लि) चण्डलं दोहोरपा गुरु बजाचाज्ये सिधिजु थकादि शाक्यविक्षु श्रीहाकुसिंह देओ स्यन, हाकुदेओ जरख रत्नसिंह मु

११) बुद्धचन्द देओ जयधन ग्यानजय, जयसिह, थ्वति समुचयन धुनका सम्वत् ७८६(वृय)संकान्ति कुन्हु जुरो शुभं ॥ ॥ श्रीशाक्षेमुनि प्रित्तिन, रु चाकछि, पस्तिया, चाक जुको ओदोसेल

१२) या .....ति शाक्यविक्षु श्रीदेओ भात्रैशाक्यविक्षु श्रीगुनजयन दुन्ता सम्वत ७९० श्री ३ कोचापार देओ प्रितिन दिनपतिमासन , याएयात रिलया पूजाभर चतुखारा दुनता, शाक्यविक्षु श्री त्नसिंह भाज्याअनु, पुत्र शाक्यविक्षु श्रीदिब्यसिंह पुत्रि रत्नधरि, थ्वतिसेन, पुजाभर दोहोरपाया सम्वत ७९६ आखाढशुक्र १ शुभ ॥ ॥ श्री ३ सिद्धिमुनि प्रितिन पिने चोङ घण्ठचा घदु दो

१३) होरपा शाक्यविक्षु श्रीधनछरिङन दुन्ता शुभ ॥ ॥ श्री ३ कोचपार देओया खओस श्री ३ वारमञ्जूश्री कुमार, थापना याङा, पुत्र शाक्यविक्षु श्रीमजूसिंजु दिवंगत जुयाओ वरु रत्नसि

१४) न माता अनुर ददाव्यिसंह न तता रत्नधरिनं मंजुश्री देओ दयका जुरो सम्वत् ७९९ आखाढशुक्र १० सोत सम्वत् ८०० माघकृष्ण ४ थ्वकुन्हु मञ्जुश्री देओया प्रतिस्था याना जुरो॥ थ्व देओ

१५) ल्होनं चेलसारेम्ह यात पाप राक जुरो, दुन्यया धलसं रोहोन छे दयकाओ पऱ्यहरवानन रोहोभ्फ् वालन कोपुयाओ तया दुनेङ रोहोभवा

१६) दु, थ्वसाहासन रोहो निग्वरयात् बिया रत्नसिंङन। भुय मोहोर टंका २ जुरो॥ शुभ॥ श्री ३ अक्षैभे, प्रितिन, जोरोन्ह सकल, शाक्यविक्षु श्रीजयधन दो

१७) रपा जुरो ....कि २ चिकन अतयात बिया॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्रको अनुवाद

यति समूचयले थकालि रत्न प्रमुखले यस बाहालमा तेलिया इट्या छपाई बहालको चारै तिर शिलाको सिंढी बनाइ ४ कुनामा दलू(दियो) राखियो। एन्ता दक्षिणी पाटीको छिडिंमा शिलाले विछाइ मुख्य सडक जाने द्वारमा ढोका राखियो। ....कोणको द्वारमा ढोका राखियो । भित्रबाहिर जाने बाटोमा शिला विछाइयो, बाहारि तेलिया इट्या विछाई धलको ब्यवस्था गरि मिलाइयो। क्वापाल देवताको कोथामा, बीचको कोठामा, ईटा विछ्याउने काम भयो। ने.सं. ७८.. आषाढकृष्णको चर्तुदसी आइतवारका दिन तेलिया ईटा बिछ्याउने काम सम्पन्न भयो । श्री ३ कोचपार देवको प्रीति गरि संक्रान्ति सेवा मनाइ सम्पन्न भएको बेला क्वापाल देवतालाई सुनको तिनछत्र रंप(लि) चण्डलं गहना चढाइयो, गुरु वज्राचार्य सिधिजु थकालि शाक्यविक्षु श्रीहाकुसिंह देओ, हाकुदेओ, जरख रत्नसिंहमबुद्धचन्ददेओ, जयधन, ग्यानजय, जयसिहले ने.सं.७८६ संकान्तिका दिन चढाइ सम्पन्न गरियो।

- ने.सं.७९० स – श्रीशाकेमुनिको प्रित्ति गरी लुँ चाकछि, पस्तिया, इत्यादी सर्मपण गरेको।
- ने.सं. ७९६ आखाढशुक्र १ का दिन क्वापाल देवता प्रिति गरि शाक्यविक्षु श्रीत्नसिंह पत्नी अनु, पुत्र शाक्यविक्षु श्रीदिब्यसिंह पुत्रि रत्नधरिले नित्यपुजा गर्न लीया पूजाभः(चतुखारा) समर्पण गरियो।
- श्री ३ सिद्धिमुनि प्रिति गरी शाक्यविक्षु श्रीधनछरिङले बाहिर भएको घण्ठचा घदुदो देछायाः तःगु।
- ने.सं. ७९९ आसारशक्ल १० का दिन क्वापाल देवताको बाँया श्री ३ वालमञ्जूश्री कुमार थापना गरी दिवंगत पुत्र शाक्यविक्षु श्रीमजूसिंको नाउँमा रत्नसि माता सअनुर, ददा दिब्यसंह व दिदी र त्नधरिले ने.सं. ८०० माघकृष्ण ४ का दिन मञ्जुश्री देवको प्रतिस्था गरियो र दायाँबाँया दुईओटा शिलापत्रहरू राख्न रत्नसिंङले मोहोर २ राखियो।

व्याख्या

प्रस्तुत पहिलो आधा व्यहोराको शिलापत्रमा "श्रीश्रीजयभूपेन्द्र मल्ल..प्रभु थाकुरस विजय राज्ये भनी लेखिएबाट भूपेन्द्रमल्लको पालामा राखेको शिलापत्र हो भन्ने थाहा हुन्छ। यसै शिलापत्रमा ने.सं ६६० को पनि उल्लेख भएको छ। राजा भूपेन्द्र मल्लको समय र यस सम्वत्‌को बीच विचार गर्दा करिव १४० वर्षको अन्तर देखिन्छ। अतः यो शिलापत्र ने.सं.६६० को हो कि राजा भूपेन्द्रमल्लको पालाको हो ? साथै बितेका कुरालाई जनाउन भूतकालको वाक्य प्रयोग गर्नुपर्ने ठाउँमा वर्तमान कालको वाक्य पनि प्रयोग गरिएको देखिएको हुनाले शिलापत्रको विषयवस्तु पनि झ्वाट्ट हेर्दा एकछिन अलमलिने खालको देखिन्छ।

विद्वान् लेखक फादर Jone K. Lock ले आफ्नो पुस्तक The budhist monastry of Nepal मा यस बाहालको विषयमा यसरी लेख्नु भएको छ . "Nothing is known about the date of foundation of this branch, but the earliest date found on inscptions within the courtyard is N.S. 660. (यो बाहालको स्थापना कहिले भयो ? केही थाहा भएको छैन तर यहाँ सबभन्दा पुरानो ने.सं.६६० को शिलापत्र पाइन्छ।

साथै मिति ..मा वटु, टोलको ल्यायम्ह धिमे पुचःबाट प्रकाशित शान्तिका लागि बहापूजा स्मारिका " को पृष्ठ ६६ मा यस बाहालको जीर्णोद्धार ने.सं६६० मा पनि भएको थियो भनी भ्रमवश लेखिएछ।

यस बाहालमा ने.सं.६६० को शिलापत्र हालसम्म कसैले भेटिएको पाइदैन । ने.सं. ७९० को राजा भूपेन्द्रमल्लको पालामा राखिएको शिलापत्रमा शुरुमै ने.सं.६६० मा लेखिएको हुनाले सो लेखकहरू झुक्किएर त्यसो लेख्न गएको बुझिन्छ । यस शिलापत्रको महत्वपूर्ण वाक्यहरूलाई अध्ययन गरी वास्तविकता खोतलौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(क) यस शिलापत्रको शुरुको वाक्यामा यसरीले खिएको छ। –

"श्रीयोस्तु सम्वत् ६६० कातिकशुक्र एकादस्या तिथौ....बाहार दयका जुरो । अर्थात् ने.सं.६६० कार्तिक शकल एकादशी तिथिमा बहाल बनाइयो । यसै वाक्यको सँगै जोडिएको वाक्य यसरी लेखिएको छ।–

(ख) ... श्रीधर्मचक्र महाविरोवथित ओन्तु बाहारया शाक्यविक्षु श्रीतोयुओ शाक्यविक्षु श्रीभूपराजजु, शाक्यविक्षु मणिराजजु, शाक्यविक्षु जकराजजु थ्व सकल पेम्ह फुकिजस्यंन थ्व बहाल, दयजओ माथअतन सियाओ तयासः श्री ३ अक्षौभ्य पितिन चेकन अतनसिया "जुरो" अर्थात् धर्मचक्र महाविहारका शाक्यभिक्षु तोयु सहित ४ जना दाजुभाईहरूले बनाई राखेको यस बहालमा पहिले इंटा विछ्याइ राखिएको स्थानमा तेलिया ईटा राखी फेरियो । यसपछि यस शिलापत्रमा नयाँ पाराग्राफ शुरु गरि लेखिएको छ ।

"स्वस्ति श्रीमतपशुपतिचरना...श्रीश्रीजयभूपेन्द्रमल्ल..प्रभुथाकुरस विजय राज्ये दानपति श्रीधवर उपासक जिनउधार महाविहारया ओतुछेया शाक्यविक्षु, श्रीरत्नया कविन्द्र मल्लि...दाम सुकि..... अर्थात् शुभहोस् भूपेन्द्रमल्लको विजय राज्येमा दाता श्रीधवर उपासक जिनउधार महाविहाया शाक्यभिक्ष श्रीरत्नको दामसुकी ......

माथि दिइएको बुदाँहरूको अध्ययनबाट ने.स. ६६० मा तोयुजु सहित ४ चारजना दाजुभाईहरूबाट यस बहालको स्थापना गरिएको थियो भन्ने जनाएको छ भने भूपेन्द्रमल्लको पालामा ने.सं ७८६ देखि ने.सं ८०० भित्र करिब १४ भित्रमा यस बाहालमा तेलिया ईटा छाप्नुका साथै बाहालको चारैतिर शिलाको सिंढी, बहालबाट बाहिर जाने ठाउँमा शिला विछाएको, ढोका राखेको, धलको व्यवस्था गरेको क्वापाल देवताको कोठामा, बीचको कोठामा, ईटा विछ्याएको, क्वापाल देवतालाई सुनको तिनछत्र र विभिन्न गहना चढाएको, नित्यपूजाका लागि सामानहरू र घण्टा राखेको, बालमंजूश्री कुमार मूर्तिहरू पनि स्थापना गरी बहालको चार दिशामा दियो बत्ति राखि विभिन्न निमार्ण कार्यहरू गरी बहाललाई सुन्दर सौम्य बनाएको कुरा यस दुइओटा शिलापत्रबाट बुझिन्छ।

साथै यस बाहालका संस्थापकहरूको परिचय दिँदा धर्मचक्र विहार निवासी भनी दिइएको छ भने भूपेन्द्र मल्लकोपालाको दाताहरूको परिचयमा श्रीधवर उपासक जिनउधार महाविहार (चीधं बहाल) निवासी भनी दिएको छ यस विहारको नाउँ श्रीधवर उपासक जिनउधार महाविहार हो भन्ने थाहा हुन्छ भने दाताका पूर्खाहरू यस बाहालमै निवास गरेको देखिन्छ।

२) इटुंबहालको ने.सं ७८३ शिलापत्र

इटुंबहालको पारावत् महाविहारभित्र जाने ढोका बाहिर दायाँबायाँ दुईओटा शिलापत्रहरू छन्। पहिलो शिलापत्रमा सम्बत् राजाको नाउँ केही दाताहरूको नाममात्र देखिन्छ। दोश्रो शिलापत्रमा केही दाताहरूको नाउँ र शिलापत्रको विषयवस्तु पनि बुझिन्छ साल देखिदैन। अतः यी दुवै शिलापत्रहरू यहाँ प्रस्तुत छ।

इटुंबाहालको ढोका बाहिर दायाँपट्टिको भित्तामा रहेको शिलापत्र आधाभाग 'क' को मूलपाठ

१) ॐ नमः श्री ३ कुलिगासनाक्षोभ्य ॥ स्वस्ति ॥ सम्वत ७८३ चैत्रमासे शुक्ल प

२) क्षे पन्चम्यायान्तिथौ मृगशिर नक्षत्र सोभन योगे यथाकर्ण मुहुत्रे बृहस्पति

३) बारसरे मेष रासिगते सवितलि वृष रासिगते चन्द्रमसि ॥

४) उँ नमः श्रीबज्रसत्वाय ॥ ॥ श्रीकान्तिपुरि महानगराधिपति महारा

५) धिराज राजराजेन्द्र कवीन्द्र श्रीश्रीजयप्रतापमल्ल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जटिल देव प्रभथकुलस्य वि

६) जय राज्ये श्रीकाष्ठमण्डप पूर्वपाखे तलुमुलमहाविहाराधिष्ठित ब

७) बज्राचाये श्रीव्यखासिंह देव, चर्केश्वरी याङन दानपति भास्करदेव संस्का

८) रितशत श्रीकेशचन्द्रकृत पारावर्त महाविहार धिष्ठित बज्राचार्य श्री

९) बुध प्रमुखन भार्या मंडगला लक्ष्मी शाक्यभिक्षु श्रीमनर्जति शाक्य भि

१०) क्षु श्रीवासिह॥ शाक्यभिक्षु श्रीमंकुसिंह शाक्यभिक्षु श्रीजयसिंह व

११) शाक्यभिक्षु श्रीजिनि शाक्य भिक्षु श्रीरत्नचन्द्र शाक्यभिक्षु श्रीबेखासिंह

१२) द्वितीय भायर्या वेछरालक्ष्मी ३

इटुंबाहालको ढोका बाहिर बायाँपट्टिको भित्तामा रहेको शिलापत्र आधाभाग 'ख' को मूलपाठ

१) बजाचाय श्रीश्रीधर तवपुषुरियौताछे बजाचार्य श्रीजितसिंह

२) शाक्यभिक्षु श्रीदेवचन्द शाक्यभिक्षु श्रीधन शाक्यभिक्षु श्रीज्ञान

३) सिं शाक्यभिक्षु श्रीपम सिक्वमगुडि विहार बजाचार्य श्रीरन्ह दे

४) व शाक्य शाक्यभिक्षु श्रीजुगिदेव थुति धर्मगोष्ठि समूचय संभाषण

५) याडन श्री ३ बजासन अक्षोभ्यसके श्री ३ चकसम्बर हेरुकसके

६) प्रतिभास पंचमी सेनजोस्यं अति महामनोहर्षण श्री ३ अक्षो

७) भा, प्रीतिन थ्व अङ जिर्ण्ण जुयाव चोने जिनोद्धारण याङन ल्हो

८) डाव प्रतिष्ठा याङन संपूर्ण राचका जुरो ॥ एतन्पूण्यान भावे

९) न जोजमानसगनाना आयुआरागे जनधन संतान लक्ष्मी बृ

१०) द्वि कामनथं ,यथाशास्त्रक्त तथाफल प्राप्तेति ॥ ॥

पुनभाषा

११) थ्व अङ स्यरङसें सुनानं ल्होने तेव जुरो, थ्वसाहासन रोह

१२) न ग्वल जुक्व उथायसं तयमार कराचितोपि उथायस मत जाना

१३) स्यें विचेरसाथे चोड आषर सुनानं सेनक्रसा बुद्धघात

१४) ॥ शुभ मडलं भवन्तु ॥

१५) क लाक जुरो ॥ मसेनकं ,भिनक्रसा उत्रोक्त फलराक जुरो ॥

दुवै भाग शिलापत्रको अनुवादः

श्री.......लाई नमस्कार । शुभहोस् । नेपाल सम्बत् ७८३ चैत्र महिना शुक्ल पक्षमा पञ्चमी तिथि मृगशिर नक्षत्र शोभन योगमा यथाकर्ण मुहुर्त बृहस्पति बार मेष राशि परेको ....वृष राशी...... चन्द्रमसिमा । बज्रसत्वलाई नमस्कार । कान्तिपुरका महानगराधिपति महाराजाधिराज राजेन्द्र कवीन्द्र श्रीश्रीजयप्रताप मल्ल देवप्रभु थकुलको विजय राज्यमा काष्ठमण्डपको पूर्व्वरहेको तलुमूल महाविहार निवासी बज्राचार्य श्रीव्यखासिंह देव चक्रेश्वरी बनाइ गरी दानपति भास्करदेव संस्कारीत श्रीकेशचन्द्रकत पारावर्त महाविहार निवासी बज्राचार्य बुध प्रमुखले यिनका पत्नी मंगलालक्ष्मी द्वितीय पत्नी बछरालक्ष्मी शाक्यभिक्षु मनर्जति, शाक्यभिक्षु बासिह, शाक्यभिक्षु मंकुसिह, शाक्यभिक्षु जयसिंह र शाक्यभिक्षु जिनि, शाक्यभिक्षु रत्नचन्द्र, शाक्यभिक्षु बेखासिंह बज्राचार्य श्रीधर, तवपुषरि यौताछे निवासी बज्राचार्य जितसिंह, शाक्यभिक्षु देवचन्द्र, शाक्यभिक्षु धन, शाक्यभिक्षु ज्ञानसिं, शाक्यभिक्षु.....सिक्वमगुडि बिहार निवासी बज्राचार्य रन्हदेव, शाक्यभिक्षु जुगिदेव यति धर्मगोष्ठि समूहले विचार गरी श्री ३ बज्रासन अक्षोभ्यलाई साथै श्री ३ चक्रसम्बर हेरुक प्रतिमालाई पंचमी सेवा बनाइ अति महामनोहर्षले श्री ३ अक्षोभ्यप्रीतिले यस पर्खाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीर्णोद्धार गरी प्रतिष्ठा संपूर्ण गरियो । यस पुण्यको प्रभावले जजमानको आयुआरोग्य जनधन संतानलक्ष्मी वृद्धिहोस् शास्त्रानुसार फल प्राप्त होस् । फेरि यस पर्खाल बिग्रेमा जुनसुकैले जीर्णोद्धार गरे हुन्छ । यस शिलापत्र यसै ठाउँमा राख्नुपर्छ । यदि यसै स्थानमा नराखि अक्षर कसैले बिगारेमा बुद्धलाई घात गरेको पाप लाग्ला, नबिगारी बनाएमा उपरोक्त फल प्राप्त होला । मङ्गल होस् !

व्याख्या

यस शिलापत्रको मुख्य विषयवस्तु ने.सं.७८३ (बि.सं १७१९).मा काठमाडौ मरुटोलस्थित तरुमूल महाविहारका व्यखासिंह देव बज्राचार्य चक्रेश्वरी बनाएको उपलक्ष्यमा र इटुंबहालको क्वापाल देवता बज्रासन अक्षोभ्य र चक्रसम्बर हेरुक देवताको प्रत्येक महिनाको पंचमीका दिन पूजाअर्चना पूजा गर्न धर्मगोष्ठि बनाइ सो गुथीबाट मन महाहर्ष गरी इटुम्बहालको ढोकानिरको पर्खाल बनाएको व्यहोरा उल्लेख छ ।

बाहाल बहीलका परम्परा अनुसार संघका सदस्यहरू आफ्नो बाहालभित्रका देवदेवीलाई नित्यपूजा र विभिन्न समयमा विशेष पूजा पनि गरिन्छ। आ-आफनै बाहालमा व्यवस्था हुनाले प्रायः एउटा बहालको सदस्य अर्को बहालका गुठीमा हुँदैन। यस बहालको यस शिलापत्रमा उल्लेख भए अनुसार सिक्वमगुडि विहारका रन्ह देव बज्राचार्य र जुगिदेव शाक्यभिक्षु समेत यस बहालको धर्मगोष्ठिका सदस्य रहेकाबाट एकबहाल अर्को बहालसँग धार्मिक मैत्री सम्वन्ध रहेको देखिएको कुरा उल्लेखनीय मान्नु पर्दछ।

चूडाकर्म गरिने महायानी बज्रयानी .विहारमा विहारको मुख्य प्रमुखको रूपमा चक्रेश्वरलाई मानिन्छ।

यस शिलापत्रमा काष्ठमण्डपको पूर्वपट्टि रहेको तलुमूल महाविहारको बज्राचार्य ब्यखासिंह देवलाई चकेश्वरी बनाएको उपलक्ष्यमा सार्थ यस बहाले अक्षोभ्य र चक्रसम्बर हेरुकको प्रीति गरि यस धर्म गोष्ठीले यस बहालको पर्खाल जीर्णोद्धार गरेको लेखेको छ । यसरी एक बहालको चक्रेश्वरी भएको उपलक्ष्यमा भनी अर्को बहालका भक्तहरूबाट सम्मान गरिएको देखिएको कुरा यस शिलापत्रको अर्को महत्वपूर्ण पक्ष हो । यस्तो अनुकरणीय पाठ नयाँ पिंढीले पनि सिकेमा बहालबहीको संरक्षण हुनमा टेवा पुग्ने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

SWARBICA EXECUTIVE COMMITTEE MEETING AND WORK SHOP ON ELECTRONIC RECORD MANAGEMENT, 2010

Bhim Prasad Nepal *

The South and West Asian Regional Branch of the International Council on Archives (SWARBICA) was formed as a regional branch of the International Council of Archives (ICA) in 1976. The member countries are India, Iran, Nepal, Sri Lanka, Pakistan and Bangladesh. SWARBICA operates under its very own constitution which was adapted in 1976.

The main aims and objectives of the SWARBICA Constitution are:

- To establish, uphold and strengthen the relationship between archivists of all countries in the region and between all institutions, professional bodies and organizations which are concerned with the custody, organization, administrations or utilization of archives, whether in public or private possessions;
- To promote all measures for the preservation, protection and defence against all manners of hazards of the archival heritage of the region and to further the progress of all aspects of the administration and conservation of these archives;
- To promote and coordinate the efforts by the countries in the region with a view to complete the National Archival heritage by appropriate methods,
- To provide increasing facilities to the accredited scholars to use the archives of the region;
- To promote, organize and coordinate activities in the maintenance, utilization and conservation of archives in the region;
- To sponsor professional training of archivist in the region.
- To cooperate with other organizations concerned with the use of the documentation of the benefit of mankind.
- To organize seminars, symposia and other meetings specific themes of mutual interest to the member countries in the region.
- To obtain international assistance of archival development of the countries in the region and,
- To generally follow the aims and objectives of the ICA.

SWARBICA functions through General Conference, an Executive Board and Secretariat as per the provision of Constitution of SWARBICA. General conference shall comprise of the representatives of the National Members, Institutional Individuals and Honorary Members. The Executive Board consists of a Chairman, a Vice-Chairman, a Secretary General, a Treasurer and as many other members as necessary to represent each country in the Executive Board. Under the provision of the constitution, the Executive Board ordinarily meets at least once a year, and may meet in special sessions if convened by the Chairman on his own initiative, or upon the request of the majority of the Executive Board. SWARBICA, from its very first year of coming into existence, has been organizing the Executive Board Meetings, Conferences and Workshops in different member countries for the betterment of the technical advancement for the management and preservation of archival records and documents of the member nations. At present the Chairman of SWARBICA is the Director General of National Archives of Iran, the

* chif: National Archives

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Secretary General is the Director General of National Archives of Pakistan, and the Treasurer is the Director of National Archives of Sri Lanka.

The SWARBICA Executive Committee Meeting was held in Colombo, Sri Lanka on 2nd December, 2010 and was hosted by National Archives of Sri Lanka and The Sri Lankan government. The two days workshop on "Electronic Record Management" was also organized in conjunction with the SWARBICA meeting on 29-30 November 2010 which began immediately after the inaugural ceremony. The overall program of the meeting and workshop was divided into three sessions on the basis of their very nature namely inauguration, workshop and meeting. The inaugural ceremony of the meeting and workshop took place in the morning of 29th November and was inaugurated by the honourable Dr. Jagath Balasuriya, Minister of National Heritage, Government of Sri Lanka.

The delegates from Nepal, India, Sri Lanka, Iran, Pakistan, and Bangladesh were present in the meeting and participated in the workshop. Two delegates from each member country participated in both the meeting and the workshop and other participants from Sri Lanka working in the field of Archival Management also participated in the workshop. Bhutan attended the meeting as an observer and participated in the workshop

A total of seven papers of electronic record management were presented by three speakers in seven sessions. This inclusive theme allowed speakers to address a wide range of topic, purely professional, on electronic record management. Inviting paper for the workshop had fallen under two sub themes: present status of electronic record management in each member countries and theoretical and practical aspects of electronic record management. The first of these- electronic record covered the present state of electronic record management, preservation, access, challenges and issues, which was presented by the delegates of respective member countries. The delegates from Nepal presented a paper on "Present Status of Record Management in Nepal with Special Reference to Electronic Record Management".

The next or second sub theme aimed to address, in particular, theoretical and practical aspects of electronic record management, access and preservation of such records. The main topics covered were: 0 90

1. General Introduction to Electronic Records and Development.
2. Definition, Terminologies and key concept of Electronic Records.
3. Electronics Record Mangement Strategies Techniques and Tactis.
4. Legal Aspects of Electronics Records.
5. Information Life Cycle, Policy and Procedure.
6. System Design Specification and Maintaince for Electronic Records.
7. Short and Long Term Preservation of Electronics Records.
8. Electronics Record Management System Project e-Spark 1, Malaysian e-Goverment initiatives.

The workshop provided a framework for the management and preservation of the collection of electronic records, as well as the assessment of the damage made to those records by the environmental and ageing factor to the Archivists who are working in the field of electronic record management.

All the member participants agreed to make the following recommendation as an outcome of the two days workshop on electronic record management and unanimously made the following recommendations:

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

1. Each member country should have a legal framework to met their own requirements in compatibility to charter on the preservation of digital heritage adapted by UNESCO in 2003.
2. All the member countries of SWARBICA agreed to share their knowledge best practices and challenges in the field of e-record management, digilization and management of archivies in project mode regionally and globally.
3. Some members countries have made good progress in the field of archives and digital record management as a tool of good governance: steps need to ve taken for skilled development of the individuals engaged in this area through training/orientation program.
4. For capacity building and skilled development of the member countries of the SWARBICA a new training module is to be developed to address electronics record issues and challenge in the region through strategic partners for specialized solutions.

The workshop made a very useful potential and practical recommendation in the field of electronic record management. The workshop on "Electronic Record Management" was definitely timely and suitable for all National Archives of the region and undoubtedly helped to enhance electronic record management system in their respective countries. It was a good and prospective platform to exchange ideas and experience between the delegates of member countries and the experts particularly in the field of electronic record management.

The workshop on Electronic Record Management was immediately followed by The SWARBICA Executive Committee meeting on 2nd December 2010.

Presentation of the Minutes of the last SWARBICA Executive Board Meeting held on 4-6 May 2009 at Tehran, Iran, along with Annual contribution of SWARBICA, Election of new SWARBICA Executive Committee, Date and venue of the next SWARBICA meeting, Digitization of archival materials in member countries, were some of the main agendas of SWARBICA Executive Committee Meeting 2010. Likewise special attention was also given to Exchange list of publications between and among the member countries, Training needs in the region, Exchange of expertise in the region, Technical assistance for flood disaster in the field of archives in Pakistan.

The above listed agendas were put forward for discussion and some of them were unanimously approved in the meeting. Minutes of the last SWARBICA Executive Board Meeting (2009 Tehran, Iran) and the Treasurers Report were among those to be collectively approved. Considering the difficulties faced in managing and running SWARBICA, the membership fee paid by the member countries was unanimously increased from $250 to $400. Regarding the election of the Executive Committee of SWARBICA, the delegates from Nepal proposed that the old Executive Committee be continued for the next one year and the proposal was approved by the delegates of other member countries. As proposed by the delegates of India, the venue of the next SWARBICA meeting was decided to be New Delhi, India.

Meeting was adjourned with words of thanks and appreciations from the member countries to Sri Lanka for having hosted the program with such great success.

Thus, SWARBICA has been and continues to be an international platform for archivists to share, explore and learn about the management and preservation of the very significant Archival Documents and the Electronic Record Management.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौसी तोषखानाबाट प्राप्त लालमोहर

१. लालमोहर नं. ३९४

मा. फि. नं. DNA $\frac{13}{85}$

मिति: १८९० साल श्रावण वदि २ रोज ४

विषय: श्री ५ राजेन्द्र विक्रम शाहबाट आफ्नो जन्मोत्सवमा ठिमी एरियाको खेत घडेरी विर्ता गरेको ताम्वापत्र

श्रीदुर्गासहाय १

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्म
हाराजाधिराज श्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्
आगे उदयनारान् नेवापान्याके सम्वत् १८८९ साल मिति मार्गसिर सुदि १५ रोज ३ का दिन जन्मोत्सवमा
हाम्रा बाहुलिबाट संकल्प भयाको षेत मध्ये षेत १ नरसिंको सरदव मोजिम घडेरी समेत विर्ता गरि बक्स्या
को लालमोहर ताम्रपत्र गरि बकस्यौं ठिमिका अम्बल मध्ये मिल्दे नषायाको षेत १।३२ नरको साँध पूर्व दक्षि
ण पश्चिम रेकर आलि साँध लुकुकिला उत्तर रेकर कोलको ठिकको आली साँध लुकुकिला यति चार
किला भित्र षेत १ घडेरी मुरि १२० पानि षेतको साटो पायाको दिंदा सयका मुरि बाहु कादरले मुरि १ १२ जम्मा
षेत घडेरी समेत षेत १।३२ विर्ता जानि सन्तान दरसन्तान पर्यन्त परम सुषसंग भोगचलन गर यो विर्ता संकल्प
उं दास संकल्प वाक्य पढन्या पुरोहित रघुनाथ पंडित अर्ज्याल पानि हाल्न्या कपर्दार कर्णेल
रणवीर सिंह थापा साक्षी लाउन्या सषियार थर घर श्री हर्ष अर्ज्याल त्रिलोचन षनाल हरिवंश
काठमाडौंका ङोल धर्मदेउ लक्ष्मीमन पुनसिरि ठिमिका अमालि बाट आयाको गंगोस मथ्याण
प्रधान ठलया गजवन्त सिं धनसुन गलु यागु का भलादमि सबैकुं ठणाधाकु रुक्याल श्री दाम
का अम्बलका भलादमि जयमंगलले बापान्याआगि रायले बापान्याकानुले बापान्या हरिहरले बा
पान्या हरिवंशले बापान्या हरिसर्म धिमाल का सिराम साधको ठ चिंतामणि गेलाल रमाकांत अर्ज्या
ल धर्मपाल आकुपाल श्रीकृष्ण षनाल भवानि संकरले बापान्या मोहिनाई काकुटुले बारम्बार प्रमराम
षनाल विर्ता बारले दिला भने अर्ज्याल लोन्या पञ्जु विनानकसिर जब रहेतगर्जु जो यस दत्तमा
रहोईन स्वयमस्लो कमा अन्याकोपाय न किलिला स्वदत्तांपरदत्तां वा यो हरेत वसुंधराम् षष्टी
वर्षसहस्राणि विष्ठायां जायते कृमिः इति सम्वत् १८९० साल मिति श्रावण वदि २ रोज ४ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२ लालमोहर न ३९५

मा. फि. नं. DNA $\frac{13}{86}$

मिति: १८९३ साल ज्येष्ठ शुदि ५ रोज ६

विषय: श्री ५ राजेन्द्रद्वारा इन्दु भान्स्यालाई चाँगु र भादगाउँ क्षेत्रका खेत र पाखोवारी विर्ता दिएको ताम्वापत्र ।

श्रीदुर्गा:१

श्रीकाकौशिस्थानिवस्मा
षा।१
।

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्री
श्रीमहाराजराजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्देवानांसदासमरविजयिनाम् ------
आगेइन्दुभान्स्याकेसम्वत्१८६३सालमितिवैसाषशुदि१५रोज६कादिन १ सन्तिरुद्रासंकल्पभयाकोषेतमध्येषेत
१। नस्कोसरहवमोजीमकोघआरिसमेतविर्तागरिवक्स्याकोमोहरताम्वापत्रगरिवक्स्यौचांगुकारभादगाउँकाअम्वलम
षेमहादेवषोलाकोवगरवाटोपानिषेतकोसाटोपाषोदिदाअठाईसकादरले१।६नस्कोसाधपूर्वरैकरषेतररैकरपा
षोसाधलुहकिलदक्षिणरैकरपाषोसाधलुहकिलपश्चिमरैकरषेतकोआलिसाधलुहकिलउत्तरआफ्नाविर्ताको
आलिरवाटोसाधलुहकिलनुवाकोटकाअंचलमध्येअठाईसकादरलेमुरि।५।१४घआरिमुरि।२८ज्मामुरि३३।६
पाषाकोपानिषेतदिदाउँवढोघटाईषसम्यापानिषेतमुरी।२२।६।३नस्कोसाधपूर्वजयकीर्तिरैकरकोआलिसाधलुह
किलदक्षिणरैकरषेतकोआलिसाधलुहकिलपश्चिमकोईरालाकोविर्तासाधलुहकिलउत्तरकोईरालाकोविर्तारै
करषेतकोआलिसाधलुहकिलयेतिसाधभीत्रषेतघआरि१।२८।६।३विर्ताजानिसन्तानदरसन्तानपर्यन्तपर
मशुषभोगगर्याऔविर्तासंकल्परुद्रासंकल्पवाक्यपढ्न्याप्रोहितयदुनाथपंडितअर्ज्यालपानिहाल्न्याश्रीजनरल
कप्तानडरइजविफभीमसेनथापासाधलाउन्यासधियारथरघरगणपतिपंथगोकुलषनालजयदेवपंथडगोलन
ईक्याम्ययांअभिनसिंडगोलधर्मदेउडगोलकृष्णधंजुचांगुकाकासिनन्दनाईक्यावाकसीप्रधानमसरामप्रधान
जयनारायनप्रधानभाजुदेवप्रधानजोगधरप्रधानजसिवन्तप्रधानधनतारीप्रधानगंगाधरषनालहरिलाल
ढुंगानानुलसिरामषनालजलषेश्वरसाहान्याभादगाउँकाढलपाभोदेउप्रधानढलपारत्नप्रधानमोहिनाईक
महन्तनन्दुपाध्यासापकोटाश्रीनीवासपाध्याअवाजवटेकृष्णगेलालसर्वानन्दअधिकारिजयनारायनगे
लालचिन्तामणिपाध्याढुंगानाजगपाध्याढुंगानारघुपाध्याढुंगानासहदेवपाध्याषनालदेउरिषिपाध्याषनाल
धर्मानन्दषनालधंजुजैसीषनालप्रतापसिलजैसिषनालहरिजैसिषनालरामनरसिंमाहान्याभिमनारानम
हान्याअनिरुद्धभंडेलनुवाकोटकाघसाकोमानिसहरुदलथापाथरीकोतपाध्याविश्वनाथपाध्याषनाल
पितांम्वरपाँडेधामिकोछोराजितमानचौधरिवाकानेवारभन्सारिविष्णुनारायननेवारधनपतिपाध्यारिसाल
र्थिधरपाध्याकोईरालासुरमर्दनसिंनेपालविर्तवारलेकिलाभन्दाअर्घ्यालोनचापनुविनाकसिरजवप
नगर्नुजोयसवन्देजमारहोईनसोयसश्लोकमाभन्याकोपातकिहोलास्वदत्तांपरदत्तांवायोहरेद्वसुन्धरां
मर्याष्ठिवर्षसहस्राणिविष्ठायांजायतेकृमिःईतिसम्वत्१८९३सालमितिज्येष्ठशुदि५रोज६शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३.   लालमोहर नं. ३९६ मा

मा. फि. नं. DNA $\frac{13}{87}$

मितिः १८८८ साल आषाढ शुदि ४ रोज ४

विषयः श्री ५ राजेन्द्र विक्रम शाहबाट शिवनारायण ओझा र दयालक्ष्मी ओझालाई वारा, पर्सा जिल्लाका विभिन्न स्थानका जग्गा विर्ता दिएको ताम्वापत्र ।



स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्रविक्रमसाहवहादुर सम्सेरजङ्गदेवानां सदासमरविजयिनाम्
आगे शिवनारायण ओझा के तं श्री आउजूदयालक्ष्मी कजाईनीलाई सम्वत् १८८१ साल फागुन शुदि ५ रोज ... का दिन ... का वाकुलीवाट संकल्प
भयाका सुधेसका जमीन मध्ये विगाहा तिनसय ३०० जमिन जिल्ले पर्सा मोताल्लुके मकवानपुर प्रगन्ना टोकनी मध्ये मौजे लधुमना १ मौजे परसु
१ आ मौजे २ का अवादि विगाहा २०० ... विगाहा १०० जम्मा अवादी वेरानी विगाहा ३०० तस्को चौतर्फि साँध सिमाना किला कोईला मुलुक वरवस्
हात का लगाने नापव मौजीम मेड वंदि दछिन का सिमाना ... का रूख का पछिम मौजे भुडली का पूर्व सिमाना पर मौजे नगर
नी का पछिम पदि किला कोइला १ येस किलादेखि पूर्व ... उत्तर पदि किला कोईला १ तांहा देखि पूर्व वहुयार का रूख
देखि पूर्व सिहूपर सानु भीड पर किला कोईला १ तांहा देखि पूर्व मौजे भेडियाहि का पछिम का सिमाना पर सिगियाही नदी भरने का पछि
म पदि भीड पर किला कोइला १ येस कोइला किलासौं उ... का पछिम पदि ... मजकुर का पूर्व सिमाना सीमर का रूखसौं पूर्व जीमड
का रूख का पूर्व किला कोईला १ तांहा देखी उत्तर ... मौजे मजकुर का ईशान कोना का सिमाना मौजे लौतना का दछिन
पूर्व कोना का सिमाना पर किला कोईला १ तांहासौं पछिम मौजे मजकुर का उत्तर का सिमाना मौजे लौतना का दछिन का सिमाना सौं दछि
जे पिपरा मेगरजिन का दछिन वारी सिमाना पर पिपल का ... सौं पूर्व कग १ पर पेनी का पूर्व किनार किला कोईला १ तांहा देखी दछि
मौजे मजकुर का पछिम सिमाना मौजे भुडली का सिमाना पूर्व एति किलाभित्र नाप यकलावंदी चौतर्फि मौजे लधुमना परसा८
पछिम दखिन का कोन्हि अर्दर सरि ५।१४ तुलर सरी १११ किविगाहा ३०३ दछिन का सिमाना कटहर का रूखसौं उत्तर वहुयारि का सि
माना मौजे भुडली का पूर्व सिमानासौं पूर्व सिगियाहि नदी भरने तक अर्दर सरि १८।१२ तुलर सरी १११ ताके विगाहा २१५॥२ उत्तर पूर्व
का कोन्हि एगारह रसिसौं पूर्व सिगियाहि नदी भरने का पछिम पदि दखिन सिगियाहि नदी भरनेसौं उत्तर मौजे लौतना का दक्षिन वारि
सिमाना पोभर का उत्तर गारि आट तक अर्दर सरि १२।१ तुलर सरी ६।४ ताके विगाहा २४।४ पूर्व का कोन्हि सिगियाहि नदी भरने का प
छिम जीमड का रूखसौं पूर्व सौं पछिम कटहर का रूख तक अर्दर सरी २।१ तुलर सरि ३।६ ताके विगाहा ६॥२ मध्ये दक्षिन भेडियाहि गाउँसौं
पछिम भरने सिगियाहि नदी का किनारा किनारा खरमोरत ...रासि विगाहा ६॥२ मिस्रा गाईका ड गर ८।१ वाँकि विगाहा ६॥१ सवजम्मा अवादी
वैरानी विगाहा तीनसय ३०० को ईस्तक सम्वत् १८८८ साल वैसाख वदि १ रोज देखि गादिम मार खगोड धुका वुभाउन गोदान एति कलम भ
हिकराम अस्तमाल सायर जलकर वनकर ... मौठा सिंगारहा ... दुमच्यो अपुत्ताली मे आमिलान दस्तुर वेठ वेगार स्मेत
माफ गरि सर्वअंक मारि मेटि विर्ता वितलप गरिवक्स्याको ...र ताम्वापत्र गरिवक्स्यौं आफ्ना खातिरजामा सित सँधियार ले थारकिल्ला छुट्या
ई दियाका मोजिमको जमिन आवाद गुलजार गराई पैदावार भयाको तिमी ... विर्तावितलप जानि सन्तान दरसन्तान पर्यन्त पर
मसुख भोग गर एयो विर्ता संकल्प हुदा संकल्पवाक्य पढन्या पुरोहित यदुनाथ पंडित अर्ज्याल पानि हाल न्या श्री जनरल भीमसेन थापा सँ
धला उन्या सँधियार जिल्ले कारिन्दा ... अधिकारी फौजदार काजम थापा पेस्कार भवानिदत्तदास एमधन दास मुन्सी फकवि
लाल पाध्या मौसिद्या उग्रनारायण दास कठेत रतिसदास चौधरी एकलेयदास केसरसिंह ... भवानिदत्तदास कानुगोय का मोहरी रम
हेसदत्त दास जेठार गोसाई भीमगिरि विर्तावार मौजे वहुअरी रघुनाथ उपाध्याय मासे महाल पुरोहित फिस दास मोकदम मौजे भुडली
हरि चौधरि किमिदार प्रगन्ना ... भगनिराम दास पटवारी मौजे गमरिया प्रगन्ना ... विर्तावार ले किला भन्या अर्घालोन
यापनु विनातकसिरजवरजन गर्नु जो येस वंदेजमा रहोईन सो येस लोकमा मन्याको पातकि होला स्वदत्तां परदत्तां वा यो हरेद्वसुन्ध
राम् षष्टिवर्षसहस्राणि विष्ठायां जायते कृमिः इति सम्वत १८८८ साल मिति आषाढ सुदि ४ रोज ४ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. लालमोहर नं. ३९७

मा. फि. नं. DNA $\frac{13}{88}$

मितिः १८९३ साल ज्येष्ठ शुदि ५ रोज ६

विषयः श्री ५ राजेन्द्रद्वारा इन्दु भान्स्यालाई चाँगु र भादगाउँ क्षेत्रका खेत र पाखोवारी विर्ता दिएको ताम्वापत्र।


स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसमशेरजङ्गदेवानां सदा समरविजयिनाम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. लालमोहर नं. ३९८

मा. फि. नं. DNA $\frac{13}{89}$

मितिः १८८८ साल कार्तिक शुदि ३ रोज २

विषयः श्री ५ राजेन्द्र विक्रम शाहबाट पुत्रोत्सवको उपलक्ष्यमा कर्णेल रणवीर सिंहथापालाई नेपालमा विभिन्न क्षेत्रका जगगाहरू विर्ता दिएको ताम्वापत्र।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६.   लालमोहर नं. ३९९

मा. फि. नं. DNA $\frac{13}{90}$ विषयः श्री ५ राजेन्द्रद्वारा उदय गिरीलाई महोत्तरीको विभिन्न काली क्षेत्रका जग्गाहरू विर्ता दिएको संकल्पपत्र।

मितिः १८७७ साल आषाढ शुदि १२ रोज ७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. लालमोहर नं. ४००

मा. फि. नं. DNA $\frac{13}{91}$

मितिः १८८२ साल चैत्र शुदि ३ रोज २

विषयः श्री ५ राजेन्द्र विक्रम शाहबाट बाजेको शुद्धशान्ति र वार्षिक श्राद्धको उपलक्ष्यमा बुवाबाट विष्णु शर्मा पंडित लगायतका व्यक्तिलाई संकल्प गरी विर्ता दिएको जग्गा जमीन मध्ये दिन बाँकी रहेकोलाई पुन विर्ता दिएको ताम्रपत्र


स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजराजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयीनाम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. लालमोहर नं. ४०१

मा.फि. नं. DNA $\frac{13}{92}$

विषयः श्री ५ राजेन्द्र विक्रम शाहबाट गोर्खा एरियाको जग्गा जमीनको तिरो, विदेशी आउँदाको दस्तुर आदि उठाउन र केही अंश आफूले राखी बाँकी सरकारमा दाखिला गर्नका लागि जारी गरिएको आदेशपत्र ८. लालमोहर नं. ४०१

मितिः १९९६ साल द्वितीय ज्येष्ठ वदि १० रोज ६



स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदा
वली विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज राजे
न्द्र विक्रम साह बहादुर सम्सेरजङ्ग देवानां सदा समरविजयिनाम्
आगे मिर्जा नारान् पुतवार केजक्कवीर को सारलतु भडेल दुसालथन्या
रका पोता ढंगोलपोता छलवाकोपोता घोलसा घोलसिकाउ कास्
डुवालपोता महिन्दुवस्यात् कोछापथीत् मुक्ति विक्ति भोट् बाट आया
का महाजनका दस्तुर पसलकावाल बलकनालु पाटको आमदनि
नकदेस काठलवाना इक्याको मःनासि छोप्रा के गोर्खाथ्या सिकाज
गान् महसुल पैसा धक्लार झोड डकूडर खेतको अपुतालि मायेस्मा
सामिको सय रुपैयासीम इजारादार लेखानु बमोजिम थाम्याको इजारावाट
कदर्वार दाखील गर्नु सिवाय राजश्रीक कन्यानधन पेचगन्त बारीक र
खिमकवीर लेचची वेहोराको अगार कम् इस्तकसम्बत् १८९५ सा
ल फागुण सुदि १ रोज देखि सम्बत् १८९६ साल फागुन वदि ३० सम्म
वर्ष १ को सालीक वमोजीम् वेमोजरे ज्मा रुपैया ६८०२ माथेक सा
लाइजारा गरिवक्स्यौं आफना मातिर आमा सगप्रजा महाजन राजि
राखि अधिकारी तद रखी दिवमोजीम अमसूलत हसील गरि किस्तव
किस्त रुपैयापानोसाथा नादाखील गरि आबीर साल नामीलवाकि उ
जाइफारख तिलिड ९५ साल देखि इजारा भित्रको जंगाउथ्याजा खिमो
जरावक्सौला — — — — — — — — — —

तपसील किस्तवन्दी

जुडजाम्	१५००
जेठ वैसाष जेठ किस्ता	१३२५
आषाड श्रावण भाद्र	१३२५
आश्वीन कार्तिक मार्गसीर	१३२५
पौष माघ फागुन किस्ता	१३२७

इति सम्वत् १८९६ साल मिति द्वितिय ज्येष्ठ वदि १० रोज ६ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. लालमोहर नं. ४०२

मा. फि. नं. DNA $\frac{13}{93}$

विषयः श्री ५ राजेन्द्र विक्रम शाहबाट किशन थापालाई दोखा क्षेत्रमा जग्गा जमीन विर्ता गरि दिएको ताम्रपत्र।

मितिः १८८३ साल माघ शुदि ४ रोज ४

श्रीदुर्गा १

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री मह
राजराजेन्द्रविक्रमसाह बहादुर समसेरजङ्ग देवानां सदा समरविजयिनाम्
आगे किसन थापाके · सम्वत् १८ ९२ साल मिति ज्येष्ठ वदि ३ रोज ६ का दिन · आफनु फिनु सावितो दोषाका सम्बल मध्ये · दलकाप दुवल
अधिकारिको कुचिपो कलवुङ लुमनि मुलावारि रः मास्याङग्या खेत मुरि।२० लिलाम्बर फुयालको ठुला खेतको पुछार मुरि।१४ लक्ष्मीधर
फुयालको घरमनि रातमाथ्या खेत मुरि।६ नारद अधिकारिको कुनविपो कलको सिम मुरि।६ सिवदत्त जालको कुनविपो कलको घरमनि
को मुरि।८ प्रेमनारान नेपालको रः लक्ष्मीमाया सहिताको चिहानटी मुरि।८ काभ्र ऋतु अधिकारिको सिमाल्या खेत मुरि।६ मकुछाला
तास्याको पोखरी डाडो।१४ स्यामलाल फुयालको करंग्या खेत मुरि।१४ हरिनारान फु नको टेखेलको गेहा।८ कम्यारा वेराको पालि मुरि
१४ जामुरि।१२ चौगाउमनि पुरंधितालको विरुवा खेत मुरि।३२ सिउठ तकवलो पतिधिमिसाको महेल्याको पुछार
मुरि।१५ सबै जम्मा खेत ११२५ सकोरस्नाउदा · तस्को सन · जिलिको अ ... ज्ञानगी मादरियाको वा
लिस्या खेत मुरि।४४ तिसमु खेत मुरि।१२८ जा खेत मुरि।९२ तस्को सा पुर्व रेकर खेतको आलि साधलु रुकिल · दक्षि
णा रेकर खेतको आलि साधलु रुकिल · पश्चिम · छ्यादि खोलो साधलु रुकिल · उत्तर रेकर पाखो रः जफतिखेतको आलि सा
धलु रुकिल · दफे कदमवारि खेत मुरि।१६ तस्को साध पूर्व · देउपुज्यासोनो सांधलु रुकिल · दक्षिण · जामुन्या खेतको तछे
डुंगो साधलु रुकिल · पश्चिम · जफतिखेतको आलि साधलु रुकिल · उत्तर जफति खेतको आलि साधलु रुकिल · दफे दमा
सितुंटो खेत मुरि।१२५ तस्को साध · पूर्व · मुलवाटो · चिलाउन्याको रुष साधलु रुकिल · दक्षिण · कुलो साधलु रुकिल · पश्चि
म · चिलाउन्याको रुष · रेकर पाखो साधलु रुकिल · उत्तर रेकर पाखो आलि साधलु रुकिल · दफे वडहरमा खेत मुरि।१२
तस्को साध पूर्व · छ्यादि खोलो · चिलाउन्याको रुष साधलु रुकिल · दक्षिण · ठाटि खेतको आलि साधलु रुकिल · पश्चिम
वडहरमा खोलाको साधलु रुकिल · उत्तर · रेकर पाखो · चिलाउन्याको रुष · साधलु रुकिल · यति सबै सिमाना भित्र जम्मा खे
त ११२५ सहा बिर्ता गरि बकस्याको मोहर ताम्रपत्र गरी बकस्यौं आफना षातिरजमासंग बिर्ता जानि सन्तान दरसन्तान प
र्यन्त परमसुख भोग्य गर · यो बिर्ता साध लाउन्या लधियार · पर · घर · प्रयाग दत्त षनाल · काठमाडौका डगोल · भागिवन्त
विमल साहि · किसनधन · जिलिङका ढासा महेश्वर जैसि पुडासैनि · पारि · जगेश्वर जैसि पुडासैनि · रुच्य उपाध्या धिमिसा · दु
गा दास उपाध्या ... गिरि जैसि खतिवाडा · भगिरथ उपाध्या दाहाल · हरि योरको लक्ष्मन नमि सार · लक्ष्मिनारा
न नेवार · रिलडुंका पारि · कंठु उपाध्यालामिछाना · देवु उपाध्या नेपाल · धुर्व जैसि पुडासैनि · रणसिं थापा · श्रीकान्त जैसि
खतिवाडा · अग्निधर उपाध्याय घिताल · याका थापा · विर्ता बारले किला भन्दा अघि लेनौन या पनु · विना तकसिर जवर्दस्ति गर्नु
जो पेस यन्देज मार्नेहेन · सो यस श्लोकमा मन्याको पातकि होला · स्वदत्तां परदत्तां वा यो हरेद्वै वसुन्धराम् · षष्टि वर्ष
सहस्राणि विष्ठायां जायते क्रिमि · इति सम्वत १८ ९२ साल मिति आषाढ शुदि ३ रोज २ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०. लालमोहर नं. ४०३

मा. फि. नं. DNA $\frac{13}{94}$

विषय : श्री ५ राजेन्द्र विक्रम शाहबाट आफ्ना विवाहको उपलक्ष्यमा संकल्प भए बमोजिमकोर फिर्ता गरिदिएको ताम्रपत्र।

मितिः १८९२ साल आषाढ शुदि ३ रोज २



स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदा
वलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराज
राजेन्द्रविक्रमसाहवहादुरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्
आगे गंगारत्नअधिकारिकेसम्वत १८८० सालमितिमाघसुदि ५ रो ७
पकादिनहाम्राविवाहमावाफुलिवाटसंकल्पभयाकोघर १ सहरकाठमा
डौइन्द्रचोकवाबाछेभित्रघरकोभाजुहरूका लवटलाइ लवटवोटीदि
राख्याकोपछि --- १ --- वारनेवारकाघर पातालहरि मांधर सुवेदा
रलाइवासदिराख्याकोसुवेदारले घरवनाइ वस्याकोन्वो साछेभि
त्रकोघर पाताल· तस्कोसांधनि लकोठ पंडितप्याकुन्पालकाघर
पाताल· पूर्वो चिउडे गिरिकाघरर धालापातदेषि पश्चिमराजवि
वारकाघरर साफावोकदेषि उत्तरसिरोमनीअर्ज्यालकावितिघरर
रिननिवारोदेषि पूर्वननिवारोदेषिरछिरायेतिसांधभित्रघरखा ४ हात ३
अंगुल ६ --- २ --- काजिम्विवाहिकवारिपातालखा ७ हात १३ अंगुल
२० मांधरसुवेदारकोवासहानी वितीगरिवक्स्याकोस्मुवाक्ताम्रपत्रग
रिवक्स्यौ वितिजानी संतानपर्यन्तपरमसुषभोगगरयो वितिसंकल्प
गुरासंकल्पवाक्यपढन्यापरोहितरघुनाथपंडीतअर्ज्याल पानीहाल
न्याकाजिदलभंजनपाडेसाधलाउन्यासाक्षियारगरापतिपथहरू
सवोहासरदारकासिनाथउपाध्याभगवतिपंडितराधाकृष्णपंडितप्या
कुन्यालछेभंडेलडिठाकालिदासचन्द्रघिमिरेयाकोहसिंखड्काअर्दली
रुद्रनगरोनरिमालरामनरसिंप्रधान·थाकरथापितकर्मिनायकविन
रसिंलछिभानोरानगोपालप्याकुमनलन्दपतिजनुधंतासिंभगवान
धमदेवउस्यपत्र येसवरकोपानीकानालअघिवल्पाकावारपठाउनुवि
तिवारलेसांधभरा अर्घ्यालोनवापनुविनातकिरजवदनगर्नुजोएसवं
धेजमाएनसोरसहोकमाभन्याकोपातकिहोला स्वदत्तांपरदत्तांवा
योहरेतवसुंधरांषष्टिवर्षसहश्राणिविष्ठायांजायतेकृमि ४ इतिसम्वत
१८८२ सालमितिमाघसुदि ४ रोज ४ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष २०६६/६७ को वार्षिक गतिविधि

इतिहास एवं संस्कृतिको सम्वाहकको रूपमा रहेको अभिलेखात्मक सम्पदा एवं दैनिक प्रशासन सञ्चालनको क्रममा सिर्जना भएका सरकारी कागजातहरू रेकर्डहरू प्राप्ति, सङ्कलन, संरक्षण गरी सुरक्षित तरिकाले राख्ने, अनुसन्धानकर्ताहरूलाई अध्ययन अनुसन्धानको सुविधा उपलब्ध गराउने, तिनको प्रतिलिपि प्रदान गर्ने, अध्ययन अनुसन्धान गर्ने गराउने, प्रकाशित गर्ने गराउने उद्देश्यले स्थापित कार्यालय हो राष्ट्रिय अभिलेखालय। यसका उपर्युक्त उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा यसले वार्षिक रूपमा विभिन्न कार्यहरू गर्दै आएको छ। त्यस्ता कार्यहरू एवं यसका अन्य गतिविधिहरू सर्वसाधारण एवं जिज्ञासुहरूको जानकारीको लागि राष्ट्रिय अभिलेखालयले यसै पत्रिका मार्फत् वार्षिक रूपमा प्रकाशित गर्दै आएको छ। यसै क्रममा यस कार्यालयबाट आ.व. २०६६/६७ मा भए गरेका कार्यहरू एवं यसका गतिविधिहरू यहाँ प्रस्तुत गरिएको छ।

अभिलेखालयको यस वर्षको संकलन हेर्दा हुलाक सेवा विभागवाट पहिलो टाँचा लागेका टिकट केही प्राप्त भएका छन्। पुस्तकालयको लागि ११२ थान पुस्तकहरू खरीद तथा उपहार गरी प्राप्त गरिएको छ।

संरक्षण तर्फ अभिलेखालयलाई प्राप्त हुने कागजातहरूको निरोधात्मक र उपचारात्मक विधि अपनाइ संरक्षण गरेर मात्र स्टयाक हलमा लैजाने र पहिलेदेखि नै संकलनमा रहेका कागजातहरूलाई पनि समय समयमा तिनीहरूको अवस्था हेरी आवश्यक संरक्षण विधि अपनाउने गरिन्छ। अभिलेखालयमा संकलित कागजातहरूलाई पूर्ण वातानुकुलित ए.सी. जडान गरिएको हलमा राखिएको छ। यसवर्ष पनि सधै भैँ हस्तलिखित ग्रन्थ शाखाका ग्रन्थहरू संरक्षण गर्दै जाने कार्यलाई निरन्तरता दिइयो। त्यस्तै गरी ४४ थान गोरखापत्र, २४ थान **The Rising Nepal** र विभिन्न विषयका १३ थान पुस्तकहरू वाइण्डिङ्ग गरी संरक्षण गरियो। पुस्तकालयका पुस्तकहरूको क्याटलगिङ गर्ने कार्यलाई निरन्तरता दिइयो। तिब्बती ग्रन्थहरूको विवरणात्मक सूची तयार गर्ने कार्य पुरा गरियो।

यस वर्ष स्वदेशी ३२ जना र विदेशी ५ जना गरी जम्मा ३७ जनाले ३२५ थान माइक्रोफिल्म अध्ययन गरेका छन्। त्यस्तै १३७ थान ग्रन्थका ११३७ फिट माइक्रोफिल्मको पोजेटिभ प्रतिलिपि, २७८ थान ग्रन्थका २५२२ प्रति रिडरप्रिन्ट र ३ थान ग्रन्थका २३ थान सी.डी मा अनुसन्धानकर्ताहरूलाईप्रतिलिपि उपलब्ध गराइएको छ। यसवर्ष २६ जनाले गोरखापत्रहरूको, ७ जनाले निजामती कर्मचारीको रेकर्ड, १८ जनाले २०३६ सालको मतदाता नामावली, ४८ जनाले कुमारीचोकका कागजात अध्ययन गरी प्रतिलिपि लिएका छन् र ८ जनाले शिलापत्रको लिप्यन्तरण गराएका छन्। सधै भैं यस वर्ष पनि करीव ७५ जना अनुसन्धानकर्ताहरूले यस कार्यालयको पुस्तकालयमा संकलित विभिन्न विषयका पुस्तकहरू अध्ययन गरेका छन्।

अभिलेखालयमा संकलित पञ्चाङ्गका आधारमा प्रदान गरिदै आएको मिति रूपान्तरण तर्फ यसवर्ष २५२ जनाले यो सेवा लिएका छन्।

भौतिक सुधारतर्फ माइक्रोफिल्म भण्डारण कक्ष सुदृढीकरणका साथै शौचालय सुधार कार्य पूर्ण गरियो भने हस्तलिखित ग्रन्थहरूको डिजिटाइजेशन कार्यलाई अझ बढी प्रभावकारी बनाउन एउटा डिजिटाइज क्यामरा, लेन्स, कम्प्युटर, ल्यापटप, स्क्यानर आदि खरिद गरियो। राष्ट्रिय अभिलेखालयको **website** डिजाइन गरियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि विभिन्न जिल्लामा शिलापत्रका उतार र ऐतिहासिक कागजात संकलन टोली पठाइ अभिलेख संकलन कार्यलाई निरन्तरता दिइयो । यस वर्ष प्रमुख श्री भीमप्रसाद नेपालले दाङ् र प्युठान जिल्लाको भ्रमण गर्नुका साथै दाङको रतनपुर मठमा रहेका योगी नरहरिनाथद्वारा संकलित ऐतिहासिक सामग्रीहरूको अध्ययन अवलोकन गर्नु भयो। यसका साथै अनुसन्धान अधिकृत श्री जगन्नाथ उपाध्यायको टोलीले रसुवा र नुवाकोट, पुस्तकालय अधिकृत श्री प्रतिभा मानन्धरको टोलीले रामेछाप, अभिलेख अधिकृत श्री सुभद्रा भट्टराईको टोलीले कास्की र मुस्ताङ अनुसन्धान अधिकृत श्री राजु रिमालको टोलीले धादिङ एवं इलेक्ट्रिकल इन्जिनियर श्री सुरेश श्रेष्ठको टोलीले काभ्रे जिल्लाको भ्रमण गरी ऐतिहासिक कागजात, हस्तलिखित ग्रन्थ एवं शिलापत्र उतार संकलन गर्ने कार्यलाई निरन्तरता दिइयो।

जनशक्ति विकासतर्फ यस वर्ष अभिलेखालयका प्रमुख श्री भीमप्रसाद नेपालले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित स्थानीय निकायको क्षमता अभिवृद्धि सम्बन्धी तालिममा सहभागी हुनु भयो भने पुस्तकालय अधिकृत श्री प्रतिभा मानन्धर भारतको नयाँ दिल्लीमा आयोजित **AITI** तालिममा सहभागी हुनुभयो । जनकपुरमा आयोजित मिथिला महोत्सवमा अनुसन्धान अधिकृत श्री जगन्नाथ उपाध्यायले सहभागिता जनाउनु भयो।

यसवर्ष माइक्रोफिल्मको प्रतिलिपि उपलब्ध गराएवापत र अन्य विविध दस्तुर वापत रु. २७९७८५/- प्राप्त भयो। जसमध्ये रु. ५१९७०/४६ राजस्वखातामा र रु. २२७८१४/५४ रिभल्विङ फण्डमा जम्मा गरियो।

नेपाल जर्मन हस्तलिखित ग्रन्थ सूचीकरण परियोजनाले यस वर्षसम्म ग्रन्थहरूको विस्तृत विवरणात्मक सूचीपत्र तयार गर्ने कार्यलाई निरन्तरता दिदै २०१० को अन्त्यसम्ममा २६५०० सूची इन्ट्रीको प्रक्रिया भैसकेको छ। जसमध्ये २०५०० भन्दा बढी क्याटलग कम्प्युटरमा इन्ट्री गराइएको छ । १५००० चाहिँ पूर्ण भएका छन् । लगभग ६००० सूचीहरू हस्तलिखित अवस्थामा तयार छन्। लगभग २७००० ग्रन्थको लगभग १५०० माइक्रोफिल्म रिलहरू डिजिटाइण्ड भैसकेको छ । तिनीहरू मध्ये १३०० चाहिँ लगभग ५५० डी.भी.डी. मा उपलब्ध छ।

"अभिलेख" पत्रिकाका निम्ति अनुसन्धान मूलक मौलिक लेख-रचनाको माग गरिन्छ, तर लेख(रचना विशेषतःहस्तलिखित ग्रन्थ, अभिलेख, लिपिविज्ञान आदि विषयसँग सम्बन्धित हुनुपर्छ। लेख-रचना अप्रकाशित र प्रामाणिक हुनुपर्छ। लेख रचनासँग सम्बन्धित चित्रहरु पनि समावेश गर्न सकिने छ।

– राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका संवाहक अभिलेखात्मक सामग्री मानवीय ज्ञानसम्पदा हुन् । यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाइ राखौं ।

नेपाल सरकार

संस्कृति तथा राज्य पुन: संरचना मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

फोन : ४२५१३१५, ४२६४३५३

Email: narchives@yahoo.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection